# पहिलो परिच्छेद

# शोधपत्रको परिचय

## १.१ शोध शीर्षक

साहित्यकार रामप्रकाश समथिङको 'मान्छेको पिडा' कथा सङ्ग्रहको अध्ययन तथा विश्लेषण रहेको छ ।

## १. २. शोधार्थी

नरेन्द्रप्रसाद चम्लागाईं, स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली म.र.ब. क्याम्पस इलाम ।

## १.३. शोध-पत्रको प्रयोजन

प्रस्तावित शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको स्नातकोत्तर तहको नेपाली विषयको दोस्रो वर्षको दशौं-पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.४. समस्या कथन

नेपाली साहित्यमा कवि, आख्यानकार, खोज एवम् अनुसन्धानकर्ताका रूपमा स्थापित भएका समथिङ नेपाली साहित्यलाई संख्यात्मक मात्र होइन गुणात्मक दृष्टिले पनि उत्कर्षता प्रदान गर्ने कार्यमा निरन्तर लागिरहेका छन् । नेपाली कविता र कथालाई विश्व साहित्यको सामुमा उभ्याउन खोज्ने कवि, आख्यानकार र खोज अनुसन्धानकर्ता नेपाली साहित्यका अमूल्य निधि हुन । तसर्थ उनको जीवनी, व्यक्तित्व र कृतित्वमा शोधकार्य भइसकेतापनि उनको मान्छेको पिडा कथा संग्रह'को छुट्टै अध्ययन भएको पाइदैन । त्यसैले उनको 'मान्छेको पिडा' कथा संग्रहको विस्तृत अध्ययन र विश्लेषण गर्नु यस शोधकार्यको समस्या हो ।

प्रस्तुत शोधकार्य निम्नलिखित समस्यासंग सम्बद्ध छ । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ ।

क रामप्रकाश समथिङको कथा यात्रा के कस्तो छ ?

ख रामप्रकाश समथिङको मान्छेको पिडा कथा संग्रहमा के कस्ता सामाजिक र मनौबैज्ञानिक समस्या प्रस्तुत गरिएको छ ?

ग रामप्रकाश समथिङको कथाकारिताको विशेषता के कस्ता छन् ?

## १.५. शोधकार्यको उद्देश्य

मुख्यतः शोधकार्यका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहेकाले प्रस्तुत शोधकार्यको समस्याको सुव्यवस्थित एवम् बैज्ञानिक ढंङगले व्याख्या विश्लेषण र समाधान के कसरी गर्ने ? भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न निम्नलिखित उद्देश्यहरू राखिएका छन्:

क. रामप्रकाश समथिङको कथा लेखनको यात्राको अध्ययन गर्नु ।

ख. रामप्रकाश समथिङको 'मान्छेको पिडा' कथा संग्रहमा प्रयोग गरिएको सामाजिक तथा मनोबैज्ञानिक पक्षको समस्याहरूको अध्ययन विश्लेषण गर्नु ।

ग. रामप्रकाश समथिङको कथाकारिताको विशेषताहरूको निरूपण गर्नु ।

## १.६. पूर्वकार्यको संमीक्षा

नेपालको पूर्व मेची अञ्चलको पाँचथर जिल्लामा जन्मिएर पाँचथरको विभिन्न स्थानमा शिक्षा ग्रहण गरी स्नातकसम्मको शिक्षा हासिल गरेको समथिङले नेपाली साहित्य एवम् खोज अनुसन्धानमा उच्चतम मूल्य बोकेका कथा लेखेका छन् । उनका कथाका बारेमा छुट्टाछुट्टै रूपमा विस्तृत र सुव्यवस्थित अनुसन्धान भने भएको पाइदैन । उनका कथाका बारेमा जे जति अध्ययन विश्लेषण भएको छ त्यो केवल परिचयात्मक रूपमा मात्र भएको देखिन्छ । यसै क्रममा समथिङका कथाका बारेमा भएका चिनारी भूमिका र कृति विश्लेषणका केही पूर्वकार्यहरूको चर्चा यहाँ गरिएको छ ।

१. रेणुकृष्ण अधिकारीले रामप्रकाश समथिङको जीवनी, व्यक्तित्व र कृतित्व नेपाली विभाग धरानको अप्रकाशित स्नातकोत्तर सोधपत्र (२०६६) मा समथिङको नेपाली विषयका साहित्यिक र खोज अनुसन्धानमुलक कृतिहरूको संक्षिप्त परिचय दिइ उनका जीवनमा देखिएका कुरालाई अध्ययन विश्लेषण गरिएको छ ।

२. पूर्वेली भण्डारी एकराज, विष्फोटन चौमासिक साहित्यिक पत्रिका (वर्ष ०३ अंक ०६, २०६६/२०६७) मा समथिङको 'मेरो मात्रै भनेको त उसको पनि बुढी त उस्तै पो रहिछे' भन्ने कविताको विश्लेषण गरेका छन । यसमा उनले समथिङ सामाजिक विषयवस्तुलाई लिएर कथा लेखन कार्य पनि अगाडि बढाइ रहेका छन् भनिएको छ ।

३. भवानी तावा, विष्फेटन चौमाशिक साहित्यिक पत्रिका (वर्ष ०३ अंक ०६, २०६६/२०६७) मा समथिङको 'जड्या लोग्ने र दिनचर्या' मा 'उनी एक कुशल साहित्यकार हुन् र कथा लेखन समेत सक्रिय रहेका छन्' भनिएको छ ।

४. लक्ष्मी शेर्मा पापो, विहानीको किरण त्रैमासिक साहित्यिक पत्रिका (वर्ष १९, अंक ०४, २०६८) मा 'समथिङ–कविता संग्रह नियालेर हेर्दा' एक समिक्षात्मक लेख प्रकाशन गरेका छन । यसमा 'उनी

विशेषत खोजमूलक लेख्छन् । साथै साहित्यिक सिर्जना पनि अविच्छिन्न रहेको छ । कतिपय लेख रचनाहरू मनोविश्लेषणात्मक पाइन्छ । उनि समाज, समुदाय, राष्ट्र समुन्नत देख्न चाहन्छन्' भनिएको छ ।

५. डुलुराज बस्नेत 'पाँचथर शिक्षा दर्पण' (२०६६) मा 'पाँचथर जिल्लामा रहेर आफ्नो सामु विभिन्न साहित्यिक लेख रचनाहरू मार्फत चिनाउन सफल रहेका र उनका कथा, कविता खोजमूलक कृतिहरूले समाजलाई सभ्य र सचेत बनाउन प्रयासरत रहेका छन्' भनिएको छ ।

यसरी विभिन्न विद्वान् तथा समालोचकले समथिङका कृतिका बारेमा परिचयात्मक रूपमा सामान्य जानकारी गराएतापनि उनको 'मान्छेको पिडा' कथा संग्रहको विस्तृत अध्ययन, विश्लेषण र मूल्याङ्कन भएको देखिदैन । त्यसैले यस शोधकार्यमा समथिङको 'मान्छेको पिडा' कथा संग्रहको कृतिपरक अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

रामप्रकाश समथिङको कथा कृतिको अध्ययनमा केन्द्रित भइ 'मान्छेको पिडा' कथा संग्रहको हालसम्म कसैले पनि अध्ययन नगरेको हुनाले यस कृतिमा रहेका विविध कार्यलाई अध्ययन गर्नु आवश्यक छ । यसलाई बैज्ञानिक एवम् सुव्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिने भएकोले आउँदा पिँढीलाई उनका यी कृतिहरूको बारेमा बस्तुगत एवम् प्रमाणिक जानकारी उपलब्ध हुनेछ । प्रस्तुत शोध-पत्रको अध्ययनबाट उनका 'मान्छेको पिडा' कथा संग्रहको बारेमा जान्न इच्छुक व्यक्ति, संघ संस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गरिएको छ ।

यसरी नै नेपाली साहित्यका कथा लेखनको इतिहाँस मूल्याङ्कन गर्ने क्रममा यस शोध-पत्रले समथिङलाई कथाकारको रूपमा स्थापित गर्न सहयोग पुऱ्याएकोछ । साथै यस शोध-पत्रले 'मान्छेको पिडा' कथा संग्रहको चिनारी गराउन पनि सहयोग पुगेको छ । उपर्युक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण, महत्वपूर्ण र उपयोगी भएको छ ।

## १.८. प्राक्कल्पना

कथाकार समथिङले कविता, कथा, समालोचना र लेख जस्ता क्षेत्रमा सशक्त रूपमा कलम दौडाएका छन् । उनले नेपाली साहित्यको सिर्जना र समालोचना दुबै क्षेत्रमा उन्नत कृतिहरू दिएर नेपाली वाङमयलाई विकसित, उर्वर र उन्नत बनाउन ठूलो योगदान दिएका छन् । नेपाली साहित्यको कथा विधालाई फस्टाउन नेपाली कथा विधामा नयाँ विरुवाको वीजारोपण गर्न र विकसित गराउन सर्जक समथिङका रचनाहरू सार्थक र प्रभावकारी देखिन्छन् । साहित्य साधन समथिङका कथाहरूले नेपालको शैक्षिक, राजनैतिक, सामाजिक, साँस्कृतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति तथा विसंगतिलाई प्रष्ट्याउन सफल भएका देखिन्छन् ।

८.१ 'मान्छेको पिडा' कथा संग्रहमा नेपाली समाजको सामाजिक र मनोवैज्ञानिक यथार्थवादको पृथक रूपमा प्रयोग गरिएको छ ।

८.२ समथिङ एक सामाजिक यथार्थवादी, मनोबैज्ञानिक, मानवतावाद, नारीवाद, उत्तरआधुनिकवाद जस्ता प्रवृत्तिलाई निरन्तरता दिने साहित्यकार हुन् ।

बौद्धिक व्यक्तित्वको बौद्धिक प्रदर्शन गरिएको 'मान्छेको पिडा' कथा संग्रहको आधारमा रामप्रकाश समथिङलाई एक सफल कथाकारको रूपमा चिनाइएको छ ।

## १.९ शोधकार्यको सीमाङ्कन

नेपाली भाषामा प्रकाशित रामप्रकाश समथिङको मान्छेको पिडा (कथा संग्रह-२०६९) मा प्रयोग भएको पात्रहरूको सामाजिक, आर्थिक र मनोबैज्ञानिक पक्षको अध्ययन गरिएको छ । यस शोधपत्रको प्रथम भागमा परिचय, दोस्रो भागमा कथाकार समथिङको संक्षिप्त परिचय, तेस्रो भागमा कथाका सिद्धान्तहरू, चौथो भागमा मान्छेको पिडा कथा संग्रहको विविधकोणबाट अध्ययन विश्लेष्ण गरिएको र अन्त्य भागमा शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## १.१० शोधविधि र सामग्री संङकलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न पुस्तकालयीय विधि, क्षेत्रीय अनुसन्धान विधि अन्तर्गत सम्बन्धित स्रष्टाका परिवार, इष्टमित्र, प्रश्नावली, उनका मौखिक अन्तवार्ता र पत्रपत्रिकाको प्रयोग गरिएको छ । त्यसैगरी उहाँलाई विशेष रूपमा चिन्ने प्राध्यापक एवम् गुरुहरूबाट उनका बारेमा जानकारी लिइएको छ । खोज अनुसन्धान विधि पनि प्रयोग गरिएको छ । मान्छेको पिडा (कथा संग्रह) मा रहेको सामाजिक र मनोबैज्ञानिक पक्षको विश्लेषण गर्न पूर्वीय तथा पाश्चात्य कथाको सिद्धान्तको प्रयोग गरिएको छ । उनका बारेमा भएका प्रकाशित र अप्रकाशित शोध ग्रन्थहरूबाट पनि उचित सामाग्री लिइएको छ ।

## १.११ शोध-पत्रको रूपरेखा

प्रस्तुत शोध-पत्रको संरचनालाई सु-संगठित र व्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदहरूमा बर्गीकरण गरी अध्ययन गरिएकोछ । साथै शोध-पत्रको अन्तिम संरचना पनि निम्नलिखित परिच्छेदगत रूपमा विभाजन गरी सम्पन्न गरिएकोछ ।

पहिलो परिच्छेदः- शोध परिचय

दोश्रो परिच्छेदः- साहित्यकार रामप्रकाश समथिङको संक्षिप्त परिचय

तेश्रो परिच्छेदः- कथाको सैद्धान्तिक पक्ष एवम् तत्वहरू

चौथो परिच्छेदः- साहित्यकार रामप्रकाश समथिङको 'मान्छेको पिडा' कथा संग्रहको अध्ययन तथा विश्लेषण

पाँचौ परिच्छेदः- उपसंहार तथा निष्कर्ष ।

## १. १२ शोध समयावधि

| | | |
|---|---|---|
| क | सामग्री संङ्कलन | ०१ महिना |
| ख | सङ्कलित सामाग्रीलाई सिलसिलेवार लेखन | ०१ महिना १५ दिन |
| ग | साफी गर्ने | १५ दिन |
| घ | टंकण र शुद्धीकरण गर्ने | ०१ महिना |
| ङ | शुद्धीकरण गरी अन्तिम रूप दिने | ०१ महिना |

यसरी शोधकार्यका लागि जम्मा एक सय पचास दिन समय लाग्न सक्ने अनुमान गरिएको छ ।

★

## दोस्रो परिच्छेद

# साहित्यकार रामप्रकाश समथिङको परिचय तथा साहित्यिक यात्रा

## २.१ साहित्यकार रामप्रकाश समथिङको परिचय

साहित्यकार रामप्रकाश समथिङको न्वारानमा पुरेतले जुराई दिएको नाम चेतप्रसाद, पछाडि आमा बावुले राखी दिएको नाम रामबहादुर र लेखनमा लागेपछिको नाम गुरुङ रामप्रकाश समथिङ हो । निजको जन्म विक्रम सम्वत २०२६ साल माघ २९ गते बुधबारका दिन आमा स्व. जसमाया गुरुङ र बावु असलबहादुर गुरुङका तेश्रो सन्तानको रूपमा पाँचथर जिल्लाको नांगिन गा.वि.स. वार्ड न. ०२(हाल ०८) जरिंङ्गे फूलबारी भन्ने गाउँमा भएको हो । अत्यन्तै गरीब परिवारमा जन्म लिएका समथिङले आफ्नो जीवनको बाल्य अवस्थामा अत्यन्तै दुःख र कष्ट व्यहोर्नु परेका कुरा उनका प्रकाशित कृति समथिङका वितेका क्षणहरू (संस्मरण) बाट स्पष्ट थाहा पाउन सकिन्छ । समथिङको बाल्य अवस्थामा ठूलो हुँदासम्म पनि बोली नआएको कुरा थाहा हुन आउँछ । उनको लगभग ०८ वर्षको उमेरमा मात्र बोली फूटेको कुरा उनका उक्त प्रकाशित कृतिबाट थाहा पाइन्छ ।

समथिङ लगभग १० वर्षको उमेरदेखि मात्र घर नजिकैको पुलभञ्ज्याङ प्राथमिक विद्यालयमा कक्षा ०१ मा अध्ययन गर्न शुरु गरेको कुरा उनका समथिङका वितेका क्षणहरू (संस्मरण) कृति मार्फत थाहा हुन्छ । उनले त्यस विद्यालयमा तीन कक्षासम्म अध्ययन गरेका थिए । त्यसपछि उनी कक्षा ०४ मा पढ्नको लागि श्री सिद्धदेवी माध्यमिक विद्यालय नांगिन पिपलबोटेमा नाम लेखाई पढाईलाई अगाडि बढाउन लागेका थिए । (त्यति बेला सानै कक्षादेखि थोरै भएपनि मासिक शुल्क तिर्नु पर्दथ्यो) तर दुर्भाग्यवंश विचरा समथिङले आफना आमा बावुको आर्थिक स्थिति कमजोरीका कारण कक्षा ०४ को मासिक शुल्क र परिक्षा शुल्क बुझाउन नसकेर अर्धबार्षिक परिक्षा दिन नपाई विद्यालयबाट रुदै-रुदै किताब कापी बोकेर घर फिर्नु परेको थियो । त्यस पश्चात उनी केही वर्ष घरमा नै बसेर घरमा पालिएका गाई, गोरु, भैसी र भेडाबाखाहरू चराउने र खेतीको काममा आमा र बावुलाई सघाउँदै आफ्नो दिनचर्याहरू विताउन थाले । तर उनलाई यति हुँदा पनि पढ्न रहर भने आफ्नो मनबाट हटेको थिएन । त्यसैले केही वर्ष पश्चात उनले फेरि आफ्नो घरमा आमा बावुलाई केबल विद्यालय जाने समय मात्र मागेर विद्यालयमा लाग्ने मासिक शुल्क, किताब, कापी, कलम र पोशाक सबै आफै व्यवस्था गर्ने गरी समय मागे । उनका आमा बावुले पनि ठिकै छ आफै व्यवस्था गरेर पढछ भनेर समय मिलाई दिए । त्यस पश्चात उनले एक चोटी कक्षा चारबाट कक्षा सातमा नाम लेखाई पढन शुरु गरे । त्यो विद्यालयमा पढाईमा लाग्ने खर्चको लागि उनले विद्यालय विदाको दिनमा गाउँमा खेताला गएर कुखुराको चल्ला मागी त्यसैलाई ठूलो बनाएर बेच्ने र आफ्नो खर्च चलाउने काम गर्न थाले । यसरी कुखुराको चल्ला किन्दै र बेच्दै गर्दा त पछि-पछि उनी यति प्रख्यात भए कि नांगिन गा.वि.स.मा मात्रै होइन छिमेकी गा.वि.स.

सिदिनको तालखर्कका मानिसहरूले पनि कुखुरे साइला भनेर चिनिन थाले । यसरी उनले आफ्नो विद्यार्थी जीवनमा धेरै ठूलो संघर्ष गरेर आफ्नो पढाईलाई विद्यालय स्तरमा अगाडि बढाउने काम गरेका थिए ।[१]

साहित्यकार रामप्रकाश समथिङ विभिन्न सामाजिक संघ संस्थाहरूमा आवद्ध भई सामाजिक क्षेत्रमा समेत उत्तिकै संलग्न भएको छ । वि.स. २०५२ साल भदौदेखि मानव अधिकार चेतना र विकास केन्द्र (हुकोडेक) नेपाल पाँचथरमा कार्यालय सहायक, कार्यक्रम संयोजक, लेखा संयोजक, बरिष्ठ सामाजिक परिचालक, फिल्ड संयोजक, सचिव हुदै कोषाध्यक्ष हालसम्म, द रेयूकाई नेपाल फिदिम उप शाखाको सह-सचिव २०५३, द रेयूकाई नेपाल शान्ति त्रैमासिक पत्रिका काठमाडौंको सम्वाददाता-२०५४, नारी विकास संघ पाँचथरको लेखा संयोजक २०५५-२०५७, नेपाल रेडक्रस सोसाइटी पाँचथरको आजिवन सदस्य-२०५५ देखि हालसम्म, मानव अधिकार संयुक्त संरक्षण मञ्च पाँचथर संस्थापक सचिव-२०५५-२०५९, तमू छोंज धि. पााचथरका सचिव २०५५-२०६५, सगर साहित्यिक त्रैमासिक विरगंजका आजिवन सदस्य २०५६ देखि हालसम्म, नेपाल पत्रकार महासंघ पाँचथर शाखाका सदस्य, कोषाध्यक्ष र दुई पटक केन्द्रिय पार्षद-२०५६-२०६७, बायोनिक इनर्जी प्रा.लि. पाँचथर शाखाका जिल्ला संयोजक २०५८, नेपाल वातावरण पत्रकार समूह पााचथर शाखाका संस्थापक सचिव-२०५८, मानव अधिकार तथा शान्ति समाज पााचथर शाखाका संस्थापक सचिव/सल्लाहकार २०५८-२०६१, क्षितिज नाट्य समूह केन्द्रिय समिति, पााचथरका महासचिव २०५८-२०६०, नेपाल भारत मैत्री संघ पााचथर शाखाका संस्थापक सचिव-२०६४, पााचथर सामाजिक सेवा केन्द्र (पासोसेक) नेपाल, पााचथरका अध्यक्ष- २०६४, कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि. फिदिम, पााचथरका सचिव-२०६४ देखि हालसम्म, र पााचथर सामुदायिक पुस्तकालय फिदिम, पााचथरका संरक्षक सदस्य- २०६६ देखि हालसम्म, नौलो साहित्यिक विहान प्रतिष्ठानको आजिवन सदस्य- २०६८ र सामुदायिक सेवा केन्द्र पाँचथरको आजिवन सदस्य- २०६९ दर्जनौ संघ संस्थामा रही थुप्रै कार्य तथा अनुभवहरू साहित्यकारले बटुल्नु भएकोछ ।

## २.२ साहित्यकार रामप्रकाश समथिङको व्यक्तित्वको अध्ययन

कुनैपनि कार्यमा सफलता हासिल गर्न जो कोहीलाई सहज हुँदैन । सबै प्रकारका कार्यमा सबैले सफलता प्राप्त गर्न पनि सकिरहेका हुँदैनन् । कुनैपनि व्यक्तिहरूलाई व्यक्तित्व निर्माणमा पनि सहजता हुँदैन । हरेक व्यक्तिमा रहेको अरुलाई प्रभाव पार्न सक्ने आन्तरिक तथा बाह्य क्षमता वा निजीपनलाई नै व्यक्तित्व भनिन्छ । व्यक्तित्व निर्माणमा बिशेष गरी दुई कुराहरू रहन्छन् । पहिलोः वंश परम्परा र समाजमा मानव घुलमिल हुँदै जाँदा मानिसको व्यक्तित्व बन्दै जान्छ । दोश्रोः परिवारको चालचलन, धर्म-संस्कार संस्कृति आदि तत्वहरूले पनि व्यक्तिमा हिसाबले सम्मान गर्दछन् । उनी अन्याय, अत्याचार, शोषण र दमन गर्नेहरूको चर्को विरोध गर्दछन् । साना, समाजमा हेपिएकाहरूलाई माया तथा स्नेह र

[१] रेणुकृष्ण, अधिकारी, साहित्यकार गुरुङ्ग रामप्रकाश समथिङ्गको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन , (अप्रकाशित शोधपत्र) म.र.व. क्याम्पस भद्रपुर, २०६६ पृ. १६- १७

उनीहरूलाई सक्दो सहयोग गर्नुपर्दछ भन्ने उनको धारणा छ । सामाजिक अन्याय र अन्धविश्वासमा परेर पिल्सिएकाहरूलाई सहयोग गर्दै पूँजीपतिहरूसँग कहिल्यै नझुक्ने बानी भएका समथिङ समग्रमा समाजका निम्न वर्गप्रति सहानुभूति राख्ने विचार भएका व्यक्तित्व हुन् ।[२]

उनी अरुलाई झ्वाटै विश्वास गर्नु आफ्नो कमजोरी पक्ष भएको महसुस गर्दछन् । यसरी अरुलाई झ्वाट्टै विश्वास गर्दा आफूले जीन्दगीमा ठूलो धोका आएको उनी बताउँछन् । त्यस्तै अल्छे, कुनैपनि काममा मेहनत नगर्ने, आफ्नो काम लगाएर श्रमिकका श्रमको उचित मूल्याङ्कन नगर्ने आम्दानी भन्दा बढी खर्च गर्ने, पढाइलाई ध्यान नदिएर फेसन देखाएर हिंड्ने, आर्थिक कारोबार प्रष्ट नगर्ने, आफूले पाएको जिम्मेवारी पूरा नगर्ने, मादक पदार्थ खाएर जथाभावी बोल्ने अनि गाउँ-घर, छरछिमेक र इष्टमित्रहरलाई दु:ख दिने जस्ता कुलत मार्गमा लागेका व्यक्तिहरूलाई समथिङ मन पराउँदैनन । उनको व्यक्तित्वलाई चिनाउनको लागि यहाँ बुदागत रूपमा छुटाएका विश्लेषण गरिएको छ ।

### २.२.१. सामाजिक व्यक्तित्व

साहित्यकार समथिङ सानै उमेरदेखि नै कसैसँग झै-झगडा नगर्ने एकदमै मिलनसार व्यक्ति हुन् । उनले कसैलाई दु:ख दिने काम गरेको देखिदैन आफूभन्दा सानालाई सही मार्गदर्शन गर्ने र ठूलाबाट आफूले सही मार्ग दर्शन लिने उनको अत्यन्तै राम्रो बानी भएको देखिन्छ । समाजमा कसैले झै-झगडा गर्दै गरेका भए त्यहाँ गएर मध्यस्थता गर्ने उनको बानी छ । समाजमा भइरहेका अन्याय, अत्यचार, शोषण र दमनहरूको भण्डाफोर गर्न उनी सधैं जागरुक हुन्छन् । यसरी हेर्दा वास्तवमा उनको समाजसेवी व्यक्तित्व पनि एक महत्वपूर्ण व्यक्तित्व देखिन्छ । समाजका असहाय, निम्नवर्गका व्यक्तिहरू, असक्त र महिलाहरूको विशेष सम्मान गर्नुपर्ने कुरामा पनि समथिङ बढी जोड दिन्छन् । दु:खी गरीबजन प्रति सहानुभूति प्रकट गर्ने सामाजिक सद्भावका धनी समथिङ समाजसेवी भावनामा जसरी असाय र असक्तहरूका भावनाहरूलाई शिरोधार्य गर्दै शारीरिक रूपमा सवल सक्षम व्यक्तिहरूले मगन्ते रूप धारण गरेर हिंडेको देखे भने त्यस्ता व्यक्तिहरूलाई कर्मठ पाखुरीको सदुपयोग गर्न र स्वभिमानी नेपाली भएर बाँच्नुपर्ने कुराको सन्देश दिन्छन् । गरीब, दु:खी र असहायले बगाएको पसिनाको कदर गर्दै उनी त्यस्ता व्यक्तिहरूलाई सम्मान गर्न चाहन्छन् । साहित्यकारमा यो सामाजिक सेवाको भावना विद्यार्थी अवस्थादेखि नै जागरुक हुँदै आइरहेको देखिन्छ । समाजप्रति उत्तरदायित्व बोकेर समाजको उत्थानका लागि सम्भव भएसम्मको सहयोग र सद्भाव राख्नु पर्ने धारणा उनको छ । समाजको उन्नति नै राष्ट्रको उन्नति हो भन्ने भावना पनि साहित्यकारमा रहेको देखिन्छ । सामाजिक सेवा गर्नुपर्छ भन्ने भावना बोकेका समथिङ उनी कर्ममा विश्वास राख्ने व्यक्ति हुन् । सामाजिक सेवा गर्नुपर्छ भन्ने भावना बोकेका समथिङ सर्वसाधारणका लागि पनि प्रिय व्यक्ति बन्न पुगेका छन् ।[३]

---

[२] ऐजन, पृ १७-१८

[३] ऐजन पृ. १९

### २.२.२. साहित्यिक व्यक्तित्व

साहित्यकार रामप्रकाश समथिङलाई साहित्यमा कलम चलाउनको लागि कसैको पनि प्रभाव र प्रेरणा मिलेको देखिदैन । उनी जब एस.एल.सी. उर्तीण गरेर उच्च शिक्षा हासिल गर्नको लागि पाँचथर बहुमुखी क्याम्पसमा प्रवेश गरे । त्यतिबेला फिदिमको पुस्तक पसलहरूमा 'रङ्गमञ्च' भन्ने पत्रिका पाइन्थ्यो । उनले त्यो पत्रिका अध्ययन गर्दै जाँदा मुक्तक र कविताहरू पढ्न पाए । त्यही उनलाई प्रेरणाको विषय बन्यो ।  उनले पनि केही मुक्तक तथा कविता लेखेर प्रकाशन गर्ने विचार गरे । त्यसबेला पाँचथर बहुमुखी क्याम्पसमा 'अनेरास्ववियू' प्रारम्भिक कमिटिले 'विद्यार्थी सन्देश' भन्ने एउटा हस्तलिखित पत्रिका प्रकाशित गर्दथ्ये । साहित्यकार समथिङले वि.स. २०४९ साल श्रावण १५ गते 'विद्याथी' नामक गद्य कविता लेखेर उक्त पत्रिकामा प्रकाशित गरी आफ्नो साहित्यिक यात्राको शुभारम्भ गरेका हुन् । तत् पश्चात उनलाई अझै मनोबल बढ्दै गएर अरु-अरु अंकमा 'विद्यार्थी र 'निमुखा नेपाली जनतालाई आज' जस्ता गद्य कविता प्रकाशित गरी आफ्नो साहित्यिक यात्रालाई अघि बढाएका हुन् । त्यस बेला पाँचथर क्याम्पसबाट प्रकाशन गर्ने हस्तलिखित भित्ते पत्रिकाका तीन वर्षसम्म प्रधान सम्पादकको जिम्मेवारी समेत बहन गरेका थिए । पाँचथर बहुमुखी क्याम्पसमा त्यसबेला 'नौलो साहित्यिक विहानी ' पाँचथरले साहित्यिक कार्यक्रम चलाउने गर्दथ्यो । त्यस कार्यक्रममा समथिङले पनि मुक्तक र गद्य कविता सुनाउने गरेको देखिन्छ । उनले वि.स. २०५६ सालमा पाँचथरबाट प्रकाशन हुने 'रोशनी साहित्यिक मासिक पत्रिका' मा 'दारी' शीर्षकको मुक्तक प्रकाशन गरेका थिए । [४]

### २.२.३ कवि व्यक्तित्व

साहित्यकार रामप्रकाश समथिङले लेखेको पहिलो कविता 'विद्यार्थी' गद्य कविता हो । उक्त कविता वि.स. २०४९ साल श्रावण १५ गते पाँचथर बहुमुखी क्याम्पसमा अनेरास्ववियू' प्रारम्भिक कमिटिद्वारा प्रकाशित हस्तलिखित पत्रिका 'विद्यार्थी क्रान्ति' र निमुखा नेपाल जनतालाई आज' भन्ने दुईवटा गद्य कविता प्रकाशन गरेका छन् । यी तीनवटै कविता उनको समथिङ कविता सङ्ग्रहमा सङ्ग्राहित भएको देखिदैन । पछि गएर समथिङले वि.स. २०६० साल फाल्गुण २० गते 'दियो' त्रैमासिक साहित्यिक पत्रिकामा 'खै त ?' नामक गद्य कविता प्रकाशन गरेर आफ्नो कविता यात्रा अघि बढाएको देखिन्छ । यस्तै गद्य कविताहरूको संगालो 'समथिङ-कविता सङ्ग्रह'-२०६७ उनले कृतिका रूपमा प्रकाशित गरेका छन् । यस कृतिमा जम्मा १० वटा कविताहरू संग्रहित छन् । यो संग्रह उनको साहित्यिकको प्ररम्भिक चरण हो ।

[४] ऐजन पृ. २१

### २.२.४ पत्रकार व्यक्तित्व

साहित्यकार समथिङको साहित्यसँगै पत्रकारिताको क्षेत्रमा पनि योगदान दिएका छन् । उनले पत्रकारिता सम्बन्धी गरेको योगदानको मूल्याङ्कन गर्दै नेपाल पत्रकार महासंघ जिल्ला शाखा पाँचथरले वि.स. २०६७ साल फाल्गुणमा उनलाई कदर-पत्र प्रदान गरी सम्मान गरेको छ भने नेपाल आदिवासी पत्रकार महासङ्घ पाँचथरले पनि २०६८ साल भदौमा प्रशंसा पत्र सहित सम्मान गरेको छ । उनले पत्रकारिताको क्षेत्रमा २०५६ सालदेखि हालसम्म नेपाल पत्रकार महासंघ जिल्ला शाखा पाँचथरका सदस्य, कोषाध्यक्ष र दुई पटक केन्द्रीय पार्षद, 'द रेयुकाई शान्ति त्रैमासिक पत्रिका' का सम्वाददाता पनि भएका छन् । २०५६ साल देखि 'सगर साहित्यिक त्रैमासिक पत्रिका' पर्साका आजिवन सदस्य समेत बनेका छन् । वि. सं. २०५८ देखि २०५९ सम्म नेपाल वातावरण पत्रकार समूह शाखा पाँचथरका संस्थापक सचिव र सचिव पदमा समेत रहेर काम गरेको देखिन्छ । यसरी पत्रकारिताको क्षेत्रमा समथिङले विभिन्न पदमा रहेर काम गर्दै आएकाले पत्रकारिता सम्बन्धी पनि योगदान रहेको देखिन्छ । [५]

## २.३ साहित्यकार रामप्रकाश समथिङको साहित्यिक यात्रा

"हुने विरुवाको चिल्लो पात" भने झैं साहित्यकार रामप्रकाश समथिङ सानै उमेरदेखि नै साहित्यमा लागि परेको भने देखिदैन । जब उनी एल.एल.सी. उत्तीर्ण गरेर उच्च शिक्षा हाँसिल गर्नका लागि पाँचथर बहुमुखी क्याम्पसमा प्रवेश गरे तब फिदिम बजारका पुस्तक पसलमा पाइने मासिक पत्रिका 'रङ्गमञ्च' अध्ययन गर्न थाले । त्यस पत्रिकाबाट समथिङलाई कुनै न कुनै लेख रचनाहरू लेख्न र प्रकाशन गर्न प्रेरणा मिल्यो । त्यस समयमा पाँचथर बहुमुखी क्याम्पसमा 'अनेरास्ववियू' प्रारम्भिक कमिटीले विद्यार्थी सन्देश' भन्ने हस्त लिखित पत्रिका प्रकाशन गर्दथ्यो । त्यही पत्रिकाको बर्ष १ अंक १.१५ श्रावण २०४९ मा विद्यार्थी नामक शीर्षकको कविता प्रकाशन गरेर उनले साहित्यिक यात्राको शुभारम्भ गरेका हुन् । तत् पश्चात् उनले त्यही पत्रिकामा अरु दुईवटा कविता 'विद्यार्थी क्रान्ति' र निमुखा नेपाली जनतालाई आज' प्रकाशित गरेको देखिन्छ । फेरि केही बर्षपछि २०५६ सालमा पाँचथर फिदिमबाटै प्रकाशन हुने 'रोशनी साहित्यिक हवाई मासिक पत्रिकामा 'दारी' नामक एक मुक्तक प्रकाशन गरेर आफ्नो साहित्यिक यात्रालाई अघि बढाउने काम गरेका छन् ।

कोही भन्छन् मेरो बोके दारी

त

कोही भन्छन् मेरो लट्टा दारी

त

कोही भन्छन् भ्याप्से दारी

त

मेरो लागि यही हो गरीखाने बारी

अझ

मेरा मायालुहरूको लागि

त

यही हो रमाउने फूलबारी ।

---

[५] ऐजन पृ. २२-२३

यसरी साहित्यिक यात्रालाई अघि बढाउने क्रममा साहित्यकारले उदयपुर जिल्लाबाट प्रकाशित हुने 'नब उदय साप्ताहिक पत्रिका' मा 'राजनीतिक र नेता' र 'नेपाली महिलाको स्थिति' भन्ने दुईवटा लेखहरू प्रकाशन गरिसकेपछि उनी साहित्यिक यात्रालाई बिसाएर अर्थोपार्जनका लागि विभिन्न संघ संस्थातिर लागेको पाइन्छ । अनि फेरि वि.स. २०६० फाल्गुण २० गते 'दियो' त्रैमासिक साहित्यिक पत्रिकामा 'खै त ?' शीर्षकको गद्य कविता प्रकाशित गरेर साहित्यिक यात्रालाई अघि बढाउन खोजेको देखिन्छ । त्यसपछि अघि बढेको उनको यात्रा २०६५ मा गएर बडेको देखिन्छ । त्यसपछि उनले साहित्यिक यात्रालाई दिएको निरन्तरता अहिलेसम्म पनि चलिरहेको देखिन्छ । आजसम्ममा उनले साहित्यिक कृति र खोज मुलक कृति गरी जम्मा २१ प्रकाशन गरिसकेको छन् भने अन्य फुटकर लेख रचनाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएको पाइन्छ । समथिङका पुस्तककार कृतिको सूची यस प्रकार छ ।

१ छ सय एक सभासद र नेपाल- २०६५

२ पाँचथरका आदिवासी जनजातिहरू- २०६६

३ पाँचथरका शिक्षा दर्पण- २०६६

४ प्रारम्भिक सहकारी शिक्षा- २०६६

५ दलित जातीय लेख संग्रह- २०६६

६ पाँचथरका माझी जाति- २०६६

७ लभलेटरका लागि अचार- २०६६

८ विद्यार्थीहरूका आँखामा राम्रा शिक्षा- २०६७

९ समथिङ- कविता संग्रह- २०६७

१० पाँचथर, पाँचथरका स्रष्टा र उहाँहरूका प्रकाशित कृतिहरू- २०६७

११ गैर सरकारी संस्था दर्ता र सञ्चालन- २०६७

१२ दलित जातिसम्बन्धी सामान्य जानकारी- २०६७

१३ समथिङका वितेका क्षणहरू- २०६७

१४ सेक्स लेख र समथिङ- २०६७

१५ हाम्रो सामाजिक परिचालन- २०६८

१६ मान्छेको पिडा- कथा संग्रह- २०६९

१७ सहकारीमा बचतको महत्व २०७०

१८ दोस्रो संविधानसभा निर्वाचन २०७०

| | | |
|---|---|---|
| १९ | मेची महाकाली यात्रा | २०७० |
| २० | तथ्याङ्कमा पाँचथर | २०७० |
| २१ | ओ माइ गड सेक्स | २०७१ |

यसरी उनका हालसम्म २१ वटा कृतिहरू प्रकाशन भइसकेका छन । जसमा खोज एवम् अनुसन्धानात्मक कृतिहरू १६ वटा, संस्मरणत्मक कृति दूइवटा, कविता संग्रह दूइवटा र कथा संग्रह एकवटा प्रकाशित भइसकेका छन् । उनका अन्य कृतिहरू पनि प्रकाशोन्मुक अवस्थामा रहेका छन् ।

## २.४. समथिङ्गका कथागत प्रवृत्ति

- **सामाजिक यथार्थप्रतिको रुचि**

कथाकार समथिङ्ग समाजकै यथार्थलाई टड्कारो रूपमा व्यक्त गर्दछन् । समाजमा रहेका ठुलाठालु, हाकिम, साहुमहाजन आदिको शोषण प्रवृत्ति, अन्याय, अत्याचार र व्यभिचार प्रवृत्तिले समाजमा कति नराम्रो नंग्रा गाडेको छ त्यसको चिरफार र व्यङ्ग्य विद्रोह गर्छन् । निम्न र निम्न मध्यम परिवारको कारुणिक अवस्था र यिनीहरू माथि समाजका ठालु वर्गले गर्ने शोषण दमनको उनी पर्दाफास गर्छन् । गरीब परिवारप्रति शोषण, अत्यचार र अनेक हिनता क्रियाकलापको चित्रण उनको कथामा पाइन्छ । जेहोस् समाजकै विकृति, विसङ्गती र रुग्णताजन्य अवस्थाको सटीक वर्णनद्वारा त्यस्ता प्रवृत्तिको अन्त्य हुनुपर्ने र समाज स्वस्थ र राम्रो हुनुपर्ने कुरामा जोड दिनु नै समथिङ्गको कथा लेखनगत उद्देश्य हो । उनी समाजकै यथार्थ प्रकट गर्दै समाजलाई सुन्दर पार्ने दृष्टि प्रस्तुत गर्दछन् । यसरी समाजको यथार्थ हेराई उनको कथाकरिताको मुल प्रवृत्ति हुन पुगेको छ ।

- **यिनका कथामा समाजका विभिन्न स्थितिका व्यक्तिहरूको मनोविज्ञान प्रस्तुत छ**

यिनका पात्रहरू सामाजिक छन् र ती पात्रहरू एकै प्रकारका नभइ विविध खालका छन् । र तीनका मानसिकता पनि विविधतायुक्त पाइन्छ । जस्तै-यौनमनोविज्ञान र बालमनोविज्ञानलाई समावेश गर्ने काम यिनले विविध खालका पात्रद्धारा सम्पन्न गरेका छन् तर यी समसामायिक घटनाबाट उत्प्रेरित छन् । त्यसैले विविध मनोविज्ञानको प्रयोग गरेको पाइन्छ ।

- **afnhuTf\sf ;d:ofx¿ syfdf b]vfOPsf x'G5g\ afnsx¿sf klg cfkmg} ;d:ofx¿ x'G5g**

ती समस्या जन्मिने विविध कारणहरू हुन्छन् । ती कारणचाँही सामाजिक समस्यालाई मान्दछन् । “म एच.आइ.भि संक्रमित हुँ” शीर्षकको कथामा श्यामेको नाजुक पारिवरिक स्थितिमा बाबु आमा विहीन टुहुरो केटोको पारिवारिक जिम्मेवारिलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै सानो उमेरमा अपमानित धने पछि गएर उसकै कडा परिश्रमले धनबहादुर सरमा परिणत हुनु पनि सामाजिक रुढीवादी

संस्कार नै बनेको छ। यसरी वालकमा कुन कुराले मानसिक समस्या उब्जाईदिन्छ। त्यसको कारण के हो यहि कुराको राम्रो चित्रण उनको कथामा भएको हुन्छ।

- **यौनको सहज विश्वसनीय पक्षमा यिनले जोड दिएका छन्**

यिनका कथामा यौन सहज र विश्वसनीय रूपमा आएको छ । कोइरालाको कथा कर्णेलको घोडामा पशुको प्रविष्ट गराएर यौनको चित्रण गर्दा अस्वभाविक जस्तो देखिन्छ तर यिनले यौनलाई मानिसमै सिमित गरेको र मानवीय रूपमै आएको अनुभुति दिने खालको अनि यौनका बारेमा पनि विशिष्ट पक्षलाई नटिपेर कामको सिलसिलामा विदेशिएका नेपाली युवाको श्रीमतीहरूले घरमा बसेर आफ्नो यौन चाहनालाई पूरा गराउन खोजेका छन् जसले समाजमा विकृति ल्याएको छ ।

- **यिनका कथाको कथानक ढाचा रैखिक छ**

यिनका कथाहरू सहज रूपमा एकपछि अर्को हुदै आदि मध्य र अन्त्यको क्रममा राखिएको पाइन्छ ।

- **सरल भाषाको प्रयोग**

यिनको भाषा सरल छ । पारिवरिक वातावरणको प्रभावले गर्दा बरु स्थानीय भाषाको प्रभाव परेको पाइन्छ । कतिपय ठाँउमा ठेट भाषाको समेत प्रयोग गरिएको पाइन्छ । त्यती भएर पनि यिनी दुर्बोध्य छैनन् र भाषालाई क्लिष्ट बनाउने प्रवृत्ति यिनमा पाइदैन ।

- **पात्रहरू निम्न सामाजिक स्तरका छन्**

यिनका कथामा रहने पात्रहरू अत्यन्त निम्न स्तरका रहेका छन् । साधारण किसान दैनिक बनिबुतो गर्ने मान्छे, कुल्ली, ज्यामी र विदेशिएका नेपाली युवाहरूलाई कथाका प्रमुख पात्रको रूपमा लिइएको छ । त्यसैले यिनका पात्रहरू सबै दुःखित, पिडित र सामाजिक समस्याबाट आक्रान्त भएका निम्न स्तरका छन् । यस्ता निम्न स्तरका पात्रका माध्यमबाट समाजका विद्यमान विसमता, असन्तुलन, विसंगती र समाजका अत्यन्त कारुणिक जीवनको चित्रण गरेका छन् । समाजका अध्यारा पक्षलाई देखाउने रुन्चे पात्रहरूको चयन गरि समाजको वास्तविक यथार्थलाई देखाएका छन् ।

- **गाउँ र सहर दुवै क्षेत्रलाइ कार्यपीठिका बनाइएका छ**

विशेषत यिनका कथामा गाउँ, सहर र विदेशलाई समेत कार्यपीठिका वनाएका छन् । यिनका कथामा सबै पात्रहरू गाँउमै जन्मिएर कामको शिलशिलामा सहर र विदेशी भूमिमा समेत रमेको पाइन्छ । कुनै कथामा भने ग्रामिण परिवेशमा नै समाएको पाइन्छ ।

- **सामाजिक गतिशीलतामा जोड दिएको छ**

समाज गतिशिल हुनुपर्छ भन्ने धारणा समथिङ्ग परम्परागत अन्ध संस्कृति पूरानो विचारधारा आदिको अन्त्य गरेर समाजमा नयाँ आस्था र विश्वास प्राप्त गर्न आर्थिक विषमता रहित वर्गविहीन आदर्श समाज सिर्जनाका लागि गतिशील हुनुपर्ने विचारमा जोड दिन्छन् ।

- **उनले कथामा नेपाली समाजको आर्थिक द्वन्द्वलाई जीवन्त रूपमा चित्रण गरेका छन्**

हाम्रो जीवन र समाज अर्थतन्त्रमा आधारित हुने हुँदा समाजमा रहेका आर्थिक पक्षलाई समथिङ्ग बढी जोड दिन्छन् । अतः उनका कथामा विशेषतः आर्थिक द्वन्द्व सामाजिक ढाँचासँग सम्बद्ध हुन्छ । समाजमा दलित दलाह शोषित र शोषक दुइ वर्ग छन् र तिनका बिचमा अन्तरद्वन्द्वपूर्ण स्थिति छ । समाजमा आर्थिक वितरण समान रूपमा हुन नसकेकाले नै प्रगति हुन सकेको छैन । समाजमा बढी भन्दा बढी दलित , पिडीत र गाँस बास र कपासका निम्ती रुने दःखिहरू छन् र जती बढी त्यस्ता मानिस समाजमा रहन्छन् त्यती समाजको विकाश हुन सक्दैन त्यसैले नयाँ विचारधारालाई ल्याएर मात्र त्यस्ता पूराना विचारधारालाई हटाउन सकिन्छ । यसरी धनी र गरीब बीचको दुरीलाई अत्यन्त फराकिलो पार्ने तत्व अर्थ नै हो । यस्तो सामाजिक संरचनामा रहेको त्रुटिलाई आर्थिक द्वन्द्वले समाज विकशित हुन सक्दैन भन्ने धारणा रहेको समथिङ्ग आफ्ना कथामा पात्रहरूको माध्यमबाट आर्थिक द्वन्द्वलाई देखाउनमा प्रमुखता दिन्छन् ।

- **उनको राजनैतिक चेतनाको पृष्ठभूमिमा सामाजिक समस्या प्रस्तुत गरेका छन्**

उनले राजनैतिक चेतनालाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् । “जनयुद्ध र रामेको अधरो सपना” जस्तो कथामा राजनैतिक र जातीय चेतना बढी छ । तापनि विश्व राजनैतिक चेतनालाई कलात्मक र नाटकीय रूपमा प्रस्तुत गरिएको छ । यस्ता राजनैतिक चेतनाकै रूपमा नेपाली समाजको गरीबी र जातीय समस्यालाई मार्मिक तथा व्यङग्यपूर्ण बनाई प्रस्तुत गर्न सक्नु उनको कथाकारिताको सफलता हो । यसरी सामाजिक समस्यालाई राजनैतिक चेतनाको  पृष्ठभूमिमा प्रस्तुत गर्न समथिङ्ग निपूर्ण छन् ।

- **उनले गरीबी र यसबाट उत्पन्न हुने जटिल समस्यालाई व्यापक रूपमा प्रस्तत गरेका छन्**

गरीबी समथिङ्गको कथाको मुख्य क्षेत्र हो । यसैले नेपालको वस्तविकतालाई बुझ्न गरीबहरूलाई नै हेर्नु पर्ने हुन्छ । त्यसैले समथिङ्ग गरीब जीबनको चित्रणमा केन्द्रित छन् । आर्थिक विषमतामा आधारित समाज व्यवस्थाको विरोध गर्दै आर्थिक दवाबमा परेका गरीबहरूको कारुणिक जीवनको चित्रण गरेका छन् । सामन्ती वर्गको विरोध र व्यङ्ग्य गर्दै गरीब प्रति सहानुभूति राख्ने काम समथिङ्गले गरेका छन् ।

) **वेदना, पीडा र अन्य संवेगहरूको समायोजन उनका कथामा गरिएको पाइन्छ**

मानिस हृदय भएको प्राणी भएकाले समाजका हरेक कुराले उसको हृदयमा प्रभाव पार्दछ । त्यसैले मानिसमा वेदना, पीडा र अन्य विभिन्न संवेगहरू हुन्छन् र त्यस्ता संवेगहरूलाई पनि समथिङ्गले आफ्ना कथामा घटनाका साथ साथै चित्रण गरेका हुन्छन् ।

) **नारीमा देखिएका यौन समस्याको चित्रण गरिनु**

समथिङ्गका कथाहरू "पोइला नगएर के गर्नु त" र "खाइस केरा ! हर्के विदेश गएर !" मा आफ्ना श्रीमान्हरू कामका शिलशीलामा विदेश गएपछि स्वदेशमा बस्ने श्रीमतीहरूको यौन चाहनाले उग्ररूप लिएपछि महिलाहरूले सामाजिक संस्कारलाई तोड्दै आफुखुसी गर्न थालेको घटनालाई उनले मार्मिक रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नुपर्दा समथिङ्गका सामाजिक यथार्थवादी कथामा ग्रामीण तथा शहरीया जीवनका तडकभडक आर्थिक दुरावस्था, मूल्यहिनत, नैतिकतामा परिवर्तन जस्ता सन्दर्भको प्रस्तुती पाइन्छ । त्यस्तै तल्ला वर्गका मानिसप्रति माथिल्ला वर्गका मानिसले गर्ने शोषण दमन जस्ता वर्गीय चेत फेला पर्दछ । उनका यौनवादी दृष्टि,समाजवादी यथार्थ, सामाजिक यथार्थ, प्रकृतवादिता, नवयुगीन नवचेतनावाद, नारीवादिता जस्ता मिश्रित प्रवृत्तिहरू रहेको पाइन्छ । मनोविज्ञानको चित्रणको क्रममा रतिरागात्मकता र दमित विकृत कामवासनाको परिणतिको चित्रण पाइन्छ । आञ्चलिकता यिनका कथामा पाइने स्थानीय रङ्गको विशेषता हो । पहाडको सुन्दर चित्रण यिनका कथामा भेट्न सकिन्छ । यिनै विशेषताहरूको सन्दर्भमा यिनी नवयुगीन एक उत्कृष्ट कथाकार हुन पुगेका छन् ।

★

## तेस्रो परिच्छेद

# कथाको सैद्धान्तिक पक्ष

## ३.१. पृष्ठभूमि

कथाको परम्परालाई पहिल्याउदै जाने हो भने अलिखित रूपमा रहेका लोककथासम्म पुग्न सकिन्छ । मानव सभ्यताको आरम्भसंगै मानिसले कथा भन्ने र सुन्ने क्रम पनि सुरु गरेको मान्न सकिन्छ । यसै क्रममा विकसित लोककथा र दन्त्यकथालाई आधुनिक कथाको विकासको पृष्ठभूमिमा हेर्न सकिन्छ । जेहोस् आज हामी जुन प्रकारका कथालाई कथाको संज्ञाले परिचित गराउँछौं त्यस्तो कथाको जन्म ईशाको उन्नाइसौं शताब्दीमा अमेरिकामा हथर्न र एड्गर एलेन पो.ले गरेका हुन् । त्यसैले आज कथाका नामले अविछिन्न रूपमा परिचित नेपालीमा यही प्राचीन लोककथा (Flok Talc) नभएर आधुनिककथा (Short Story) हो । यही (Short Story) लाई पर्यायवाची शब्दका रूपमा कथा भन्ने शब्दले नेपालीमा ठाउँ लिएको छ । कतिपय समीक्षकले (Short Story) को सोझो रूपान्तर गरि लघुकथा भन्ने नाम दिन्छन् । तर त्यो उपयुक्त छैन । बरु नेपाली कथा भन्ने शब्दले नै यसलाई चिनाइन्छ । लघु कथा चाहिँ हाल चलेको (Mani-Short Story) को पर्यायवाचि शब्दका रूपमा प्रयोग गर्न सकिन्छ । [६]

लिखित साहित्यको पूर्वपीठिकाका रूपमा रहेको लोकसाहित्यको लोककथालाई लिखित कथासाहित्यको विकासमा पृष्ठभूमिको रूपमा लिने ऐतिहासिक तथ्यलाई निर्विवाद रूपमा स्वीकार्न सकिन्छ । कथा साहित्यको विकास प्रक्रियालाई हेर्दा प्राचीन युगदेखि चलेको भन्ने र सुन्ने लोककथा त्यसपछि वीरगाथा युगमा चलेका गाथाचक्रको अनुकरणमा लेखिएका अलङकृत प्रवन्ध काव्य (महाकाव्य-खण्डकाव्य) समेतलाई कथासाहित्यको प्रारूप पहिल्याउने प्रसङ्गमा लिन सकिन्छ । प्राचीन पूर्वीय तथा पाश्चात्य साहित्यमा यस्ता अनेक महाकाव्य तथा आख्यानात्मक पद्यबद्ध र गद्य रचना देखापरे । जसमा कथा साहित्यको प्रारम्भिक चेष्टा आरम्भ भएको देख्न सकिन्छ ।

मध्य युगमा आएर प्राचिन पद्यबद्ध साहित्यले नयाँ मोड लियो । फलस्वरूप गद्यमा आएर अभिव्यक्त हुन थाल्यो । परिणामस्वरुप यसै गद्य विधाको उन्नतिसंगै कथा साहित्यको पनि थालनी र विकास भयो ।

पाश्चात्य समाज जब-जब मानव-मस्तिष्कको विवेकले सचेष्टता प्राप्त गर्दछ तव त्यहाँ नवजागरणको युग सुरु हुन्छ । यसै पृष्ठभूमिमा प्राचिन युगको प्रतिक्रियास्वरूप मध्ययुगको थालनी हुन्छ । मध्ययुगको मूल साहित्यिक उपलब्धि पनि गद्य विधा नै हुनजान्छ । यस अवस्थामा गद्यमा वृत्तकथा तथा आख्यानहरू लेखिन्छन् जसलाई आधुनिक कथाको साहित्यको प्रारम्भिक उपलब्धी मान्न सकिन्छ ।

---

[६] श्रीराम न्यौपाने, नेपाली कथा र उपन्यास (पैरवी प्रकाशन, २०६७, काठमाण्डौ) पृ. ३

यस्तै मध्ययुगीन रोमाञ्चक अतिरञ्जक आख्यान परम्पराबाट आधुनिक लामा-छोटा कथा साहित्यको जन्म हुन्छ । अठारौं शताब्दिदेखि यता भने कथा साहित्यका फाँटमा पनि कथा (Short Story) र उपन्यास (Novel) का विभिन्न अस्तित्व देखापर्छ । पारिभाषिक तात्पर्यका दृष्टिले पनि कथा साहित्य अन्तगर्तका कथा र उपन्यासका आकारप्रकारका आधारमा भिन्नाभिन्नै अर्थ प्रकट हुन्छन् ।[७]

## ३.२. कथाको परिभाषा

यति भएर पनि १६ औं शताब्दियता पश्चिमी साहित्यबाट पूर्वीय साहित्यमा विस्तारै फैलिएको कथालेखनको प्रभाव आधुनिक आर्यभाषा र साहित्यमा परेको देखिन्छ । यहाँ पूर्वीय एव् पाश्चात्य विभिन्न विद्वानहरूले व्यक्त गरेका टिप्पणीहरू उद्धृत गरी कथाको स्वरूप निर्धारण गरिएको छ ।[८]

- 'आवेग र उत्तेजनामा नलागीकन आफ्नो स्वतन्त्र अध्ययनद्वारा वचनमय तपस्या सिद्ध गर्न सकिने तथा सत्य, शिव र सुन्दर हुने आख्यानलाई कथा भनिन्छ ।' - महाभारत
- 'आख्यायिका उच्छ्वासमा विभाजित भएको, मीठो संस्कृत गद्यमा लेखिएको, उदात्त अर्थ प्रदान गर्ने कतैकतै वस्त्र र अपरवस्त्र छन्दको प्रयोग भएको र नायक स्वयंद्वारा सत्य घटना वृत्तान्त वर्णन गरिएको आख्यायिका हो भने कथाचाहिँ वस्त्र र अपरवस्त्र छन्दरहित, उच्छ्वासमा विभाजित नभएको र नायक स्वयंद्वारा वृत्तान्त वर्णन नगरिएको हुन्छ ।' भामह
- 'आख्यायिका र कथा गरी गद्यका दूई भेद मानिए तापनि यी दुई समान विधा हुन् । एउटामा नायकले स्ववृतान्त भन्छ; अर्कामा भन्दैन । यो कुनै दुईमा भेदक तत्व होइन । वस्त्र र अपरवस्त्र छन्दको प्रयोग पनि भेदक लक्षण होइन । कथा र आख्यायिका एउटै जातिका दुईवटा नाममात्र हुन् ।' -दण्डी
- 'दिपक, उपमा, श्लेषजस्ता अलङ्कारले अलङ्कृत भाषामा लेखिएको कथाले कसको मनलाई हरण गर्दैन यो त चञ्चल हाउभाउले युक्त भएकी तथा स्वयं अनायास नै शैयामा प्रवेश गरेकी अभिनवा बधूझैं हो ।' -वाणभट्ट
- 'पूराण एवम् आख्यानका लागि प्रसिद्ध मानिएका प्रबन्धकल्पना, कथा, प्रबल्लिका, प्रहेलिका र आद्ययायिका गरी आद्ययानविधाका पाँच भेद छन् ।' - अमरकोश
- 'परिकथा, खण्डकथा र संकलकथा गरी कथा तीनवटा छन् । अनेक वृत्तान्त वर्णनयुक्त रचनालाई परिकथा, एक देशीय वर्णनमात्रको खण्डकथा र विविध फलागमको उद्देश्य लिएर लेखिएको सकलकथा हो ।' - आनन्दबर्द्धन
- 'कथामा सरस वस्तु हुनपर्छ । गद्यमा लेखिएको तर कतैकतै आर्या छन्द र वस्त्र-अपरवस्त्र छन्दको प्रयोग भएको हुनुपर्छ । प्रारम्भमा पद्यद्वारा देवताहरूको नमस्कारात्म मङ्गलाचरण गरिएको एवम् दूर्जनको निन्दा र सज्जनको प्रंशंसा पनि गरिएको हुनपर्छ ।' - आचार्य विश्वनाथ

[७] श्रीराम न्यौपाने, नेपाली कथा र उपन्यास (पैरवी प्रकाशन, २०६७, काठमाण्डौ) पृ. ४

[८]. ऐजन पृ.१-३

- बाणभट्टको 'कादम्बरी' र 'हर्षचरित', दण्डीको 'दशकुमारचरित', सुबन्धुको 'वासवदत्ता', अम्बिकादत्त व्यासको 'शिवराज विजय' जस्ता रचनाहरू कथाकै नमूना हुन् ।

पश्चिमी साहित्यमा कथा भनेर सट् स्टोरीलाई लिइन्छ । यो प्राचीन कालदेखि नै ' इसवस् फेवल, प्यारावल (वाइबल), न्यारेटिभ, इपिसड, टेल, एनेक्टु' आदि रचनासंगै विकसित भएको छ । पश्चिमी साहित्यमा व्यक्त कथासम्बन्धी परिभाषा यसप्रकार छन् :-

- 'एक बसाइमा पढी सकेन, छोटो इतिवृत्तात्मक, पाठकका लागि प्रभावकारी, आफैंमा पूर्ण रचना कथा हो ।' - एडगर एलेन पो

- 'बीस मिनेटमा पढिसकिने सानो काल्पनिक आख्यानको खण्डविशेष कथा हो ।' - बेल्स

- 'कथा कुनै एक चरित्रको जीवनको कुनै एक मार्मिक प्रसङ्गको सङ्क्षिप्त रस नाटकीय रूपमा गरिएको प्रस्तुतिकरण हो ।' -जे.डम्लू लीन

- 'कुनै निश्चित परिणाम भएका सङघर्ष विशेष वा सङक्रमणमा परेका पात्रको मूलतः कलात्मक रूपले प्रतिपादन गरिने इतिंवृत्त कथा हो जसले स्वद्देश्य र मानसिक जटिलतामा भरिदिएको वस्तु र चरित्र भएको रचना विशेषलाई चिनाउँछ । -ब्लाँस

कथा सम्बन्धी हिन्दी र नेपाली समीक्षकहरूको टिप्पणी यस्तो रहेको पाइन्छ ।

-"कथा एउटा रचना रमणीय उद्यान होइन जहाँ थरी-थरीका फूल र बुटा-बुटी हुन्छन् । यो त एउटा फूलले सजिएको गमला हो ।" -प्रेमचन्द

- कथा एउटा स्वतः पूर्ण रचना हो जहाँ एकै तथ्य वा प्रभावलाई अग्रसर गर्ने व्यक्ति केन्द्रित घटना वा घटनाहरुको आवश्यक उत्थान, पतन र मोडनका साथै पात्रहरूको चरित्र माथि प्रकाश पार्ने वर्णन हुन्छ । -बाबु गुलाव राय

- कथा एउटा सानो आँखिझ्याल हो, जहाँवाट एउटा सानो सुन्दर संसार चियाइन्छ । थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको पानी हो । यो पनि एउटा संसार हो र महान् संसार हो ।

-लक्ष्मीप्रसाद देवकोटा

-कुनै एउटा पात्रका जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो ।"

-गुरूप्रसाद मैनाली

-"कथा कलात्मक इतिवृत र अनन्त आभाष दिएर पाठकमा चाख जगाइराख्ने तथा घटनाको निवृतिसमेत गर्ने कृति हो ।" ईश्वर बराल

-"कथामा चरित्रचित्रण गर्दा यसले साधारण तथा सानो कुरामा निर्भर गर्दछ, यसले चरित्रको एउटा अङ्कमात्र राम्ररी देखाउँदछ, कथा पढ्न धेरै समय लाग्दैन किनभने यो सानो हुन्छ र छिट्टै पढी सकिन्छ ।"

-बालकृष्ण पोखरेल

आज ज्ञानविज्ञान, मिथक समाज आदि क्षेत्र भित्रका जीवनका विविध घटनाक्रमहरूलाई आख्यान बनाई प्रस्तुत गर्ने गद्यविधा नै कथा हुन पुगेको छ । कथा मानव जीवनको शास्त्रीय विवेचना नभई चरित्रका माध्यमद्वारा सामाजिक जीवनलाई प्रस्तुत गर्ने छोटो, सरल तर स्वयंमा पूर्ण विधा हो ।

## ३.३ कथाका संरचनागत तत्वहरू

कथा रूप र अर्न्तवस्तुको सीमान्तकृत रूप हो । अर्थात कथालाई सबल र पूर्ण बनाउन त्यसको शैली, रूप, पात्र, घटना आदि थुप्रै संरचक घटनाहरूको आवश्यकता पर्दछ । यसमा निश्चित रूपमा यति नै तत्वहरू हुन्छन् भन्ने कुरामा मतमतान्तर देखिएको छ । तैपनि कथानक पात्र, द्वन्द्व, परिवेश, जीवनदृष्टि, उद्देश्य, कौतुहल, भाषाशैली, शीर्षक आदि तत्वले कथा विधा बनेको हुन्छ । यहाँ केही तत्वको उल्लेख गरिएको छ ।

### ३.३.१. कथावस्तु

कथामा संरचक घटनाहरूमध्ये कथावस्तु वा कथानक स्थूल र सबल घटना हो । आख्यानात्मक विधामा यसलाई अनिवार्य तत्व भनिन्छ । कथामा विचार वा उद्देश्य प्रस्तुत गर्ने मूल आधार नै कथावस्तु हो । कथावस्तुमा घटनाहरू संश्लिष्ट भई शृङ्खलित रूपमा घटित भएका हुन्छन् तिनिहरू सूक्ष्म विन्दुवाट क्रमशः चरमोत्कर्षमा पुग्दछन् । यति भएर पनि कथाको कथाबस्तुले एउटा खास घटनाको प्रस्तुतिलाई मूल आधार बनाएको हुन्छ । अर्थात् जीवनको कुनै एक महत्वपूर्ण घटनालाई कथामा प्रतिविम्वित गरेको हुन्छ । कथानकमा कार्यकारण सम्बन्धका आधारमा घटनाहरूको प्रस्तुति हुने हुनाले कथाकारको तर्क, कल्पनाशक्ति र बौद्धिकताको प्रशस्त प्रयोगको सम्भावना रहन्छ । मनोविश्लेषण प्रधान कथाहरूमा क्षीण कथावस्तुको प्रयोग गरिन्छ । तैपनि कथावस्तुलाई पूर्णतः नकारिएको हुँदैन । अकथावादी यस अवस्थामा पनि मूर्त र ठोस कथावस्तु हुनु अत्यावश्यक छ । पात्र र घटनाबीच कार्यकारण सम्बन्ध प्रस्तुत गर्ने काम कथावस्तुले गरेको हुन्छ । यसरी पात्रको परिचय वा व्यक्तित्व मनस्थिति वा मनोदशा, परिवेश, स्थिति वा अवस्था आदिको वर्णनवाट कथावस्तुको निर्देशन गराइएको पाइन्छ । [९]

कथामा इतिहास पूराण यथार्थ समाज, कल्पना आदि कुनै स्रोतवाट कथावस्तु निर्माण गरिएको हुन्छ । कथावस्तुको विकासमा आदि मध्य र अन्त्यको सङ्गठन मिल्नुपर्छ । प्राय : पहिलो नै र पछि घटेका घटनालाई पछि नै कालक्रमिक रूपमा वर्णन गरेर अगाडि बढे यस्ता कथावस्तुलाई तत्क्षणीक कथारेखा भनिन्छ । घटेका घटनाको समयक्रम कथामा वर्णित घटनाक्रमको विन्याससंग नमिल्ने स्थितिलाई परिवर्तित कथारेखा भनिन्छ । यस्ता कुनै कथामा पूर्वद्दीप्ति देखिन्छ । यसरी हेर्दा कथावस्तु क्रमशः जटिल र रैखिक हुन पुग्दछन् ।

---

[९] श्रीराम न्यौपाने, नेपाली कथा र उपन्यास (पैरवी प्रकाशन, २०६७, काठमाण्डौ) पृ. ४

### ३.३.२ चरित्रचित्रण

कथावस्तु आफै अगाडि बढ्दैन । चरित्रचित्रणले विभिन्न घटनाहरूसंगै कथावस्तुलाई अगाडि बढाउँदछन् । पात्रको उपस्थितिले जीवनका बाह्य र आन्तरिक प्रकृतिलाई प्रकट गर्ने गर्दछन् वस्तुप्रधान नभएका चरित्रकेन्द्रित कथामा त यसको अत्यन्त ठूलो महत्व देखिन्छ । जेहोस् कथामा कथावस्तुले मागे जति तर थोरै चरित्रहरूको उपस्थिति पाइन्छ ।

कथा भित्रका पात्रहरूको प्रत्यक्ष कार्य, संवाद र लेखकीय वर्णनवाट चरित्रचित्रण प्रस्तुत हुन्छ । चरित्र सम्बन्धी तथ्याङ्क जुटाई पात्रको शैलीवैज्ञानिक वर्गीकरण गर्न सकिन्छ । यसमा लिङ्ग, (स्त्री, पुरुष), कार्य (प्रमुख, सहायक, गौण), प्रवृत्ति (अनुकूल, प्रतिकूल), स्वाभाव (स्थिर, गतिशिल), जीवनचेतना ( प्रत्यक्ष, नेपथ्य), आबद्धता (बद्ध, मुक्त) जस्त आधार लिई पात्रको विश्लेषण र मूल्याङ्कन गरिन्छ । कथावस्तु अनुकुल पात्र चयन हुनुपर्छ । ऐतिहासिक, पौराणिक र सामाजिक विषयलाई पात्रले सहज र सुहाउँदो बनाउने गर्दछ । [१०]

### ३.३.३ परिवेश

परिवेशलाई देश, काल र वातावरण भनिन्छ । कथामा दृश्यात्मक पद्धति अपनाउदा देशकाल आउने गर्छ । चरित्रका क्रियाकलाप र घटनाको सन्दर्भसंग कथा वातावरणले चालचलन रीतिस्थिति, आचरण, स्वाभाव, भेषभूषा, सोचाई, रहनसहन, जीवनपद्धति, धार्मिक-साँस्कृतिक र राजनैतिक सन्दर्भ आदिलाई प्रतिबिम्वित गर्दछ । कथामा परिवेश समाख्यानात्मक र दृश्यात्मक जुनसुकै विधिवाट पनि प्रस्तुत हुन सक्छ । यसरी पात्र र कथावस्तु अनुकूलको जीवन्त परिवेशको आयोजना कथामा भएको हुन्छ ।

### ३.३.४ उद्देश्य

अन्य साहित्यिक विधाभ्कै कथा पनि सोद्देश्य लेखिन्छ । जीवनको कुनै खास घटनाको चित्रण गर्नु नै कथाको उद्देश्य हो । उपदेश दिने, सत्यको उद्घाटन गर्ने, समय सापेक्ष विचार दिने, मनका तहहरूको विश्लेषण गर्ने, प्रगति वा व्यङ्ग्य प्रस्तुत गर्ने आदि काममा कथाकारको उद्देश्य स्पष्ट हुने गर्दछ । कुनै कथा केबल मनोरञ्जन, नैतिक उपदेश वा शिक्षा र कुनै सामाजिक परिवर्तनका लागि प्रगतिवादी विचार दिने उद्देश्यका हुन्छन् । जीवन र युगको सापेक्षमा उभिएर कथाले समाजका धार्मिक, राजनैतिक, सामाजिक, साँस्कृतिक, आर्थिक वैज्ञानिक आदि विषयको परिचय दिएको हुन्छ । यही जीवनको सत्यानुभूति कल्पना र शिल्पका मध्यवाट प्रस्तुत गर्नु नै कथाको उद्देश्य हो ।

[१०] श्रीराम न्यौपाने, नेपाली कथा र उपन्यास (पैरवी प्रकाशन, २०६७, काठमाण्डौ) पृ. ४

### ३.३.५ कथनपद्धति

विषयलाई प्रस्तुत गर्ने ढङ्ग वा तरिका कथनपद्धति हो । कथामा आएका घटना पात्रका कार्यव्यापार तथा परिवेशलाई प्रस्तुत गर्ने विधिहरू समाख्यानात्मक र दृश्यात्मक गरी दुई प्रकारका हुन्छन् ।

समाख्यानात्मक विधि भनेको वर्णात्मक विधि हो । कथामा पात्रको परिचय, पृष्ठभूमि, कार्यव्यापार, सोचाई, मनका तर्क, क्रियाप्रतिक्रिया, घटनाले पारेको असर र त्यस्ता घटनावारे उसको अभिवृद्धिलाई कथाकार आफैले वणर्न गरेको पनि हुन सक्छ वा कथाभित्रका कुनै पात्रले पनि बयान गरेको हुन सक्छ । यस किसिमका वर्णनवाट कथ्य प्रस्तुत हुने विधि समाख्यानात्मक विधि हो । यस विधिमा समाख्यानात्मताले पात्रको भौतिक तथा मानसिक पृष्ठभूमिको बयान, कार्यहरूको वर्णन, टिप्पणी र मनभित्र पसेर पात्रका मानसिक वृत्तिहरूका केस्राकेस्रालाई केलाएर पाठकका सामु प्रस्तुत गर्दछ । विस्तृत वर्णन, विवरण, विश्लेषण आदिका माध्यमवाट पाठकले पात्रको व्यक्तित्व, उसको जीवन दर्शन, कार्यप्रणाली र अवधारणाबारे चाल पाउँछ । समाख्याताको बयानप्रति विश्वस्त भएर त्यही आधारमा पात्रप्रति पाठकको धारणा बन्दछ । यसमा समाख्याताको बयान बाहेक पात्रबारे पाठकको आफ्नै मूल्याङ्कन गर्ने अन्य आधार हुँदैन । कथामा प्रस्तुत हुने यस्तो पद्धति समाख्यानात्मक पद्धति हो ।[११]

दृश्यात्मक विधिमा संवादका माध्यमवाट पात्रहरूको कार्यव्यापारबारे पाठकलाई जानकारी प्राप्त हुन्छ । दृश्यात्मक विधिमा पात्रहरू कार्यप्रति आफैं अभिमुख पाउँछ र तिनिहरूका संवाद र कार्यकलापवाट पाठक आफैले मूल्याङ्कन गर्दछ । यस विधिमा पात्रहरूको कार्यव्यापार देखेपछि गरिएका विचारका आधारमा पाठकले पात्रको भौतिक तथा मानसिक पृष्ठभूमिवारे अनुमान गर्दछ । पात्रका मनभित्र रहेका वृत्तिहरूका केस्राकेस्रा आफै केलाउँछ र पात्रहरूका संवादका माध्यमवाट वस्तु र परिस्थितिवारे धारणा गराउँछ । संवादमा प्रस्तुत कथोपकथनका आधारमा पात्रको व्यक्तित्व, उसको मूल्याङ्कन गर्न कार्यप्रणाली र अवधारणावारे पाठकले आफैं ठम्याउँछ । हरेक विषयवारे मानसिक धारणा, आवेग, संवेग र मनोदशाको बोध पनि संवादलाई प्राप्त हुन्छ ।

यसमा घटनाहरूको छनोट, कथावस्तुको विकास र संक्षिप्त रूपमा दृश्यलाई पाठकका सामु राखिन्छ । एकै कथामा समाख्यानात्मक तथा दृश्यात्मक दुवै विधिहरूको प्रयोग हुन सक्छ । “चिताको ज्वाला” मा गोरेप्रति विधवाको समर्पणभाव, “हारजित” मा घुरहू र मनोहरको प्रतिष्ठागत द्वन्द्व “फुटपाथ मिनिष्टर्स” मा जघने र टिकिलाई आफूतिर आकर्षित पार्न गरिएका भिडन्त, मान्यो च्याङ्बाले मान्यो, असिनामा पान्यो” मा बाबु र छोराका बीचको दृष्टिकोण -भिन्नता, “खीर मा खीरबारे विभिन्न पात्रका मान्यता र सोचाई दृश्यात्मक विधिवाट प्रस्तुत गरिएका छन् भने “मधेसतिर” मा गोरे र विधवाको भित्री र बाहिरी व्यक्तित्वको परिचय समाख्यानात्मक विधिवाट दिइएको छ ।[१२]

---

[११] श्रीराम न्यौपाने, नेपाली कथा र उपन्यास (पैरवी प्रकाशन, २०६७, काठमाण्डौ) पृ. ५

[१२] ऐजन, पृ. ६

### ३.३.६ दृष्टिबिन्दु

कथामा पात्रको स्थिति वा भूमिकाको प्रस्तुतिकरण गर्ने शैली दृष्टिबिन्दु हो । कथाकारले प्रथम पुरुष (म, हामी, ) पात्रको माध्यमवाट कथावस्तु अगाडि बढाउ द्वन्द्व न पनि सक्छ भने तृतिय पुरुष (उ, उनी, उहाँ) को प्रयोगले प्रस्तुत गर्न पनि सक्छ । कथा भन्नेको हो अथवा कसको कथा भनको छ भन्ने छुट्याउन दृष्टिबिन्दरको आधार लिइन्छ । यसैका आधारमा दृष्टिबिन्दु आन्तरिक दृष्टिबिन्दु (प्रथम पुरुष) र वाह्रय गरि दुई प्रकारका छुट्याउन सकिन्छ । दृष्टिबिन्दुको सम्बन्ध कथावस्तु र पात्रसंग हेर्ने हुनाले कथाकारले यसको कुनै एक वा बढी पात्रहरूलाई दृष्टिबिन्दुका रूपमा चयन गर्दछ । यसरी पात्रको कार्यव्यावारलाई पाठक सामू प्रस्तुत गर्ने यस्तो पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ ।

### ३.३.७ भाषाशैली

अन्य विधाभ्कै कथाको पनि बाँच्ने आधार भाषाशैली नै हो । साहित्य भाषा र कलाको समन्वित प्रस्तुति  हुनाले कथामा पनि सहज, सरल, प्रवाहमय र मार्मिक भाषाको प्रयोग अनिवार्य हुन्छ । नविन र आकर्षक शैलीको प्रयोग हुदा कथाको भाषीक प्रयोग उत्कृष्ट बन्न जान्छ । कथामा भाषाको व्याकरणिक र कोषिय नियमको अतिक्रमण हुन्छ । कथामा उखान-टुक्का, उक्ति-सुक्ति, भ्कर्रा शब्दयुक्त सरल कथ्यभाषाको सामाजिक यथार्थवादी कथालाई चिनाएको हुन्छ । कसैले आलङ्कारिक पात्रको स्वाभाव, विचार बौद्धिक स्तर आदिलाई ध्यानमा राखी कथामा संवादको भाषा बनाउनु पर्दछ ।

अभिव्यक्तिको तरिका शैली हो । शैली भाषीक र साहित्यक गरी दूई प्रकारका हुन्छन्  । साहित्यिक शैलीको पनि प्रयोग पाइन्छ । भाषालाई मिठासपूर्ण तथा सुन्दर बनाउने र कृतिमा कथाकारको आफ्नोपन चिनाउने काम यसैले गर्दछ । कथामा यी तत्वहरूका अतिरिक्त संवाद (कथोपकन), शीर्ष, द्वन्द्व आदि तत्वको पनि चर्चा गरिएको पाइन्छ । पात्रको बौद्धिक स्तर सुहाउँदो र संक्षिप्त संवादले कथाको कौतुहलता बढाउँदछ । केन्द्रीय कथ्य वा पात्रसंग  सम्बद्ध र बाह्य  द्धन्द्ध देखाएर पनि कथालाई मार्मिक बनाउन सकिन्छ । यसरी उपरोक्त तत्वहरू नै कथा विधाका तत्व हुन पुगेका छन् ।

### ३.३.८ शीर्षक

कथामा शीर्षक पनि अनिवार्य तत्व हो । शीर्षकले नै कामको सारलाई बुभ्काउँदछ । कथामा शीर्षक सुहाउँदो हुनपर्दछ । कथाको मूल भावलाई नै शीर्षकले जनाउँछ । शीर्षक आकर्षक हुनुपर्दछ जसले कथामा सुन्दरता थप्ने काम गर्दछ । त्यसैले कथामा शीर्षकको अति आवश्यक पर्दछ । शीर्षक विनाको कथाको कल्पना समेत गर्न सकिदैन ।

## ३.४ कथाका रचनागत तत्वहरु

रचनाका आधारमा पनि कथाको अध्ययन विश्लेशण गर्न सकिन्छ । जसका तत्वहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ३.४.१. रुचिक्षेत्र

कथाकारले लिएको विषयवस्तुलाई पुष्टि गर्ने र सत्य रूपमा देखाउने क्रममा उसले समाजको जुन क्षेत्रमा राख्दछ त्यही नै रुचिक्षेत्र हो । समाज एउटा व्यापक क्षेत्र हो भने यसका एक क्षेत्रलाई आफ्नो रुचिक्षेत्र बनाई कथाकारले कथा प्रस्तुत गरेको हुन्छ । कथाकारले रुचिक्षेत्रका आधारमा आफ्ना विषयवस्तुलाई घटना र चरित्रको अन्योल क्रियातद्वारा अनि शैली र कार्यपीठिकाको सहयोग लिई प्रस्तुत गरिन्छ ।[१३]

### ३.४.२ रीतिक्षेत्र

कथाकारले लिएको बिषयबस्तुलाई पुष्टि गर्न प्रयोग गरिएको क्षेत्र , सिद्धान्त, वाद, आदिलाई रीतिक्षेत्र भनिन्छ जसमा कुन सिद्धान्तको प्रोयोग भएको छ त्यो नै उसको रीतिक्षेत्र हो । कथामा सामजिक, ऐतिहासिक, पौराणिक विषयवस्तुलाई यथार्थवादी स्वच्छन्दतावादी, प्रकृतिवादी, अस्तित्ववादी आदि तरिकावाट प्रस्तुत गर्न सकिन्छ । यस्तो खाले प्रवृतिलाई रीतिक्षेत्रमा लिइन्छ । प्रचलित विभिन्न वादहरूलाई आदर्शवादी, प्रकृतिवादी, प्रतीकवादी आदि हुन सक्छन् ।

### ३.४.३ सारवस्तु

æकथामा प्रस्तुत केन्द्रिय वा आधारभूत विचार नै सारवस्तु हो । यसलाई समान्यीकरण गरेर सत्य मानी कथामा नाटकीकरण गरिएको हुन्छ । कथाकारले कथामा लक्ष्य गरेको निर्दिष्ट सत्यको बोध स्पष्टसंग गर्नु नै त्यस कथाको सारवस्तु हो । यस सारवस्तुलाई कथात्मक रूपमा सिद्ध गर्न कथा शिल्पीहरूले कथानक र पाठकको अन्योल क्रियालाई मध्यम बनाउनका साथै शैली कार्यपीठिका आदिको पनि प्रशस्त सहयोग लिन्छन् । यसरी सारवस्तु भनेको कथाभित्र निहित कथाकारले अभिप्रायलाई वहन गर्ने आधारभूत विचार हो जसले कथालाई एकताबद्ध गर्दछ । सारवस्तु नै कहिलेकाहीँ विषयवस्तु हुनसक्तछ तर विषयवस्तु नै चाहिँ सारवस्तु होइन । यसैगरी सारवस्तु भनेको नीति शिक्षा पनि होइन यो त मानवीय मूल्य तथा यसका कुनै पक्षलाई कलात्मक ढङ्गमा प्रस्तुत गर्नुसंग सम्बद्ध कुरा हो । सारवस्तु दुईप्रकारका हुन्छन् -

(१) प्रसङ्ग विषयवस्तु -कुनै समय तथा स्थान विशेषमा सीमित,

२) विश्वसनीय-सामूहिक मानवका विश्वव्यापी सत्यलाई खोज गर्ने परम्परागत र आधुनिक कथालाई हेरेर सारवस्तु प्रस्तुत गर्ने दुई किसिमका तरिका हुन्छन् भन्न सकिन्छ

---

[१३] ईश्वरी प्रसाद गैरे, आधुनिक नेपाली आख्यान (त्रि.वि. किर्तिपुरः क्षितिज प्रकाशन २०६३) पृ. ३२

(१) विचार वाक्य वा प्रत्यक्ष पद्धति,

(२) अप्रत्यक्ष वा प्रतीकात्मक विम्वात्मक पद्धति ।

सारवस्तुलाई सोझै शब्दवाट गर्ने वा विचार वाक्यको रूपमा राख्ने परम्परागत ढाँचाको पद्धति प्रत्यक्ष हो भने यसलाई कथामा प्रछन्न पारी त्यो खोज्ने वा पत्ता लगाउने जिम्मेवारी पाठकलाई सुम्पिने आधुनिक ढाँचा कथाकारहरूको पद्धति हो । आधुनिक कथाकारहरू सारवस्तुलाई प्रतीक र बिम्बका रूपमा राख्दै कुनै एक केन्द्रिय प्रतीक बिम्बद्वारा प्रकट गर्दछन् जो कथालाई मर्मस्पर्शी बनाउन सहायक बन्दछ । परम्परावादी कथाकारहरू चाहिँ प्रत्यक्ष रूपले एक वा बढी वाक्यमा सारवस्तुलाई प्रकट गर्न रुचाउँछन् सारवस्तुलाई प्रत्यक्षभन्दा अप्रत्यक्ष रूपले राख्दा नै कथामा कलात्मकता आउने हुनाले आजका कथामा विचार वाक्य पाइँदैन भने सारवस्तु कै पनि नगण्य भूमिका रहेको देखिन्छ ।" [१४]

### ३.४.४ कथानक ढाँचा

æशैलीअन्तर्गत पर्ने यो कथानक ढाँचा परम्परागत शैलीमा लेखिएका कथामा पाइन्छ । कुनै पनि परम्परागत शैलीमा लेखिएका कथामा आदि, मध्य र अन्त्यको योजनाबद्ध ढाँचा रहेको हुन्छ । यो आदि, मध्य र अन्त्यको क्रमिक श्रृखलामा कथाका घटना र कार्यव्यापारलाई मिलाएर राख्नु नै कथानक ढाँचा हो ।

कथामा कुनै एक खास मुख्य समस्या हुन्छ, एउटा मुख्य पात्र पनि हुन्छ । त्यो पात्र र घटनाको अन्तरक्रियाद्वारा कथानकको विकास गरिएको हुन्छ । कुनै एक खास विन्दुवाट सुरु हुन्छ र क्रमिक रूपले अघि बढ्दै गएर निश्चित विन्दुमा टुङ्गिन्छ भने त्यो विन्दु कथाको समस्या नै हो । त्यो मख्य समस्यासंग जुझ्दै अघि बढेको मुख्य पात्र र कथाको समस्या नै हो । त्यो मुख्य पात्रको मुख्य चिनारी गराइएको अवस्था कथाको आरम्भ हो । कथामा रहेको त्यो मुख्य समस्यासंग पहिचान गराएपछि त्यसका विषयमा कथाकारले विश्वास पनि दिलाउनु पर्ने हुन्छ । मुख्य समस्याको बारेमा विश्वास दिलाएको ठाउँ कथाको मध्य हो । कथाको मध्यमा मुख्य समस्याहरू आउँछन् मध्यमा मुख्य समस्यासंगै सम्बन्धित भएर अन्य समस्याहरू आउँछन् । मुख्यपात्र त्यो मुख्य समस्या समाधानार्थ त्यससंग जुट्दै अघि बढ्दा नै यी विभिन्न समस्याहरू आउँछन् र समस्याको समाधानमा बाधा र व्यवधानहरू उत्पन्न हुन्छन् । ती व्यवधानका रूपमा आउने समस्याहरूले तनावको सिर्जना गरिदिन्छ यस तनावपूर्ण स्थितिमा कथाको मुख्य पात्रले समस्याका सामाजिक मूल्य र मानकसंग नै सङ्घर्ष गर्नुपर्ने हुन्छ । वास्तवमा त्यो समस्या सामाजिक मूल्य र मानक अनुरूप हुनुपर्दछ । यसरी कथामा त्यो खास अभिप्राय मध्य मै भनिएको हुन्छ आदि त कथाको पृष्ठभूमि मात्रै हो । मुख्य पात्रले जव यी व्यवधान सङ्घर्ष वा समस्यासंग जुझेर अन्त्यमा द्वन्द्वरहित अवस्थामा पुगेर समाधानको विन्दु प्राप्त गर्दछ त्यो कथाको अन्त्य हो । यसरी कथाभित्र रहेका

[१४] ईश्वरी प्रसाद गैरे, आधुनिक नेपाली आख्यान (त्रि.वि. किर्तिपुर: क्षितिज प्रकाशन २०६३) पृ. ३२-३३

मुख्य समस्याको समाधानको विन्दु अन्त्य हो । यहाँ समस्या वा कथानकलाई आदिःमध्य र अन्त्यको क्रमिक श्रृङ्खलामा राखेर प्रस्तुत गर्नू नै कथानक ढाँचा हो ।

कथानक ढाँचा अनेक विधा हुन्छन् तापनि परम्परागत शैलीका कथामा रैखिक ढाँचा रहेको हुन्छ । रैखिक ढाँचाका पनि परिवर्तित र तत्क्षणिक गरी दुईप्रकार हुन्छन् । आदि,मध्य र अन्त्यको क्रमिक श्रृखलामा आवद्ध तत्क्षणिक हो भने त्यसको व्यतिक्रमिक अवस्था परिवर्तित हो ।" [१५]

## ३.४.५ अर्थसापेक्ष

कुनै कथामा भन्न खोलिएको कुरा सोझो रूपमा व्यक्त गरिएको हुन्छ भने कुनैमा प्रतीकका माध्यमले वा कुनैमा बृहद् प्रतीकका माध्यमवाट गरिएको हुन्छ । यसैले खासगरी अर्थसापेक्ष वा अर्थका तह तीनवटा मानिन्छन् - (१) अभिधात्मक, (२) प्रतीकात्मक

(३) अन्योक्तिमूलक । यिनै आधारमा अर्थ सापेक्ष हेर्न सकिन्छ ।

## ३.४.६ रूपविन्यास

कथावस्तुलाई एउटा निश्चित आकार प्रधान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै रुप विन्यास हो । यस भित्र कथाका शुष्म तत्वहरु पर्दछन् जस्तै : पद्विन्यास, विम्ब विधान, व्याङ्ग्य, प्रतिक विधान, तुलना, शीर्षक आदि । कथाको भाषिक एवम् शिल्प-शैलीगत निर्माणमा सहायता गर्ने तत्वहरु यसमा पर्ने भएकाले तत्क्षण यसले पाठक वर्गलाई प्रभावित पार्नेकाम गर्दछ । कथाबाट अर्थ, सारवस्तु, कथावस्तु आदिलाई पृथक गरेर हेर्दा त्यसमा बाँकी जे देखिन्छ, त्यही नै रुप विन्यास हो । साहित्यमा प्रतीक मूर्त वस्तुका रुपमा देखाइन्छ र त्यस वस्तुले कुनै अमूर्त कुरालाई जनाउँछ । यसरी प्रतीक अमूर्तको मूर्त विधान हो ।[१६] कथामा यसले संरचना पक्षलाई नै अझ बढी सम्वेद्य बनाउने अथवा पात्रको स्थितिलाई बोध गराउने भूमिका खेल्दछ । विम्ब शब्दको प्रयोग साहित्यमा मानसिक तस्विर भन्ने अर्थमा प्रयुक्त हुन्छ । कुनै वस्तुको रुप, रङ्ग, गुण वा आकारको इन्द्रीय ग्राहय अनुभुतिको सञ्चारण पाठकमा गर्नु नै विम्बको मुख्य धर्म हो । विम्बले पनि रुप विन्यास पक्षमा महत्वपूर्ण भूमिका खेल्दछ ।

---

[१५] ईश्वरी प्रसाद गैरे, आधुनिक नेपाली आख्यान (त्रि.वि. किर्तिपुरः क्षितिज प्रकाशन २०६३) पृ. ३५

[१६]. ऐजन पृ.१२-१३

## ३.५. नेपाली कथाको ऐतिहासिक विकासक्रम, प्रमुख मोड, धारा र प्रवृत्ति

### ३.५.१ पृष्ठभूमि

æसंस्कृत, प्रकृत र अपभ्रंषकालीन धार्मिक,नैतिक, शृङ्गारिक कथाहरूमा सामाजिकताको सूक्ष्म अङ्ग पाइन्छ । यस्तै अवधी, हिन्दी, फारसी कथाहरूमा शृङ्गारिक र जासुसी प्रवृति पनि प्रस्तुत भएको देखिन्छ । प्राचिन विकसित महाकाव्य भित्रका कथा उपन्यासहरूमा अस्वभाविक र भोगाइ भन्दा टाढाको जीवन अभिव्यक्त भएको पाइन्छ । यसै पृष्ठभूमिको प्रभवलाई आत्मसात गर्दै नेपाली कथा देखापरेको छ ।

माध्यमिक कालीन नेपाली कथाहरूमा जासुसी, तिलस्वी, धार्मिक, पौराणिक, नैतिक, औपदेशिक, कौतुहलमय, साहसिक तथा वीरतापूर्ण र शृङ्गारिक मनोविनोदी सामाजिक-ऐतिहासिक प्रवृत्ति प्रमुख थियो । पछि युरोपेली नवीन कथा परम्पराको क्रमशः बङ्गाली हुदै नेपालीमा पनि प्रवेश गर्‍यो । तिनैका अनुदित-रूपान्तरीत केही कथाहरू “कथासरित सागर” “अरेवियन नाइट्स” आदि पत्रिकामा प्रकाशित भएका छन् । यिनैमा आधुनिक नेपाली कथा मूल्य एवम् चिन्तनका झिल्का भेटिन्छन् । “गोरखापत्र”, “गोर्खे खवर कागज” “सुन्दरी” “माधवी” आदि पत्रिकाले भन्दा गोरखासंसार (१९८३) ले नै मौलिक नेपाली सामाजिक कथाको आह्वान गर्न थाल्दछ । नेपाली युवाहरूमा विस्तारै शैल्पिक चेतना आउनाले र अङ्ग्रेजी, हिन्दी, बङ्गाली आदि साहित्यसंगको परिचयले नवीन वातावरण सृजना हुन्छ । यसरी आधुनिक, सामाजिक कथा लेखन नेपाली कथा यात्रामा भित्रिएको हो ।

नेपाली कथा साहित्यको विकासमा पूर्वीय र पश्चात्य दुवै क्षेत्रको प्रभाव देखिन्छ । संस्कृत गाथा, आख्यान तथा आख्यायिकावाट मात्र होइन अंग्रेजीका Story Tale, Short Story आदिले पनि नेपाली कथालेखनलाई प्रभावित तुल्याएका छन् । नेपाली लोककथा, आहान, कथाकुथुङ्री कहानी, किस्सा, दन्त्यकथा आदिको नाममा नेपाली समाजमा पनि दैनन्दिनका घटना समस्याको चित्रण गर्दै मनोदशाको उद्घाटन गर्न थालिएको पाइन्छ । विभिन्न पत्रपत्रिकाको माध्यमवाट नेपाली कथा लेखनमा विस्तारै नवीन शैली एवम् सामाजिक निरिक्षणको प्रवृति आएको देखिन्छ । फलस्वरूप “तरुण गोर्खा” (१९५८) “जन्मभूमी” (१९७९) “गोर्खाली” आदिमा प्रवासी नेपाली साहित्यकारहरू सक्रिय हुन थाल्दछ । यिनै पत्रिका भित्रका कथाहरूले आधुनिक कथाको स्वरूप निर्धारण गर्ने प्रयास गरेको छन् ।” [१७]

### ३.५.२ प्राथमिक काल (वि.सं. १८२७-१९५७)

æनेपाली भाषाको अभिलेखीकाल (**ताम्रपत्र, शिलापत्र आदि अभिलेख**) र ग्रन्थ लेखन काल (**औषधिमुलो, ज्योतिषशास्त्र आदि ग्रन्थ**) लेखनयात्रा पार गरेपनि विधागत स्पष्टता देखाइसकेको थिएन । पछि केही साहित्य निकट रचनाहरू लेखिन थाले र यस युगको श्रीगणेश शक्तिबल्लभ अर्यालको

---

[१७] श्रीराम न्यौपाने, नेपाली कथा र उपन्यास (पैरवी प्रकाशन, २०६७, काठमाण्डौ) पृ. १२-१३

**"महाभारतको विराटपर्व"** (१८२७) वाट हुन्छ । यसपछि संस्कृत, अंग्रेजी, अरबी, फारसी आदि भाषा-साहित्यवाट नेपाली अनुवाद-रूपान्तरण प्रचलन देखा पऱ्यो । भानुदत्त शर्माको **हितोपदेश मित्रलाभ** (१९३३) रामचन्द्र उपाध्ययको **"लक्ष्मी धर्म संवाद"** (१८५१) शक्तिबल्लभ अयार्लको हास्यकदम्ब (१८५५), नाम अज्ञात भएका **"स्वस्थानी ब्रतकथा"**(१८७८-८८) र पिनासको कथा (१८७२), हीन व्याकरणी विद्यापतिको "**गीतागोविन्द",** (१८८८) आदि यसैका उपज हुन् । त्यसैका उपज भवानीदत्त पाण्डेको "**मुद्राराक्षस"** (१८९२) सुन्दर नन्द बाँडाको "**अध्यात्म रामायण"** (१८९६) नाम अज्ञात भएको जङ्गबहादुरको बेलायत यात्रा (१९०७) **"सत्यनारायण ब्रतकथा"** (१९४८) आदि रचनाहरू देखा पर्दछन् । यसका अतिरिक्त अङ्ग्रेजीवाट अनुदित्त प्रमुख कृतिहरू "**सेरामपुरको वाइवल"** (१८८४) पादरी **गङ्गाप्रसादको ꝏवाइवल"** (१९४०)र भारतीय भाषावाट अनुदित "**मुन्सीका तीन आहान"** (१८७३) वीरवल चातुरी नाम अज्ञात भएको सत्र सेनको कथा (१९५५) जस्ता रचनाहरू नेपाली भाषामा लेखिएको पाइन्छ ।"[१८]

प्राथमिककालिन यी कथाहरू इतिवृतात्मक, मनोरञ्जनात्मक, अनौठा (Fantasy) घटना-पात्रको संयोजन भएका नैतिक-धार्मिक भावना जगाउने प्रवृतिका देखिन्छन् । छिटफुट नेपाली वातावरण पाइए पनि अनुदित र रूपान्तरित यस्ता कथाहरूमा भोगाइको यथार्थ वातावरण पाइदैंन । कथा सम्पूर्ण वास्तविक होइनन् । कथात्मक सूत्र भएका आख्यानात्मक यस्ता कृतिमा विधागत सचेतना पनि पाइदैन । समायोजन उपदेश, धर्म, शिक्षा, मनोरञ्जन र भाषिक नमूना प्रस्तुत गर्ने अभिव्यक्तिलाइ मनोरञ्जन र नीतिमूलक सन्देश दिइन्छ । यसरी संस्कृत, अरबी, फारसी, अङ्ग्रेजी आदि साहित्यका रचनालाई कथा स्रोत बनाई रचिएका यी रचनाहरूमा पूर्ण रोमाञ्चकता, उत्सुकताको जागरुकता, संवेग आदि विशेषता पाइन्छन् ।

### ३.५.३ माध्यमिककाल (वि.सं. १९५८-१९९१)

माध्यमिककालको **थालनी "गोरखापत्र"** (१९५८) को प्रकाशनवाट हुन्छ । यस चरणमा आख्यानात्मक मात्र नभई खिस्सा, कहानी आदि कथाकै रूपहरू देखा पर्दछन् र त्यस्तै वनारस, दार्जिलिङ्ग, खर्साङ आदि भारतीय भूमिवाट प्रकाशित **सुन्दरी** (१९६३) **माधवी** (१९६५) **गोखाली** (१९७२) **चन्द्रिका** (१९७५) **तरुण गोरखा, जन्मभूमि, गोर्खा संसार,** (१९८३) जस्ता पत्रिकाहरूले यस कालका कथालाई विकसित तुल्याउने काम गरेको छैन । गोरखापत्रले **पञ्चकप्रपञ्च** (१९६२) **माला** (१९६८), **सुकुलगुण्डाको कहानी (१९७६) हीराको औंठी** (१९७०) **हृदय परीक्षा** (१९७२) जस्ता सामाजिक कथाहरूका अतिरिक्त **धर्मात्मा** (१९६८) **स्वर्गको साँचो** (१९७०) **विरक्त विज्ञानन्द** (१९७३० **कर्मको फल** (१९७८) जस्ता धामिक एवम् पौराणीक कथाहरूमात्र होइनन् एक बिचित्रको जासुसी (१९७१) **भूतलिला** (१९७३) जस्ता जासुसी

[१८] श्रीराम न्यौपाने, नेपाली कथा र उपन्यास (पैरवी प्रकाशन, २०६७, काठमाण्डौ) पृ. १३

तथा उटपट्याङ, मनोरञ्जनात्मक र नैतिक कथाहरू पनि गोरखापत्रमा प्रकाशित भएका छन् । त्यसपछि माधवी पत्रिकामा सुन्दरीभूषण, कलावती, विलासिनी जस्ता कथाहरूले नारी जीवनका समस्यालाई चिनाएका छन् । त्यसै गरी माधवीमा प्रकाशित एक औपदेशिक कथा, राममणि आ.दी. का ्पतिव्रत प्रभाव (१९६५) माध्यमिक कालको पछिल्लो चरणमा सूर्यविक्रम ज्ञवालीको  देवीको बली (१९८३), रूपनारायण सिंहको "**परिवर्तन र अन्नपूर्णा"** (१९८४) शिखरनाथ सुवेदीका "**पिनासको कथा",** राममानसिहको एउटा **गरीब सार्कीको छोरी** (१९८६) प्रेमसिहंको **करणीको फल** (१९८६) जस्ता सामाजिक विषयका कथाहरू देखा पर्दछन् । [१९]

माध्यमिक कालको प्रथम चरणका कथाहरूमा नेपाली सामाजिक परिवेश सूक्ष्म रूपमा प्रस्तुत हुन थालेको छ । मानवेत्तर पात्रको प्रयोग गरी मानवीय जीवन चिनाउने र धार्मिक, पौराणिक , नैतिक, औपदेशिक, साहसिक, जासुसी मनोरञ्जनात्मक आदि विविध उद्देश्य लिएर विभिन्न स्रोतवाट कथावस्तु तयार गर्ने काम यति बेला कथामा भएको छ । प्राचिन कालकै अनुवाद-रूपान्तरण र मनोरञ्जनात्मक एवम् अलौकिक वर्णनलाई निरन्तरता  दिइए पनि विधागत स्पष्टता त यति बेला कथामा राम्रैसंग देखापरेको छ । मुख्यतः सामाजिक रीतिस्थिति, आर्थिक अवस्था, साँस्कृतिक मान्यता आदिको वर्णन तथा आदर्शको चित्रण र नैतिकता यति बेलाका कथाको मूल विशेषता बनेको हो । माध्यमिक कालको पछिल्लो चरणमा भने सामाजिक विषयवस्तुलाई सामवेश गराएर माध्यम वर्गिय नेपाली समाजको चित्रण गर्दै दुःखित पिडितहरूवाट शृङ्गारिक भावनालाई पनि कथाहरूले महत्वका साथ प्रस्तुत गरेको पाइन्छ । जीवन-जगत्, विज्ञान-प्रविधि समाज-संस्कृति आदिका मूल्यहरू पहिचान गर्ने काम यस विज्ञान-प्रविधि, समाज-संस्कृति आदिका मूल्यहरू पहिचान गर्ने काम पनि यस कालमा  कथाहरूले गरेका छन् । यी कथाहरूले माध्यमिक कालीन जासुसी , नैतिक, धार्मिक, प्रवृत्तिलाई बिदा दिंदै नेपालीपन प्रस्तुत गरेका छन् । नेपाल बाहिरका नेपालीहरूको आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक अवस्थाको चित्रण गर्नुका साथै जीवन निर्वाहमा देखा परेका विसङ्गतीहरू पनि खोतलिएका छन् । यी कथाहरूले सामाजिक जीवनका चित्रहरू खिचेर आदर्शमय समाज स्थापना गर्नुपर्ने कामना गर्दछन् । नेपाली कथामा आधुनिकता ल्याउने पृष्ठभूमिको निर्माण यसै चरणले गरेको देखिन्छ । अन्नपूर्ण कथा यथार्थमा आधारित छ । यसमा एउटी छोरीको सामाजिक अवस्था चित्रित छ । एउटी गरीब सार्कीकी छोरी कथाले गरीबी, जातीय एवम् लैङ्गिक विभेद र महिलाका विसङ्गत पक्षमाथि व्यङ्ग्य गरेको छ । करणीको फल मा पनि विसङ्गत समाजकै चर्चा पाइन्छ । यी सबै प्रयासहरू आधुनिकता तर्फका सङ्क्रमण कालीन प्रयासहरू मानिन्छन् । पूर्ववर्ती चरणलाई तीन कालखण्डमा  बाँड्न सकिन्छ । [२०]

---

[१९] ऐजन, पृ. १४

[२०] ऐजन पृ. १५

### ३.५.४ आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

१९९२ सालको नासो कथादेखि सामाजिक यथार्थवादको थालनी भएको आधुनिक नेपाली कथामा विभिन्न मोड र घुम्तीहरू आएका छन् । यस क्रममा विश्वेश्वरप्रसाद कोइरालाको चन्द्रवदन (१९९२) देखि मनोवैज्ञानिक यथार्थवाद, रमेश विकलको गरीव (२००६) मार्फत समाजवादी यथार्थवादी धारा, इन्द्रवहादुर राईको खीर (२०१९) कथा मार्फत प्रयोगवादी धारा र २०४० को दशकदेखि समसामयिक नेपाली कथा धाराको थालनी भएको भेटिन्छ । आधुनिक कथा भन्नाले यिनै मोड र घुम्तिका विकशित कथा र कथाकारको लेखन यात्रालाई अलगअलग रूपमा अध्ययन गर्नुपर्दछ । आधुनिक कथालाई तीन चरणमा निम्न ञअनुसार देखाउन सकिन्छ । [२१]

#### ३.५.४.१ प्रथम चरण (वि.सं.१९९१-२०१९)

नेपाली आधुनिक कथाको प्रथम चरणको रूपमा वि.सं. १९९२ सालको नासो कथा प्रकाशित भएपछिको समयदेखि लिएर इन्द्रवहादुर राईको नेतृत्वमा भएको तेस्रो आयामका कथाहरू लेखिन थालिएका समयसम्मको अवधी प्रथम चरण हो । यस प्रथम चरणममा आधुनिक कथामा निम्नलिखित धाराहरू रहेका छन्

क) सामाजिक यथार्थवादी धारा

ख) मनोवैज्ञानिक यथार्थवादी धारा र

ग) समाजवादी यथार्थवादी धारा

**) सामाजिक यथार्थवादी धारा**

सामाजिक जीवनका घटनाहरूलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरी समाज जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्नु नै सामाजिक यथार्थवादी धाराको विशेषता हो । आधुनिक नेपाली कथाको इतिहासको प्रारम्भ सामाजिक यथार्थवादबाट भएको हो । कथाकार गुरूप्रसाद मैनाली यस धाराका प्रथम अधिष्ठाता भएकाले उनलाई प्रथम आधुनिक कथाकार मानिएको हो । उनको यथार्थवादी दृष्टिकोणको विस्तार आदर्शबाद सम्म भएको हुँदा आदर्शोन्मुख यथार्थवाद उनको मूल प्रवृत्ति भएको छ । यस धाराका अन्य कथाकारहरूमा पुष्कर समशेर, बालकृष्ण सम, इन्द्र सुन्दास, पूर्णदास श्रेष्ठ, हृदयचन्द्र सिंह प्रधान, रूपनारायण सिंह, शिवकुमार राई, शङ्कर कोइराला, दौलतविक्रम विष्ट, लिलवहादुर क्षेत्री , माया ठाकुरी आदि हुन् ।

[२१] श्रीराम न्यौपाने, नेपाली कथा र उपन्यास (पैरवी प्रकाशन, २०६७, काठमाण्डौ) पृ. १५

) **मनोवैज्ञानिक यथार्थवादी धारा**

नेपाली कथामा पाश्चात्य प्रभावलाई भित्रयाएर आधुनिकताको परिमितिलाई धेरै फराकिलो तुल्याउने यस धाराका प्रथम प्रधिष्ठाता विश्वेश्वरप्रसाद कोइराला हुन् । फ्रायड, एडलर र युङ्गका मनेवैज्ञानिक सिद्धान्तबाट प्रभावित भई नेपाली साहित्यमा कथा लेख्ने परम्पराको सुरुवात गर्ने काम शारदा पत्रिका मार्फत चन्द्रवदन कथा प्रकाशित भएपछि यस धाराको सुत्रपात भयो । मानिसका मनोयथार्थिक पक्षको उद्घाटन गर्ने क्रममा यौनलाई गहिरोबाट पर्यवेक्षण गरिएको छ । मनोस्नायु विकृतिको सिकार भएका पात्रहरू अथवा असामान्य मनस्थिति भएका पात्रहरूको यौनजन्य संवेदना र अनुभुतिलाई कथाकारहरूले व्यक्त गरेका छन् । कोइरालाले सुरुवात गरेको मनोवैज्ञानिक यथार्थ धारामा कथा लेख्ने कथाकारहरूमा गोबिन्द मल्ल 'गोठाले', भवानी भिक्षु, विजय मल्ल, केशवलाल कर्माचार्य, देवकुमारी थापा, पोषण पाण्डे, प्रेमा शाह, कुमार ज्ञवाली लगायतका रहेका छन् ।

) **समाजवादी यथार्थवादी धारा**

यथार्थवाद सदैव जनसाहित्यको पक्षधर रहेको हुन्छ । साहित्य वर्गीय हुन्छ र यसको वर्गवोध गराउनु पर्दछ भन्ने मान्यतामा समाजवादी र यथार्थवादी कथा छन् । धनी वर्गका विरुद्ध गरीव वर्गहरू एकजुट भई वर्ग सङ्घर्षमा जानु पर्छ भन्ने आशयका कथाहरू समाजवादी यथार्थवादी धारा अन्तर्गत पर्दछन् । यसलाई प्रगतिवादी धारा पनि भनिन्छ । वि.सं. २००६ सालमा रमेश विकलद्वारा लिखित 'गरीब' कथाबाट यस धाराको प्रारम्भ भएको हो । यस धारामा अन्य कथाकारहरू डि.पि अधिकारी, भवानी घिमिरे, कृष्णप्रसाद सर्वहारा, खगेन्द्र संग्रौला, नारायण ढकाल, घनश्याम ढकाल, हरीहर खनाल, ऋषिलाल बराल आदि हुन् ।

### ३.५.४.२ द्वितीय चरण नवयुग (वि.सं २०२०-२०३९)

"वि.सं.२०२० को दशकदेखि आधुनिक नेपाली कथाको इतिहाँसमा नयाँ धाराको थालनी भयो जसलाई नवयुग भनिन्छ । आधुनिक नेपाली कथामा नवयुगको नव लेखनको एउटा शिलशीला हो । यस धाराले कथाको रचना विधानमा क्रान्ति ल्याई पाठक वर्गलाई आफ्नै समाज, राष्ट्र र परिवेश बारे गम्भिर मनन् गर्ने अवसर प्रदान गर्दछ । नवयुगीन कथामा मूल्य द्वन्द्व नैतिकता, अनैतिकता, इमान्दारी र अइमान्दारी वीचको द्वन्द्व नै मूख्य द्वन्द्व हो । नवीन विषयको यात्रा क्रममा यसले कथाको संरचानालाई भिन्न तुल्याई दिएर पाठक वर्गको चेतना, संवेग र बैद्धिकतालाई छुने प्रयास गरेको छ । यसले परम्परागत लेखन शैलीलाई चुनौती दिएर जीवन-दर्शन तथा अमूर्त चिन्तनप्रति पाठकको ध्यान तान्ने उद्धेश्यमा आफूलाई प्रतिवद्ध पारेको छ । सङ्क्षेपमा भन्नु पर्दा आधुनिक नेपाली कथा परम्परामा नवयुगले विश्व संस्कृतिको नेपाली सस्करणका रूपमा अवतरित भएको हो भन्नु युक्तिसंङ्गत हुन्छ । यसै चरणमा

प्रयोगवादको समेत विस्तार भएको पाइन्छ । नवयुगीन कथामा प्रयोगवादी कथा लेखन अघि बढेको पाइन्छ र प्रयोगवादी लक्षण आयामिक कथा, कथाहीन कथा, अकथा र स्वैर काल्पनिक प्रयोग जस्ता विविध प्रयोगवादी लेखन भएको छ । इन्द्रबहादुर राइको खीर  (२०१९) कथाबाट प्रयोगबादको थालनी भएको हो । यस धाराका कथाकारहरूमा परशु प्रधान, ध्रुवचन्द्र, शैलेन्द्र शाकार, मनु ब्राजकी, ध्रुव सापकोटा, मोहनराज शर्मा, गोपाल पराजुली, अशेष मल्ल, भाउ पन्थी आदि रहेका छन् ।"[२२]

### ३.५.४.३ तृतीय चरण-समसामयिक धारा (वि.सं. २०४० देखि हालसम्म) :

"समसामयिक युगको थालनी वि.सं. २०४० देखि वर्तमान समयसम्म मानिएको छ । परम्परागत ढाँचा भन्दा पृथक नवयुगीन कथा प्रयोगवादी कथा लेखन भन्दा नवीन भएर देखा परेको छ । परम्परागत मूल्य, मान्यताभन्दा पृथक अस्तित्वको खोजी राष्ट्रिय परतन्त्रताभन्दा स्वतन्त्रताको र प्रजातन्त्रिक मूल्य र मान्यताको संवरणमा कथा जागरुक भएको भेटिन्छ । युगीन जटिल परिस्थिति र विज्ञानको यन्त्रिकरणले मानव जीवन  सुङ्कटग्रस्त विवश र निरीह एवम् एक्लो बन्दै गएको स्थितिको चित्रण गर्ने परिपाटीको विकास भएको छ । समकालिन नेपाली कथाकारहरूले स्वैर कल्पनालाई एउटा शैली बनाएर जीवन मूल्यलाई भावना र भावुकता होइन तार्किक विचारको कोणबाट तौलने काम गरे । स्वैर कल्पनालाई व्यङ्ग्य, प्रतीक र मिथकमा प्रयोग गरेर वास्तवमा यथार्थकै आग्रह बढी राखे । नेपाली कथाको यो चरण वर्तमान स्थिति हो । यो नै समसामयिक धारा पनि हो । विभिन्न चुनौतीको सामना गर्नु आजको कथाको आवस्यकता बनेको छ । राजनैतिक अग्रगमन र प्रतिगमनका, घात प्रतिघातले उब्जाएको मानसिक अन्तर्वेदन र सामाजिक स्थितिलाई कथाकारहरू कथा लेख्नमा सक्रिय रहेका छन् । यस धाराका कथाकारहरूमा नयनराज पाण्डे, जनार्दन जागरुक, अनुक्रमराज शर्मा, रत्न प्रजापती, आमोददेव भट्टराई, हरिहर पौडेल, राजेन्द्र पराजुली, महेश विक्रम शाह, रमेश क्षितिज, रोशन थापा 'नीरव', किशन थापा 'अधीर' आदि रहेका छन् ।"[२३]

निष्कर्षमा भन्नुपर्दा आधुनिक नेपाली कथाको प्रस्थानविन्दु 'शारदा' पत्रिका वि.सं. १९९२ मा प्रकाशित गुरूप्रसाद मैनालीद्वारा लिखित 'नासो' कथाबाट प्रारम्भ भई वर्तमान समयसम्म निरन्तर चलि रहेको छ । विभिन्न धारामा आधारित भएर कथाहरू सृजना भएका छन् जुन समय अनुसार परिवर्तन हुँदै आधुनिक नेपाली कथा अगाडि बढेको छ । सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि पक्षको यथार्थ रूपले फोटो खिच्दै विभिन्न आरोह अवरोहका साथ यो युग अगाडि बढेको छ ।

---

[२२] ईश्वरी प्रसाद गैरे, आधुनिक नेपाली आख्यान (त्रि.वि. किर्तिपुरः क्षितिज प्रकाशन २०६३) पृ. ६६-७०

[२३] ऐजन पृ. ७१-७३

## ३.६ कथाको वर्गीकरणका आधारहरु

समाज सापेक्ष रूपमा विकसित हुँदै आएको कथाले प्रारम्भदेखि आजसम्म आउँदा अनेक स्वरूप बदलिदो छ । विषय र शैलीका दृष्टिले पनि यसमा एकरूपता पाइन्न । कथाको वर्गीकरणको प्रसङ्गमा के भन्न सकिन्छ भने कथा यति नै प्रकारका हुन्छन् भनेर किटान गर्न सकिदैन र कथाको वर्गीकरणमा पनि विभिन्न समीक्षकले आ-आफ्नै तरिका, दृष्टिकोण वा धारणा प्रस्तुत गर्दै कथाका विषयलाई मात्र, शैलीलाई मात्र वा उद्देश्यलाई मात्र आधार वनाएर प्रकारगत विभाजन गर्न सकिन्न । त्यसैले कथाको वर्गीकरण गर्दा निम्न प्रकारका आधारहरूलाई लिई वर्गीकरण गर्नहुने देखिन्छ (१) रुचिक्षेत्र (२) रीतिक्षेत्र, (३) शैली र (४) दृष्टिविन्दु ।

### ३.६.१ रुचिक्षेत्रका आधारमा

विषयको मात्र कथामा विविधता ल्याउने होइन । एउटै विषयमा पनि विभिन्न रुची भएका कथाकारले विभिन्न कथा रचना गर्न सक्छन् । त्यसैले कथाको विषयलाई कथाकारको रुचिक्षेत्रसंग गाँसेर हेर्नुपर्ने हुन्छ । प्रत्येक कथाकार कुनै पनि विषयवस्तु प्राप्त गर्ने वित्तिकै आफ्नो रुचिअनुसार त्यसलाई समाजशास्त्रीय, मनोवैज्ञानिक र दार्शनिक रूपले प्रस्तुत गर्न सक्छ । तसर्थ कथाको वर्गीकरण गर्दा रुचिक्षेत्रको वर्गीकरणका आधारमा गर्नुपर्ने हुन्छ । जस्तै मैनालीको रुचिक्षेत्र सामाजिक छ भने कोइराला र गोठालेको मनोवैज्ञानिक । यसको आधारमा वर्गीकरण गर्दा कथाहरू सामाजिक, मनोवैज्ञानिक, ऐतिहासिक, पौराणिक, राजनैतिक, दार्शनिक आदि हुन सक्छन् ।[२४]

### ३.६.२ रीतिक्षेत्रका आधारमा

कथाहरू सामाजिक हुँदैमा यथार्थवादी हुन सक्दैनन् । नेपालीमा गुरूप्रसाद मैनाली प्रथम सामाजिक कथाकार हुन् । किनभने उनले सामाजिक विषयलाई यथार्थवादी ढङ्गले प्रस्तुत गरे । गोर्खा संसारमा प्रकाशित सूर्यविक्रम ज्ञवालीको “देवीको बली” यथार्थवादी हुनसकेन । किनभने माध्यमिक कालमा सामाजिक कथाहरूमा जुन विषयवस्तु लिए पनि त्यसलाई आर्दशमा टुङग्याइन्थ्यो र यसको प्रभाव उपर्युक्त कथामा व्यापक रूपमा रहेको छ । यो माध्यमिक कालीन प्रवृत्तिको अवशेषको रूपमा रहेको प्रभाव हो । त्यसैले उनले गद्यमा पद्य पनि दिने र आर्दशको जलप कथामा दिने काम गरेको छन् । अतएव उनी आर्दशोन्मुख यथार्थवादी कथाकार हुन् । जुनसुकै सामजिक, ऐतिहासिक, पौराणिक विषयवस्तुलाई यथार्थवादी स्वच्छन्दतावादी, प्रकृतिवादी, अस्तित्ववादी आदि तरिकावाट प्रस्तुत गर्न

[२४] ईश्वरी प्रसाद गैरे, आधुनिक नेपाली आख्यान (त्रि.वि. किर्तिपुरः क्षितिज प्रकाशन २०६३) पृ. २५

सकिन्छ । यस्तो खाले प्रवृतिलाई रीतिक्षेत्रमा लिइन्छ । प्रचलित विभिन्न वादहरूलाई आदर्शवादी, प्रकृतिवादी, प्रतीकवादी आदि हुन सक्छन् ।[२५]

नयाँ समालोचनाको शब्दावलीमा सामाजिकतालाई सामाजिक जीवनको बारेमा लेखिएको र मनोवैज्ञानिकलाई मानसिक समस्याको वारेमा कथा लेखिएको भन्ने गरिन्छ । कुनै पनि साहित्यक रचनालाई त्यसरी यथार्थवादी मनोवैज्ञानिक भनेर छाप लगाउन मिल्दैन । नासो शैलीका आधारमा घटना प्रधान कथा हो । त्यसवेला लेखिएको सम्पूर्ण कथाहरू घटनाप्रधान थिए । घटनालाई प्रधानताका साथै नासोमा चरित्रको सुस्पष्ट  चित्रण पनि भएको छ । नासोमा सुभद्रालाई आदर्श हिन्दू नारीका रूपमा देखाइन्छ भने परालको आगोको शैली कथा भरी एकनासको छ । त्यस्तै कथामा भावना संवेग अर्मूत विधान पनि हुन्छन् । अतएव कथालाई यही नै हो भनेर एउटै रूपमा किटान गर्न सकिदैन । यही समस्याको कारणले  गर्दा नै कसैले भिक्षुका कथालाई स्वच्छन्दतावादी भनेका छन भने कसैले मनोवैज्ञानिक ।

इन्द्रबहादुर राईका कथाहरू प्रयोगवादी हुन् । प्रचलित भन्दा फरक शैलीमा लेखिएका कथालाई प्रयोगवादी भनिन्छ । कथामा शैलीमात्र भएर पनि हुँदैन । जस्तो विषयवस्तु छ त्यस्तै प्रकारको शैली प्राप्त गरेको हुनुपर्दछ । गोठालेका कथामा व्यक्त हुने जीवन  मिही भएकाले तिनमा शैली पनि त्यस्तै छ । कथामा शैली प्रधान र विषयवस्तुको गौणता रहन्छ ।

### ३.६.३ शैलीका आधारमा

शैली भनेको विषयवस्तुलाई प्रस्तुत गर्ने एक प्रकारको ढाँचा हो । जुन विषयवस्तु र त्यसको प्रस्तुतीको माध्यम भाषासंग सम्वद्ध हुन्छ । शैलीका आधारमा पनि  कथाहरू धेरै प्रकारका हुन्छन् । कुनै कथाकारहरू घटनाप्रधान कथाहरू लेख्छन् । त्यस्तै कुनै कथाकारहरूमा चरित्र प्रधान कथाहरू देखिन्छन् । कुनै कथाहर संवादात्मक हुन्छन् । बालकृष्ण समका कथाहरू सम्वादात्मक छन् र उनका कथा यस्ता हुनुमा नाटकवाटे प्रभाव परेको छ । साथै कुनै कथाहरू पत्र शैली र डायरी शैलीमा पनि प्रस्तुत गरिएका हुन्छन् । यसरी शैलीका आधारमा घटनाप्रधान तथा चरित्रप्रधान सम्वादात्मक आदि किसिमका हुन्छन् । संक्षेपमा कथालाई निम्न रूपमा हेर्न सकिन्छ ।[२६]

१) अभिव्यक्ति प्रणालीका आधारमा (१) वर्णात्मक (२) डायरी शैली

२) रचना विधानका आधारमा   १) घटना प्रधान , ३) पत्रात्मक, ४) नाटकीय

३) परम्परागत र आधुनिक शैलीका आधारमा   १) परम्परागत शैली कथा  २) आधुनिकशैली कथा

४) कथानक ढाँचाका आधारमा - १) रैखिक,   २) विपरीत रैखिक

---

[२५] ऐजन पृ. २६

[२६] ईश्वरी प्रसाद गैरे, आधुनिक नेपाली आख्यान (त्रि.वि. किर्तिपुरः क्षितिज प्रकाशन २०६३) पृ. २६

५) शब्द प्रयोगका आधारमा- १) संस्कृत शब्दहरू, २) स्थानीय शब्दयुक्त

६) अर्थका तहका आधारमा- १) अभिधात्मक, २) अत्योक्तिमूलक ३) प्रतिकारात्मक

### ३.६.४ दृष्टिविन्दुका आधारमा

कथामा कथ्य विचार वा दृष्टिकोणलाई सोझै प्रस्तुत नगरी वस्तु, पात्र र परिवेशका माध्यमवाट व्यक्त गरिन्छ । कथा लेखन निम्ति कथालाई कसरी प्रस्तुत गर्ने सोको निश्चित धारणा बनाइन्छ । लेखकले कथामा विशेषलाई जोडेर प्रस्तुत गर्दछ । यसले पात्रलाई केन्द्रविन्दु बनाउँछ । यस क्रममा पात्र म पात्रका रूपमा पनि आउन सक्छ र ऊ वा त्यो का रूपमा पनि आउन सक्छ । विशेषत कथाका परिवेश र कार्यव्यापार कसको माध्यमवाट कोद्वारा प्रस्तुत गरिने सोको निर्णय दृष्टिविन्दु स्थापन मार्फत गरिन्छ । कथा भन्ने को हो र कसले कथा भनिरहेको छ सो कुरा दृष्टिविन्दुले छुट्याउँदछ । [२७] यस किसिमको दृष्टिविन्दु प्रथम पुरुष दृष्टिविन्दु र तृतीय पुरुष दृष्टिविन्दु गरी दुई किसिमको हुन्छ ।

) **प्रथमपुरुष दृष्टिविन्दु**

म पात्रवाट कथाको समाख्यान हुने र कथाकार सोझै समाख्याता नहुने दृष्टिविन्दु प्रथम पुरुष दृष्टिन्दि हो । कथाको समाख्याता कथा भित्र कै पात्र हुने यस दृष्टिविन्दुलाई आन्तरिक दृष्टिविन्दु पनि भनिन्छ । यसमा म पात्रले आफ्नो कथा भनिरहने गर्दछ र अरु पात्रको पनि बयान गर्दछ र म पात्र नै सर्वोसर्वा हुन्छ । यसैका माध्यमवाट कथाकारले कथात्मक विचार प्रस्तुत गर्दछ ।[२८]

) **तृतीय पुरुष दृष्टिविन्दु M**

कथाको समाख्याता म पात्र नहुने ऊ त्यो वा कुनै व्यक्तिको नामवाट कथा भनिने कथाकार स्वयं पत्र परिवेश र वातावरणको समाख्याता बन्ने तृतीय पुरुष दृष्टिविन्दु हो जसमा कथाको दृष्टिविन्दु वाह्य दृष्टिविन्दु हुनेगर्छ ।[२९]

बाह्य दृष्टिविन्दु सर्वज्ञ र सीमित गरी दुई किसिमको हुन्छ । घटना पात्र कार्यव्यापार विश्लेषण वर्णन, टिकाटिप्पणी ,मूल्याङ्कन गरिने दृष्टिविन्दु सर्वज्ञ दष्टिविन्दु हो भने सबै पात्रका चिन्तन अभिवृद्धि र वैचारिकताको वर्णन नगरी कथाका केही पात्रको भित्री बाहिरी संसारको वर्णन गर्ने सीमित दृष्टिविन्दु हो ।

---

[२७] ऐजन पृ. २७

[२८] ईश्वरी प्रसाद गैरे, आधुनिक नेपाली आख्यान (त्रि.वि. किर्तिपुरः क्षितिज प्रकाशन २०६३) पृ. २७

[२९] ऐजन पृ. २७

### ३.७. साहित्यका अन्य विधासंग कथाको सम्बन्ध

साहित्यका विभिन्न विधाहरूमध्ये कथा एक स्वतन्त्र विधा हो । यसर्थ अन्य विधासंग यसका कतिपय विशेषता मिल्दाजुल्दा पनि छन् भने भिन्दै विशेषता पनि छन् । भिन्दाभिन्दै विशेषताले यसको विधागत रूपमा निकटताको सम्बन्ध स्थापना गर्नमा सहायता पुऱ्याउँछन् । यस किसिमका भिन्नता एंव मिल्दाजुल्दा विधागत विशेषतालाई यसरी हेर्न सकिन्छ -

### ३.७.१. कथा र उपन्यास

कथा र उपन्यास दुवै आख्यानात्मक विधा हुन् । दुवैमा कथानक पात्र र परिवेशको समानता पाइन्छ । दुवैको गठन स्थूल हुन्छ । दुवैलाई गद्यात्मक भाषामा प्रस्तुत गरिन्छ । यी विधामा वर्णनात्मक, विवरणात्मक र व्याख्यानात्मक शैली एंव प्रथम पुरुष, तृतीय पुरुष दृष्टि हुनसक्छ । दुवै विधामा समाख्याता वा कथावाचक पात्र र स्रष्टा दुवै हुनसक्छन् । जसरी नाटक र एकाङ्की बीच रहेको हुन्छ । कथामा कथालाई अघि बढाउनुपर्छ । [३०] यी दुवै विधा आधुनिक युगका देन हुन् र पाश्चात्य मुलुकबाट नेपालमा आएका हुन् । साथै नेपालीमा कथा र उपन्यासको प्रारम्भिक विन्दु एकै रहेको हुनाले पनि यी दुईबीच वंशाणुगत सम्बन्ध रहेको छ । यी दुईको बीचमा रहेको समानताका आधारमा कथालाई लम्ब्याएर उपन्यास बनाउन सकिन्छ र उपन्यासलाई छोट्याएर कथा बनाउनु सकिन्छ भन्न मिल्दैन । कथा लम्ब्याएको उपन्यास होइन न त उपन्यास छोट्याएको कथा नै हो बरु यी दुवै त भिन्न स्वायत्तपूर्ण स्वतन्त्र साहित्यक विधा हुन् । यस प्रकार यी केही समानता भए पनि यिनिहरूका बीच ठूलो भिन्नता पनि रहेको छ । कथाको आकृति आयान लघुकाय हुन्छ भने उपन्यासको आकृति आयाम विशालकाय हुन्छ । कथाले जीवनको सानो आयमलाई प्रस्तुत गर्छ भने उपन्यासले विशाल सेरोफेरोलाई प्रस्तुत गर्छ । कथाको आकार सानो हुने हुनाले यसमा थोरै पात्र हुन्छन् र खास एक-दुई मात्र पात्रको सङघर्षलाई देखाइएको हुन्छ ।[३१] उपन्यास ठूलो हुने हुनाले यसमा धेरै पात्र हुन्छन् र अनेक पात्रका जीवनका गतिविधि तिनको मनोदशा एंव सङघर्षलाई देखाइएको हुन्छ । उपन्यास जीवनको विशाल कार्यव्यापारको सानो सुन्दर पुष्पवाटिका हो । यस प्रकार कथा र उपन्यासबीच तत्वगत भिन्नता पनि रहेको छ । जेहोस् यिनै सन्दर्भमा यी दुवै विधाको स्वतः एंव निकट सम्बन्ध प्रकट हुन्छ ।

### ३.७.२ कथा र निबन्ध

निबन्ध मूलतः व्यक्तिप्रधान रचना हो । निबन्धमा निबन्धकारले वैयक्तिकतालाई र बौद्धिकतालाई तन्मयताका साथ प्रस्तुत गर्ने भएकोले यो वैयक्तिक विषयप्रधान रचना हो भने कथा निर्वैयक्तिक

[३०] ऐजन पृ. २७

[३१] ईश्वरी प्रसाद गैरे, आधुनिक नेपाली आख्यान (त्रि.वि. किर्तिपुरः क्षितिज प्रकाशन २०६३) पृ. २८

कलाप्रधान रचना हो । निबन्धमा कथाको ढाँचा आवश्यक हुदैंन तर कथा अकथा हुनसक्ने कलाप्रधान रचना हो । निबन्धमा कथाको ढाँचा आवश्यक हुन्छ । निबन्धमा  कल्पनाको उन्मुक्त  उडान हुन्छ भने कथामा यथार्थको आग्रह हुने भएकोले यो विश्लेषणात्मक हुन्छ । निबन्ध बढी काव्यात्मक हुन्छ भने कथा मनतात्विक एंव घटना विश्लेषणयुक्त रचना हो । यी फरक-फरक विधा हुन् तापनी यी दुईबीच समान सम्बन्ध पनि रहेका छन् ।[३२]

दुवै विधा गद्य साहित्यका कलात्मक रचना हुन् । दुवैको आकार सानो हुन्छ । दुवैमा एक विषय वा समस्याको प्रवलता रहन्छ । युरोपमा दन्त्यकथा र कथात्मक निबन्धको सम्बन्धद्वारा आधुनिक कथाको जन्म भएको हो भनिन्छ ।

त्यसैले निबन्धसँग कथाको रक्तनाता रहेको भनिन्छ । देवकोटाको कविराजको च्याग्रेखच्चर, समको त्यो पानी आदि नेपालीका कथात्मक निबन्धहरू हुन् । कथात्मक निबन्धका पात्रका माध्यमवाट कथाकारले आफ्नो कथालाई प्रस्तुत गरेका हुन्छन् । कथा र पात्र हुनाले नाताले पनि त्यस्ता कलात्मक निबन्धसंग कथाको नजिकको सम्बन्ध छ ।[३३]

विशुद्ध निबन्धसंग पनि कथाको सम्बन्ध हुन्छ । निबन्धमा खास एउटा विचार हुन्छ र त्यसलाई निबन्धमा जस्तै विचार हुन्छ । Them प्रतिपाद्य कथाको आत्मा हो र पूरानो शब्दावलीमा शन्देश हुन्छ  । निबन्धमा पात्रलाई ल्याई नाटकिकरण गरेर कथालाई अघि सार्नु पर्दछ । यसप्रकार विषयलाई सिधै प्रतिपादन गर्ने आग्रह निवन्धमा हुन्छ भने पात्र  र परिस्थितिका बीच अन्तर्क्रिया गराएर कथालाई राखिएको हुन्छ । देवकोटाले यसलाई सिधै प्रस्तुत गरेका छन् तर यदि कुनै कथाकारले विषयको नाटकीकरण गर्न सकेन भने त्यस कथालाई कलाका रूपमा लिइँदैन ।

निष्कर्षमा जसरी  निबन्धमा विचार हुन्छ त्यसरी नै कथामा पनि विचार हुन्छ  तर कथामा विचारलाई प्रस्तुत गर्ने तरिका निबन्धमा भन्दा फरक हुन्छ यसर्थ यसप्रकार विचारको विद्यमान दुवैमा हुने हुनाले पनि यी दुवैको सम्वन्धलाई स्पष्ट पार्दछ ।

आजभोलिका कथामा निवन्धात्मकता पाइन्छ र यी बढी पत्रिकामा प्रकाशित हुन्छन् । शंकर लामिछानेले अर्धमुद्रित नयन र डुब्न लागेका घाम शीर्षकको निवन्ध भनी लेखेर पठाएको रचना सम्पादकले कथाका रूपमा छापिदिए । यस आधारमा पनि यी दुईका बीच निकट सम्बन्ध छ भन्ने कुरा प्रष्ट हुन्छ । तेस्रो आयामका पनि यी दुईका बीच निकट सम्बन्ध छ भन्ने कुरा स्पष्ट हुन्छ । तेस्रो आयामका इन्द्रबहादुर राईका कथामा पनि विचारको प्रधानता पाइन्छ । जस्तै “खीर” मा कथाकारले स्थापित घटनावाट दुहेर विचार निकालेर लेखेको देखिन्छ । उनले यसमा हाम्रो जीवन आदर्शविहिन छ भन्ने विचार प्रस्तुत गरेका छन् । २०२० साल यताका कथाहरूमा यस्तै विचार दिने काम भएको पाइन्छ ।

[३२] ऐजन पृ. २८

[३३] ऐजन पृ. २९

विचार, धारणा वा दृष्टिकोण दिने प्रक्रियामा यस्तै विचार दिने काम भएको हुन्छ त्यही भूमिका कथाकारको पनि हुन्छ ।[३४]

कथा र निवन्ध वस्तु, शैली र दृष्टिविन्दुका दृष्टिले भिन्न छन् । कथामा वस्तु कुनै घटना, सन्दर्भ र प्रसङ्ग हो र यसैका माध्यमवाट कथाकारको दृष्टिकोण निर्माण हुन्छ भने निवन्धमा स्रष्टाको निजी अनुभव, भावना र विचार नै वस्तुतत्व हो । यहाँ आख्यानको प्रस्तुतीकरण हुने गर्दछ । निवन्ध भाव प्रधान हुन्छ भने कथा विषयप्रधान हुन्छ । निवन्धको शैली विश्लेषणात्मक हुन्छ भने कथाको शैली वर्णनात्मक, विवरणात्मक र ब्याख्यानात्मक हुन्छ । निवन्धमा विश्रृङ्खलित भाव विधान हुन्छ । यी केही सा:क्ष्यका आधारमा स्पष्ट हुन्छ निवन्ध र कथा भिन्न भिन्न विधा हुन् र यिनको आ-आफ्नै स्वायत्तपूर्ण अस्तित्व छ ।

## ३.७.३ कथा र नाटक

नाटक पाठ्य पनि हो तापनि यो मूलतः अभिनेय विधा हो र अनेक पक्षको प्रदर्शन गरिन्छ र नाटकमा धेरै पात्रहरू हुन्छन् । जीवनका अनेक पक्षको प्रदर्शन गरिन्छ र विविध मनोदशा एंव घटनाहरूको वारेमा प्रकाश पारिन्छ । शिल्पगत प्राविधिक कठिनाइले गर्दा रङ्गमञ्चमा अभिनेय हुनसक्ने घटनामात्र नाटकका दर्शक अगाडि प्रस्तुत हुन्छन् र अन्य घटना वा दृश्यको आत्मविश्लेषण गर्ने मौका पात्रले यदाकदा मात्र पाउँछ तर कथामा पात्रको प्रशस्त विश्लषण गर्न सक्छ । कथा र नाटकमा भेद भए तापनि यी दुई विधाका बीचमा अन्तर्सम्बन्ध पनि रहेको हुन्छ ।

कथाको विकासका लागि नाटकले निकै सघाउ पुऱ्याएको पाइन्छ । कथामा नाट्य विधाको स्वाद लिन पनि पाइन्छ । पात्र, परिस्थिति र सम्वादले पनि नाटकको स्वाद दिन्छन् आधुनिक कथामा कथाको गति मन्द हुँदा त्यहाँ दृश्य देखाउने प्रवृति पाइन्छ । नासो कथामा देविरमणको विवाह भएको र बच्चालाई भात खुवाइएको अनि पशुपतिनाथमा सुभद्राको उपस्थितिको दृश्य देखाइएको छ । दृश्य भन्नासाथ स्थान आउँछ र कुनै स्थानमा मात्र दृश्य देखिएको पाइन्छ । नासो कथालाई ध्यानमा राख्दा कथामा आउने कथाको ति आगन, पशुपतिनाथ जुनसुकै पनि हुन्छ यसरी आधुनिक कथामा कथाको गति ज्यादै मन्द हुन्छ । कथाकारले प्रयोग गर्ने खास पद्धतीलाई दृश्यात्मक पद्धती भनिन्छ र यो पद्धति कथामा हुनुको फलस्वरूप नाटकसंग गहिरो रूपमा सम्बन्ध रहेको छ भन्न सकिन्छ । साथै नाटकमा हुने अन्विति त्रय (स्थान समय र कार्य) यो परिपालन कथामा पनि हुन्छ । कथामा जति दिनमा जुन काम गर्नुपर्ने हो त्यति दिन मै त्यो काम भएको देखाइन्छ । यसप्रकार आधुनिक कथामा दृश्यात्मक पद्धतिको

[३४] ईश्वरी प्रसाद गैरे, आधुनिक नेपाली आख्यान (त्रि.वि. किर्तिपुरः क्षितिज प्रकाशन २०६३) पृ. २९-३०

प्रयोग हुन्छ र दृश्य भन्नासाथ कुनै स्थान र समयको आवश्यकता हुन्छ । अतः एव नाटकमा हुने अन्विति त्रय यसमा पनि हुनाले यिनिहरूका बीच गहिरो नाता छ ।[३५]

आधुनिक कथाहरूलाई पटकथाको रूप दिई प्रस्तुत गर्ने गरेको पाइन्छ । यो अवस्था कथामा नाटकीय गुण भएकोले नै कथालाई पटकथाको रूपमा प्रस्तुत गर्न सकिने स्थिति भएको हो । उपर्युक्त कारणहरूवाट कथा र नाटकबीच नजिकको सम्बन्ध छ भन्ने कुरा स्पष्ट हुन्छ ।

यस्तै कथामा घटना, पात्र , परिवेशको बखानका माध्यवाट कथ्यवस्तुको प्रस्तुत हुन्छ भने यसमा समख्याताले कुनै न कुनै घटना पात्र परिवेशको र कार्यव्यापारको वर्णन गर्दछ । नाटकमा अभिनेय हुने गरी कार्यव्यापार प्रस्तुत गरिन्छ । यसमा समाख्याता हुँदैन । जेहोस् यिनै कतिपय भिन्नता र मिल्दाजुल्दा विशेषताका आधारमा नाटक र कथाको नजिकको सम्बन्ध एंव भिन्न-भिन्न विधागत अस्तित्व रहेको स्पष्ट हुन्छ ।[३६]

## ३.७.४ कथा र कविता

कवितामा लयको विशिष्ट स्थिति रहन्छ । कविता छन्दमा लेखिएको हुन्छ तर कथा छन्दमा लेखिदैन । कविता गद्यमा पनि लेखिन्छ तर गद्यमा लेखिने कवितामा पनि एक प्रकारको लयात्मक चेतना विद्यमान हुन्छ, जसले गर्दा गद्य कवितालाई साहित्यका अन्य विधावाट छुट्याउँछ । कतिपय कविताहरू संवादात्मक शैलीमा लेखिएका हुन्छन् । रिमालको "आमाको सपना" यस्तै शैलीमा लेखिएको कविता हो । कतिपय कविताहरू कथात्मक शैलीमा पनि लेखिएको हुन्छन् । चिनियाँ कवि लू सुनका र रुसी कवि पुस्किनका यस्तै कथात्मक शैलीमा लेखिएका अनेकौं कविताहरू पाइन्छन् । यसरी कथात्मक साझा तत्व भएर रहेको हुन्छ ।[३७]

कवितामा हुने भावनालाई कथामा पनि हाल्न सकिन्छ । कविताको स्वाद दिने कथाहरू पनि आजभोली लेखिएका पाइन्छन् । मनुब्राजाकीका कथाहरूले पनि कविताको स्वाद दिन्छन् । कविले जस्तै कथाकारले पनि भावना र अनुभूतिलाई दिन सक्छ र गीति कविताले जुन एकाकी प्रभाव दिन्छ त्यो प्रभाव अहिले कथाले पनि दिन्छन् ।

निष्कर्षमा भन्नुपर्दा हालका कथामा कथाकारले विचार दिन्छ र ती कथाहरू कथात्मक निवन्ध हुन्छन् । पहिलेका कथाकारहरू सन्देश दिने गर्थे तर अहिलेका कथाकारहरू विचार दिएर कथा लेख्छन् यसैले निवन्धको स्वाद कथामा पाइन्छ । अथवा कथात्मक निवन्धतिर ढल्केको अहिलेको कथा निवन्ध कथा हो र यसले निवन्धको स्वाद दिन्छ ।

---

[३५] ऐजन पृ. ३०

[३६] ऐजन पृ. ३१

[३७] ऐजन पृ. ३१

कथामा हुने पात्र परिस्थिति र संबादले गद्यमा लेखिएको नाटकको स्वाद दिन्छन् अथवा कथामा प्रयोग हुने दृश्यात्मक पद्धतिको गद्यमा लेखिने नाटकको स्वाद दिन्छन् । आधुनिक कथाले पनि कथा जसरी जन्मेको र हुर्केको थियो त्यस पद्धतिलाई आधुनिक कथाले पनि छोडेको छैन । समाजका जटिलता, सभ्यता आदिलाई प्रतिबिम्बित गर्ने काम अहिलेका कथाकारहरूले पनि गरेका छन् । उनीहरूले समसामयिक यथार्थ जीवनलाई र समाजलाई अध्ययन गरी इतिहासलाई व्यक्त गरेका छन् ।

यसरी आधुनिक कथाकारहरूले लेख्ने कथाको रूप त्यस्तै हुन्छ तर कथाकारले आफ्नो धारणाअनुसार कुनै कथा निवन्धतिर, कुनै कथा नाटकतीर, कुनै गीत कवितातिर र कुनै स्थानीय साामजिक इतिहासतिर बढी ढल्लेका हुन्छन् । यदि कुनै सन्तुलित कथाकार छ भने यी माथि लेखिएका चारवटा विधालाई बराबरी रूपमा छोएर पनि कथा लेख्न सक्छ ।[३८]

कथा र उपन्यसमा त्यति अन्तर छैन । समालोचकहरूले उपन्यासलाई जसरी नाटक भनेका छन् । उपन्याससंग नाटकको नजिकको सम्बन्ध भएर नै उनीहरूको यसो भनेका हुन् यस्तै कथालाई पनि नाटकसंग नजिकको सम्बन्ध हुने भएकोले जेवी नाटकको संज्ञा दिन सकिन्छ ।

★

[३८] ईश्वरी प्रसाद गैरे, आधुनिक नेपाली आख्यान (त्रि.वि. किर्तिपुरः क्षितिज प्रकाशन २०६३) पृ. ३२

चौथो परिच्छेद

# कथाकार रामप्रकाश समथिङ्गको "मान्छेको पिडा" कथा संग्रहको अध्ययन तथा विश्लेषण

## ४.१. पोइला नगएर के गर्नु त ? कथाको विश्लेषण मूल्याङ्कन

शोधनायक रामप्रकाश समथिङको मान्छेको पिडा कथा संग्रहमा सग्रहित पहिलो कथाको रूपमा पोइला नगएर के गर्नु त ? कथालाई राखिएको छ । यो कथाले मनोरोग विकृति र यौन कुन्ठालाई यौन मनोविश्लषणीय समस्यालाई सैद्धान्तिक रूपमा निराकरण, समाधान र टुङ्गोमा पुयाउन प्रयत्न गरेको छ । यसले मूलतः सरुको सहायक रूपमा कर्णध्वज र गौण पात्रको रूपमा सरुकी आमा, बुवा, सरुका साथीहरू, कर्णध्वजको आमा, बुवा र अन्य कतिपय पात्रहरूको मनोविश्लेषण मनोवैज्ञानिक सुक्ष्म सत्य आन्तरिक मनोस्थितिको उद्घाटन गरेको छ । समग्रमा यसले नेपाली कथा जगत्मा उत्कृष्ट मनोविश्लेषणवादी कथा हुन पुगेको छ । यस कथालाई यहाँ प्रसंग अनुसार विभिन्न कोण र सन्दर्भवाट विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.१.१ संरचना पक्षका आधारमा 'पोइला नगएर के गर्नु त ?' कथाको विवेचना

यो कथा कथानक प्रधान भन्दा पनि चरित्र प्रधान र चरित्र प्रधानमा पनि नायिका प्रधान र नायिका कै पनि यौन मनोविश्लेषणीय पक्ष प्रधानका रूपमा प्रयोगात्मक मनोवैज्ञानिक सिद्धान्तको प्रयोग गरिएको कथा हो । यो कथा विभाजनलाइ हेर्दा २१ पृष्ठको वाहय संरचनामा यो संरचित छ । यसमा लामा छोटा ३२ अनुच्छेद रहेको छन् । आन्तरिक संरचनाका दृष्टिले कथावस्तु क्षीण र चरित्र चित्रण केही प्रभावकारी र मनोविश्लेषणीय सैद्धान्तिक प्रयोगको चारित्रिक सान्निवेशमा सशक्त तथा कथावस्तु चरित्र मनोविश्लेषण तीनवटै संयोजन सशक्त रहेको छ । कथावस्तुको निर्वाह हुनुको साथै मूल कथा जसको सहायक कथा कर्णध्वजको र गौण कथा सरु र कर्णध्वजका बाबुआमा साथीहरू आदिको गरी कथानकीय मूख्य, सहायक र गौण कथानकको संरचना समेत रहेको छ ।

#### ४.१.१.१ कथाबस्तु

न्वारानको नाम सर्मिला भएता पनि सवैले चिन्ने नाम सरु थियो । सामान्य ग्रामिण किसान परिवारमा पहिलो सन्तानको रूपमा जन्मिए पनि खान लाउनका लागि भने अन्यको मुख ताक्नु परेको थिएन । समय क्रमसंगै बाइसौं वसन्त पार गरेकी सरु अरुको आँखामा निकै राम्ररी बिझाउन सफल भएकी छिन् । परिवारकी जेठी छोरी भएकोले घरायसी कामले गर्दा पाँच कक्षा मै पढाई रोकिए पनि उसका केटी भन्दा केटा साथीहरू नै बढि रहेका छन् । निकै आँटिली स्वभावकी सरुलाई किनमेलका

लागि फिदिम आउन जान समस्या थिएन । समय क्रमसंगै आफ्नै मामाले ल्याएको एक साथी जसको नाम कर्णध्वज थियो । सरुलाई माग्न भनेर आएको कर्णध्वज पाँच वर्ष हङ्कङमा बसेर तीन महिनाको छुटी मिलाएर आएको हुन् । कर्णध्वज अति नै इमान्दार मेहनती जाँड रक्सी, सुर्ती चुरोट केही नखाने २६ वर्षीय सानो र सुखी परिवारमा हुर्किएको व्यक्तिको रूपमा देखाएको छ । सामान्य परिचयमै सरु र कर्णध्वजको मन मिलेपछि सामाजिक संस्कार अनुसार नै मागी विवाह गर्न दुवै पक्ष मन्जुर भएका छन् । अनेकौ सपनाहरूलाई सजाएर कर्णध्वज र सरु आफ्नो भविष्यको योजना बनाइरहेका हुन्छन् । विवाह पश्चात उनिहरू बीचको सुखद दाम्पत्य जीवन सुरु हुन्छ । विवाह पछिका दिनहरूलाई अझ रमाइलो बनाउन फिदिमको सरगम होटलमा तीन हप्ताको लागि सुविधा सम्पन्न कोठा बुक गरे । फिदिम आसपासका रमाइला ठाउँको भ्रमण गर्दै चलचित्र हेर्दै नयाँ लुगा र मीठो खाना खाँदै ति दिनहरूलाई रमाइलो बनाउँदै विताएका थिए । फिदिम बसाइको क्रममा पाँचवटा सिडी किनेर ल्याएका थिए । ब्लु फिल्मका सिडी भएकोले कहिल्यै यस्तो नदेखेकोले सरुलाई भने आश्चार्य लागेको र संगै बसेर हेर्न पनि असजिलो मानेकी थिइन् । फिल्ममा विदेशी केटाकेटीहरूको विभिन्न आकार प्रकारमा गरिएको शारिरिक यौन सम्पर्क भइरहेको थियो । सोही प्रकारको नक्कल गर्दै फिल्ममा देखिएको झैं सरु र कर्णध्वज विच यौन सम्पर्क गरिरहेका थिए । रातदिन नभनी नवदम्पती वीच निरन्तर यौन सम्पर्क भइरहन्छ ।

कर्णध्वजको विदाको समय सकिएकोले ऊ फेरी विदेश फर्कने निर्णय गर्दछ । कर्णध्वज पैसा कमाउन विदेश गइसकेपछि रमाईलो जोडी तीन वर्षका लागि छुट्टिएका छन् । कर्णध्वज अनेक दुःख कष्ट गरेर विदेशमा पैसा कमाएर पठाउन सुरु गर्दछ । यता सरु भने यौन चाहनालाई पूरा गर्न नपाएकोमा निकै पिडित देखिन्छिन । आफ्नो यौन चाहनालाई पैसाले पूरा गर्न नसक्ने अनुभव गर्दछिन । पैसाले मात्र आफ्नो यौन सन्तुष्टि दिन सक्दैन । सरुको यौन चाहनालाई पूरा गर्न नसकेपछि आफ्नो श्रीमनलाई चाँडै घर फर्किन अनुरोध गर्दछिन तर कर्णध्वजको भिस्साको म्याद तीन वर्षको भएकोले तत्काल घर फर्कन कम्पनीले विदा नदिने भएकोले र आउनै परे पनि धेरै खर्च हुने कुरा फोनबाटै बताउँछन् ।

सरुको लवाईखवाई परिवर्तन आएर उनको रूपमा अझै चमक फैलदै आएको छ । सरुको सिंगारपटारले गर्दा रूप राम्रो भएपछि धेरैले उनलाई जारी गरेर लैजान चाहेको देखिन्छ । सरु हप्ता दुई हप्तामा फिदिमतिर झर्ने गरिरहन्थिन् । उसको दिनचर्यामा परिवर्तन हुँदै गइरहेको छ । सरुको सोचाईमा परिवर्तन भइरहेको छ । अव सरु गाउमै नवस्ने सहरमा गएर बस्ने र केही सीप सिक्ने योजनाका साथमा फिदिम जान्छिन् । फिदिममा विहान कम्प्युटर र दिउँसो सिलाई कटाई सिकाउने ठाउँमा कटिङ सिक्न थाल्छिन् । आवस्यक पर्ने सामान किनेर  दिनचर्यमा रमाइलो पना थप्दै गइरहेकिछिन् ।

समय दिन दिनै वित्दै जान्छ । सरुको माग अनुसार पैसा कर्णध्वजले पठाउँदै आइरहेको छ । यौन चाहनालाई सरुले बारम्बार फोनबाट कर्णध्वजलाई भन्दै गरेकी थिइन् । घर घडेरी किन्ने कर्णध्वजको सपनालाई साकार बनाउन ६ लाख रूपैया पठाईदियो । त्यस पैसाले गढीमा आठ आनी जग्गा किनिन् । त्यसपछि व्यवसाय सुरु गर्न भनी पैसा  मगाइन् । सरुले भने अनुसार नै पैसा पठाई दिएपछि उनी आफ्नै यौन चाहनालाई पूरा गर्न अन्य केटाहरूलाई घुमाउने, खुवाउने काम गर्न थाल्छिन् । फेरी जग्गा किन्ने

भनी १५ लाख रूपैंया कर्णध्वजसंग मगाएर नक्कली धनीपूर्जा मेल गरि पठाई दिएर पैसा भने मोज गर्दैमा सकेकी थिइन् । कर्णध्वजले पठाएको पैसाले यौनाङ्गलाई छुवाएर मात्र यौन सन्तुष्टि हुन नसकेपछि ऊ अन्य केटाहरूलाई लिएर आफ्नै खर्चमा देश विदेश घुम्ने गरेकी छिन् । फेरि पैसा पठाउन आग्रह गर्दा कर्णध्वजले पहिलोको ऋण तिरी नसकेकोले अझै पैसा पठाउन नसक्ने जानकारी गराएपछि सरुले पहिला किनेको जग्गा समेत बेचेर मोजमस्ती मै खर्च गर्न थालिन् ।

समयक्रमसंगै तीन वर्ष वितेपछि कर्णध्वज घर फर्किन्छ । कर्णध्वजले काठमाण्डौ आउन आग्रह गर्छ तर त्यसलाई सरु इन्कार गर्छिन् । कर्णध्वज भोलि फिदिम आइपुग्छ भन्ने वित्तिकै आज नै सरुले कोठाका सामानहरू टि.भि., कम्प्युटर समेत बेचेर अर्कै केटासंग विहे गर्ने निधो गर्दछे । पत्रमा आफ्नो यौन चाहनालाई पूरा गर्न पैसाले नसक्ने भएकोले आफू दुःख गरेर भए पनि जीवन साथी संगै बिताउने निधोका साथमा विगतको घटनालाई चिठी मार्फत अवगत गराएर अवका दिनहरूमा कर्णध्वज जस्तै पैसाका लागि विदेशतिर जाने युवाहरूलाई सुझाव सहित आफ्नो चिठ्ठीको अन्त्य गरी सदाकालागि कर्णध्वजबाट विदा माग्दछिन् ।

कर्णध्वज कल्पनाको संसार बनाउँदै फिदिम आइपुगेर सरुको खोजी गर्दछ । सरुसाई धेरै खोज्यो तर पाएन । अनेक कष्ट गरेर सरु बसेको डेरामा पुग्छ । चाबी फोडेर भित्र पस्दा ढोका छेवैमा कर्णध्वजको नाममा सरुले लेखेको चिट्ठी पाउँछ । आफ्नी प्यारी सरु आफूलाई छोडेर अर्कै केटासंग गएको कुरा थाहा पाएपछि कर्णध्वज म बर्बाद भए भन्दै टाउकोमा हात राख्दै थचक्क भुईमा बस्छ । त्यसपछि यस कथाको घटनाक्रम अन्त्य हुन्छ ।

### ४.१.१.२ पात्र विधान

यस कथा कथाबस्तु प्रधान भन्दा पनि चरित्र प्रधान कथा हो । नारीको यौन मनोवैज्ञानिक समस्यालाई उजागर र समाधान गर्नका निमित्त यसमा सामाजिक जीवन जगत्का बाह्रय पक्ष भन्दा क्षेत्रीय आन्तरिक जीवन र जगतका पक्षलाई खुलाउन, विश्लेषण गर्न र चित्रण गर्न बढी प्रयत्न गरिएको छ । यस क्रममा पात्रीय आन्तरिक जीवन र जगत्का पक्षलाई खुलाउन, विश्लेषण गर्न र चित्रण गर्न बढी प्रयत्न गरिएको छ । यस क्रममा पात्रीय अन्तर्द्वन्द्व, व्यथा, पीडा, यौनजन्य आवेग, कुन्ठा र त्यसबाट उत्पन्न विकृति र विक्षिप्तताको विषय अवस्थाको चित्रण भएको छ ।

पात्रीय भूमिकाका दृष्टिले यसमा प्रमुख पात्रका रूपमा सरु र कर्णध्वज रहेको छन् भने सहायक पात्रका रूपमा सरुको आमा र मामा रहेका छन् । गौण पत्रका रूपमा सरुका साथीहरू, सरुको बाबु, कर्णध्वजका आमा र बाबु आदि रहेका छन् ।

शैलीबैज्ञानिक दृष्टिले कार्य भूमिका प्रवृत्ति जीवन चेतना, लिङ्ग, आसन्नता आवद्धताका दृष्टिले पात्रीय अवस्था, स्थिति र यथार्थलाई हेर्दा निम्न अनुसार वर्गीकृत गरेर यसको पात्र विधानलाई यसरी हेर्न सकिन्छ ।

पोइला नगएर के गर्नु त ? को पात्र विधानगत तालिका

| क.सं. | पत्र | कार्य भूमिका | प्रवृति | स्वभाव | जीवन चेतना | लिङ्ग | आसन्नता | आवबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | सरु | प्रमुख | प्रतिकूल | गतिशिल | वर्गगत | स्त्री | मञ्चीय | बद्ध |
| २ | कर्णध्वज | प्रमुख | अनुकूल | स्थिर | ब्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ३ | सरुको मामा | सहायक | अनुकूल | स्थिर | ब्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ४ | सरुको आमा | सहायक | अनुकूल | स्थिर | ब्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ५ | सरुका साथीहरू | गौण | प्रतिकूल | गतिशिल | ब्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ६ | सरुको बाबु | गौण | अनुकूल | स्थिर | ब्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ७ | कर्णध्वका बाबु | गौण | अनुकूल | स्थिर | ब्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ८ | कर्णध्वजकी आमा | गौण | अनुकूल | स्थिर | ब्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ९ | सरुको भाई | सूच्य | अनुकूल | स्थिर | ब्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| १० | सरुको वहिनी | सूच्य | अनुकूल | स्थिर | ब्यक्तिगत | स्त्री | नेपथ्य | मुक्त |
| ११ | कर्णध्यको भाइ | सूच्य | अनुकूल | स्थिर | ब्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |

## प्रमुख पात्र

### सरु

यस कथाकी केन्द्रीय पात्र हो सरु । यसकै केन्द्रीयतामा कथाका सम्पूर्ण घटनाक्रम घटित भएका छन् । सरु सामान्य कृषक परिवारमा हुर्किएकी २२ वर्षीय अन्त्यन्त सुन्दरी रूपवती युवती हो । पाँच कक्षासम्म अध्ययन गरेकी घरायसी काममा बाबु आमालाई सहयोग गर्दै हुर्किएकी छिन् । रूपवती भएकोले धेरै केटाहरूको आकर्षणमा परेकी सरुको आफ्नै मामाले ल्याएको कर्णध्वजसंग सामाजिक परम्परा अनुसार विवाह हुन्छ । सुरुमा सरु असल र इमान्दार केटीको रूपमा देखापर्छिन । पहिलाकी छोरी अहिले बुहारी भएर आफ्नो घरमा सहयोग गर्दै जाँदै थिइन । आफ्नो श्रीमान्को अनुपस्थितिमा यौन कार्यमा वानी परेकी सरुलाई श्रीमान् विनाको संसार एक्लो भएको महशुस गर्दछिन् । यौन चाहनाले उग्ररूप लिएपछि विदेशमा दुःख,कष्ट गरेर कार्यमा खटिएको श्रीमान्लाई घरमा आउन आग्रह गर्दछिन ।

त्यो आग्रहलाई श्रीमान्ले अस्विकार गरेपछि सरुमा मानसिक तनाव उत्पन्न भएको छ । विवाह पश्चात रमाइला दिनहरूलाई सम्झिएर आफै पिडित भइरहेकी छिन् । पटक पटक फोनबाट आफ्नो यौन चाहनालाई श्रीमान् समक्ष अवगत गराउने पात्रको रूपमा उनलाई लिइन्छ । श्रीमान्ले पठाएको पैसा सरसामान र गहनाहरूले यौन सन्तुष्टि दिएको देखिदैन । पैसाको विटोले पटक पटक यौनाङ्गमा छुवाउँदा पनि यौनानन्द महशुस गर्न नसकेको उनी पैसा भन्दा आफ्नो श्रीमान्को आवश्यकताको खाँचो रहने पात्रको रूपमा रहेकी छिन् । आफ्नो यौन चाहनालाई पूरा गर्न नसक्ने भए पछि श्रीमान्ले पठाएको पैसाले सुन्दरता बढाउन बढी खर्च गर्न थाल्छिन् । फिदिममा बसेर काम सिकी ब्यवसाय गर्ने लक्ष्य लिए तापनि उनी मनोरञ्जनमा मात्र केन्द्रित भएको पाईन्छ । काम सिके पनि ब्यवसायिक रूपमा सञ्चालन गर्नको सट्टा यौन चाहना पूरा गर्नमै समय खर्च गरिरहने पात्रको रूपमा सरुलाई लिइन्छ । श्रीमान्बाट घर जग्गा किन्ने, ब्यवसाय गर्ने, सीप सिक्ने भन्दै पैसा मागेर केटा खेलाउन बिभिन्न ठाँउ घुम्न, रमाइलो गर्नमै खर्च गर्ने प्रतिकुल पात्रको रूपमा चिनिन्छिन् । पहिले त जग्गा किनेर अनुकुल कार्य गरे पनि पछिल्लो समयमा जग्गा किन्ने भनेर मागेको पैसा अन्यत्र खर्च गरेर नक्कली जग्गाधनीपूर्जाको फोटोकपी मेल गरी कर्णध्वजको नाममा पठाएर निक्कै जाली कार्य गर्न समेत पछि परेकी छैनन् । सुरुमा अनुकुल पात्रको भूमिकामा सरु देखिए पनि पछिल्लो समयमा उग्र यौन चाहानले गर्दा प्रतिकुल पात्रको रूपमा देखाउदै लगेकी छिन् । आफ्नो श्रीमान्ले दुःख गरेर कमाएको सम्पतीले मातिएर आफू मस्ति गर्नमा ब्यस्त देखिन्छिन । उनी समाजमा पुरुषहरू आफ्नो यौन चाहनालाई लत्याएर विदेश जाने पुरुष र यौन चाहनाले उग्ररूप देखाउदा आउने नराम्रो परिणामलाई सरुले देखाउन खोजेकी छिन् । यहाँ श्रीमान्ले जतीनै कष्ट गरे पनि श्रीमतिले सही रूपमा उपयोग गर्न नसकेमा परिणाम नराम्रो हुने निश्चित हुने यस कथाले देखाउन खोजेको छ । सरु यौन चाहनालाई रोक्न नसकी श्रीमान् आउने अघिल्लो दिनमा नै अर्को केटासंग विहे गरेकी हुन्छे । यहाँ सरु पुरुषलाई बर्बाद पार्ने पात्रको रूपमा देखापरेकी छिन् । त्यस्तै पैसाको अभाव हटेपछि मातिने पहिचानको स्वभाव पनि सरुले प्रष्ट पारेकी छिन् ।

## कर्णध्वज

यस कथाको प्रमुख पात्रको रूपमा कर्णध्वजलाई लिइन्छ । पाँच वर्षको हङकङ बसाइपछि घर फर्किएर सरुसंग सामाजिक परम्परा अनुसार नै मागी विवाह गर्दछ । उसले यौन कार्यलाई विदेशी फिल्मको नक्कल गर्दै यौनआनन्द लिन खोज्ने विदेशी चालचलनलाई नेपाली समुदायमा भित्राउने पात्रको रूपमा आएको छ । श्रीमतीलाई बानी पार्न खप्पिस भए तापनि विवसता र बाध्यताले निरन्तरता दिन नसक्ने पात्रको रूपमा कर्णध्वजलाई चिनिन्छ । राम्रो भविष्यको कल्पनाको संसार बनाउँदै विदेशी भूमिमा पैसा कमाउन जान्छ । उसले पैसामा भविष्य देखेको छ । उसको विचारमा पैसा भए संसार हुने रमाइलो हुने देखिएको छ । यौन आनन्दलाई भन्दा पनि पैसालाई नै बढी महत्व दिइ दुःख गर्न थाल्छ । श्रीमतीको चाहना र आकांक्षालाई बुझ्न नसक्ने पात्रको रूपमा भए तापनि सुरुदेखि अन्त्यसम्म आफ्नै गतिमा अघि

बढिरहेको छ । शहरमा जग्गा किनेर सुखी र सम्पन्न हुने सपनालाई शाकार पार्न निरन्तर खटिरहेको छ । श्रीमती सरु प्रति अति नै विश्वास गर्दछ । उसले जे भने पनि मानेर पैसा भने पठाएको पठाएकै गर्ने पात्र हो । सीप सिक्ने र व्यवसाय खोल्ने कार्यमा कर्णध्वज पनि सहमत देखिन्छ । आफु जति दुःख गरेर पनि आफ्नी श्रीमतीलाई भने अरु भन्दा कम हुन दिएको छैन । पहिला भन्दा धेरै बढी काम गरेर रात दिन नभनी राम्रै गरी पैसा कमाउने गरेको छ । आफ्नै आमा बुबाभन्दा पनि श्रीमतिको कुरामा बढी विश्वास लिने गरेको पाईन्छ । श्रीमतीलाई सबैकुरा पुऱ्याइदिएको भए पनि यौन चाहनालाई भने पूरा गर्न नसकेकोले गर्दा पछुताउनु परेको छ । श्रीमतीको इच्छा आकाक्षालाई दवाएर भए पनि आफू सम्पन्न हुने सोचाइमा कर्णध्वज लागेको छ । कर्णध्वज आउने अघिल्लो दिनमा चिठी लेखेर कोठामा राखी सरु अर्कै केटासंग विवाह गरेको थाहा पाएपछि मात्र आफू बर्वाद भएको र सरुले आफूलाई फसाएर अन्य केटासंग विवाह गरेकोले अतिनै पछुतोमा परेको छ । उसको सम्पूर्ण कमाई समेत स्वाहा पारी श्रीमती समेत वेपत्त भएपछि कर्णध्वज एक्लो निरिह र पिडीत भएर बस्न बाध्य भएको छ ।

कर्णध्वज पैसाको पछि लागे पनि आफ्नी श्रीमतीलाई थोरै समयमा पल्काएर विदेश गएपछि पटक पटक सरुले आफ्नो पीडालाई अवगत गराँउदा पनि बुझ्न नसकेर दुःख साथ जीवन विताउन बाध्य भएको छ ।

## ) सहायक पात्र

### सरुकी आमा

यहाँ सरुकी आमा सहायक पात्रको रूपमा आएकी छिन् । उनी एक इमान्दार युवती हुन् । आफ्नी छोरीलाई विवाह गर्न सहयोगीको रूपमा भूमिका खेलेकी छिन् । माग्न आउने केटाको सम्पूर्ण जानकारी गराएर छोरी प्रति गर्नु पर्ने कर्तब्य पूरा गरेकी छिन् । परिवार इमान्दारीताका साथ सञ्चालन गर्न सक्ने अनुकुल पात्रको रूपमा देखापरेकी छिन् । स्वभावमा स्थिर भए पनि मञ्चीय र बद्ध पात्रको रूपमा उनी देखिएकी छिन् ।

### सरुको मामा

भान्जी सरुको विवाह असल र इमान्दार केटा कर्णध्वजसंग गराइदिने सहयोगी पात्रको रूपमा आएका छन् । उनी सबैको भलो चिताउने अनुकुल पात्र हुन् । स्वभावमा स्थिर भए पनि कथामा नभइ नहुने पात्रको रूपमा उनी आएका छन् । उनी भएकै कारणले कथाको घटनाक्रम अगाडि बढेको छ । उनी मञ्चीय पात्र हुन् । उनले नै सरु र कर्णध्वजको मेल गराएका हुन् ।

) **गौण पात्र**

यस कथामा सरुका साथीहरू, सरुका बाबु, कर्णध्वजका बाबु आमा, भाई बहिनीहरू गौण पात्रको रूपमा देखा पर्दछन् । यिनीहरूको भूमिका आ-आफ्नो स्थानमा रहेको छ । गौण पात्रहरूले पनि कथालाई अगाडि बढाउन महत्वपूर्ण भूमिका रहेको छ ।

## ४.१.१.३ परिवेश

यस कथामा सामाजिक परिवेश, मनोवैज्ञानिक परिवेश र प्राकृतिक परिवेश गरी तीन किसिमको परिवेशको चित्रण भएको भेटिन्छ । सामाजिक परिवेशका क्रममा सरु र कर्णध्वज बाँचेको गाउँको परिवेश, सरुको गाउँ, फिदिम, फिदिम आसपासका ठाँउहरूको परिवेश, दार्जेलीङ्गको परिवेश, कर्णध्वजको गाँउ, काठमाण्डौ, हङकङ्को परिवेश लगायत विभिन्न ठाँउहरूको परिवेश रहेको छ । विदेशी भूमिमा पसिना बगाएर कमाएको सम्पतीले फिदिममा घर जग्गा किनेर रमाइलोसंग बस्ने चाहना अनुरूप शहर प्रति मोह बढेको छ । सामाजिक परिवेशको चित्रण यिनै स्थानीय सन्दर्भका क्रममा भएको छ र फिदिम जस्तो शहरमा कृतिम वातावरणले गर्दा सरु विकृत र मनोरुग्ण भएकी छिन् । यहाँ पनि शहरमै भएकाले यो मनोरोग कारक परिवेश शहरको निर्माण स्वभाविक देखिन्छ ।

शारीरिक यौन चाहानले ल्याएको समस्याको समाधान जस्तो विषयवस्तु प्रधान कथा भएकोले सरुको यौन कुण्ठा विकृत एवं मनोकमजोरी जस्ता पक्ष र सन्दर्भले कथा मनोरोगीको वातावरणले नै प्रधानता पाएको छ । यसबाट छुटकारा र मुक्ति दिलाउन आवश्यक छ भन्ने युगिन दृष्टि यसमा ध्वनित भएको छ ।

समय र परिवेशका दृष्टिले तीन वर्षको समयको कालखण्ड यहाँ व्यतित छ । यसमा मूलतः कर्णध्वजको जसरी भए पनि पैसा कमाएर सुखी जीवन विताउने छ भने सरुको यो जीवनमा यौन सन्तुष्टि नै मूख्य रहेको कुराको परिवेशलाई निर्माण गरी कथा रचिएको छ ।

मूलत : यसमा यौन चाहना र पैसा कमाउने बीचको द्वन्द्व संघर्ष नै उल्लेख्य परिवेशमा भएको छ । पूरानो रुढिवादी, संकिर्ण संस्कार र सोच विरुद्ध नयाँ पुस्ताको वैज्ञानिक सोच र स्वतन्त्रतावादी सोचको विकास गरिएको छ । पैसा पाएपछि समाजमा महिलाले आफ्नो हाउभाउमा परिवर्तन गरी घटनालाई प्रदर्शन गर्न सघाउ पुऱ्याउने वातावरण बनाएको छ । स्थानीय परिवेशमा गाँउ, फिदिम, फिदिमको होटलको बसाई, टि.भी.मा देखिएका दृष्यहरू, गढी, ओदीन टावार, पौवा-भञ्ज्याङ्ग लब्रेकुटी आदि स्थानमा रमाउन पुगेको छ ।

### ४.१.१.४ उद्देश्य

पोइला नगएर के गर्नु त ? कथा मान्छेको पिडा संग्रहको एक उत्कृष्ट कथा हो । शीर्षकबाट नै कथाको मुख्य उद्देश्य आफै वोल्दछ । यस कथामा सरुको जवानीसँग सुन्दरता पनि थपिएको छ । त्यही सुन्दरतालाई आधार बनाएर धेरै केटाहरूको आकर्षणको केन्द्रविन्दु बनाएको छ । विवाह पश्चात यौन कार्यमा आकृष्ट गराएर बीचैमा छोडी वा यौन कार्यमा बानी पारेर श्रीमान् विदेश गएको छ । हालको समयमा रोजगारीको खोजीमा विदेशका विभिन्न स्थानसम्म गएर काम गर्दै परिवारको जिविकोपार्जन गर्दै आएका छन् । आर्थिक स्रोतको अभावले युवा पुरुषहरू विदेशी भूमिमा पसिना बगाइरहेका छन् । यता श्रीमान्को कमाइमा हालिमुहाली गर्दै स्वदेशमा बस्ने परिवारका सदस्यहरूले मोजमस्ती र रमाइलो गर्दैमा स्वाहा पारिरहेका छन् । विवाह पश्चात कामको खोजीमा पुरुषहरू विदेश जाने गर्दछन् भने घरमा बस्ने श्रीमती चाँहि श्रीमान्को कमाइमा रमाउदै मेकअप,बजार घुम्न,फेसन देखाउन शारिरिक सौन्दर्यता वढाउन अनेक प्रयास गरिरहेका छन् । जसले दुःख गरी पसिना चुहाएर कमाएको धन सम्पती बिना काममा समाप्त पार्दै गएका छन् । हाल श्रीमान् विदेश गएका पुरुषहरूका श्रीमतीहरू धेरैले आफ्नो यौन चाहनालाई पूरा गराउन थालेको पाईन्छ । लामो समयका लागि विदेशिएका श्रीमान् घरमा नभएको बेला यौनावेगले उग्र रूप लिएपछि त्यसको समाधान स्वरूप अन्य केटाहरूसँग हिमचिम बढाउने गरेको पाइन्छ । यौनावेग कै कारणले श्रीमान्ले कमाई गरेको धन सम्पति समेत पोको पारेर अन्य पुरुषसँग पोइला जाने गरेको पाइन्छ । आफ्नो यौन चाहना पूरा नभएपछि अन्य पुरुषसँग पोइला जान महिलाहरू वाध्य भएको पाईन्छ ।

उता पैसाको पछि लागेर विदेशिएका पुरुषहरू भने आफ्नै श्रीमतिको इच्छा, आकांक्षा र चाहनालाई समयमै बुझ्न नसकेकाले पछिल्लो समयमा पछुताएर पीडावोध गर्दै भावी जीवन दुःखमा विताउन वाध्य भएका छन् । यस कथामा श्रीमान् र श्रीमती सँगै बसेर जीवनयापन गरी आफ्नै देशमा मिलेर काम गर्न सकेमा यो समस्या नआउने निश्चित छ । सँगै जीउने र सँगै बाच्ने बाचा कसम खाएर विवाह गरिसकेपछि भावी दिनहरूमा समेत एक अर्काको चाहनालाई बुझेर कार्य गर्नुपर्दछ । यसो गरिएमा जीवनभरीको पछुतो भावबाट मूक्ति दिई सभ्य,सुखी र सम्पन्न परिवार निर्माण गर्नु पनि यस कथाको उद्देश्य रहेको छ । यस कथाले आफ्नै देशमा काम गरेर आफ्नै भूमिको सेवा गर्न पाठ सिकाएको छ ।

### ४.१.१.५ भाषाशैली

यस कथामा प्रयोग गरिएका भाषामा स्थानीय मात्रिभाषाको प्रयोग बढी रहेको पाईन्छ । यस कथामा सहज रूपमा बोलीचालीको समयमा प्रयोग गरिने भाषाको प्रयोग गरिएको छ । यहाँ कुनै पनि तार्किक भाषाको प्रयोग गरिएको पाँईदैन । कथ्य जस्तो तर सहज स्वभाविक भाषाले कथामा रोचकता,कुतुहलता र स्वभाविकता बढाएको छ । वर्णनात्मक शैलीमा अगाडि बढेको घटना प्रदान प्रस्तुत कथामा पात्रहरू बीचको संवादले अत्यन्त मार्मिक एवम् आकर्षक भावलाई अभिव्यक्त गरेको छ । सरल

संवाद कथानक विकासको प्रमुख आधार बनेको छ । ठाँउ ठाँउमा स्थानीय मात्रिभाषाका शब्दावलीको स्वभाविक प्रयोग पनि कथामा पाईन्छ । कतिपय ठाँउमा ठेट नेपाली शब्द,उखान,टुक्का,बिम्ब प्रतिक आदिको संयोजन पनि भएको पाइन्छ । समग्रमा भन्नुपर्दा कथाको भाषा शैली स्वाभाविक देखिन्छ । छोटा र सरल वाक्यले गर्दा कथा जो कोहीलाई बुझ्न सजिलो भएको छ । स्थानीय स्तरका सामान्य शिक्षित पात्रका लागि कठिन नहुने भाषा शैलीको प्रयोग यस कथामा पाईन्छ ।

### ४.१.१.६ दृष्टिबिन्दु

सरु कथाकार रामप्रसाद समथिङको दर्शन प्रस्तुत गर्ने मुख्य पत्रका रूपमा आएकी छिन । त्यसैले कथाका सम्पूर्ण कथात्मक घटना सरुले नै प्रस्तुत गरेकी छिन् र यस दृष्टिले सम्पूर्ण कथ्यको सर्वज्ञ दृष्टिविन्दुको प्रस्तोता सरु हो । धेरै ठाउँमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भेटिए जस्तो देखिए पनि समग्रमा सरु नै केन्द्रीयतामा समाख्यान र प्रस्तुतिको केन्द्रीयतामै प्रस्तुत भएको छ । यस कथाको दृष्टिकेन्द्र तृतीय पुरुषका रूपमा बाह्य सीमित दृष्टिविन्दु रहेको छ । ग्रामिण स्तरमा बसेका पात्रहरूको जनजीवनलाई प्रस्तुत गरिएको छ । यहाँ समाजको यथार्थलाई उतार्ने क्रममा यथार्थबादी ढंगले बाह्य दृष्टिकेन्द्रद्वारा कथाको कथ्य प्रस्तुत गरिएको छ । यहाँ विदेश जाने नेपाली युवा र स्वदेशमै बस्ने आफ्नो परिवारकी श्रीमती यौन चाहनाका कारण पात्रहरू बीच विछोडको बास्तविक संदृष्टिलाई उतार्ने उद्देश्य लिइएको छ ।

### ४.१.१.७ शीर्षक सार्थकता

यस कथाको शीर्षक “पोइला नगएर के गर्नु त ?” रहेको छ । यो कथाको शीर्षकबाट नै सम्भाव्य परिणमलाई बताउन खोजेको छ । सरु गाउँले जवान केटी जसको विवाह पश्चात आफ्नो श्रीमान् कामको सिलसिलामा विदेश गएपछि यस कथाकी मुख्य पात्र सरुको मानसिकतामा परिवर्तन आएको छ । पटक पटक यौन चाहनालाई श्रीमान्सँग बताउँदै जाँदा समेत उसको अनुरोधको अस्विकार भएपछि यौन चाहनालाई पूरा गर्न बाध्य भएकी छिन् । आफ्नो शारीरिक यौन चाहनालाई पोइला गएपछि मात्र समाधान हुने देखिन्छ । त्यसैले यस कथाको शीर्षक सार्थक देखिन्छ ।

## ४.१.२ रचना विधानका आधारमा पोइला नगएर के गर्नु त ? कथाको अध्ययन

यहाँ रचना विधानका आधारमा कथालाई बिभिन्न भागमा विभाजन गरी अध्ययन गरिएको छ । जो निम्न अनुसार रहेका छन् ।

### ४.१.२.१ रुचिक्षेत्र

यस कथामा सरुको सामाजिक तथा यौन मनोबैज्ञानिक विषयबस्तुलाई कथाको रुचिक्षेत्र बनाइएको छ । रूपवती सरु र कर्मशील इमान्दार कर्णध्वजको जीवनमा देखिएको उत्तरचढावलाई समेत यस कथाको रुचिक्षेत्र बनाएको छ ।

सरु सामाजिक दृष्टिकोणमा कसैकी पत्नी , छोरी , बुहारी हुन् । सुखद दाम्पत्य जीवन विताउन चाहे पनि सरुको यौन चाहनाले सन्तुष्टि पूरा हुन सक्ने अवस्था छैन । पैसा कमाउने र सुखी जीवन बिताउने सुन्दर सपना देखेर पुरुषहरू कामको खोजीमा विदेश जाने गरेका छन् । जसले गर्दा आफ्नी श्रीमतीको इच्छा आकाक्षालाई पूरा गर्न सक्दैनन् । उता श्रीमान्को कमाइमा लडिबुडि खेल्दै शारिरिक हाउ भाउ, इच्छा, आकाक्षा पूरा गर्न महिलाहरू लागेको पाइन्छ । जसको परिणाम स्वरूप परिवारमा पीडामा छटपटाई रहनु परेको छ । सरुको अतृप्त यौन चाहनालाई धन सम्पतीले पूरा गर्न नसकेपछि पोइला गएकी छन् तर प्रथम श्रीमान्लाई भने तीन वर्षसम्मको कमाइलाई समेत मोजमस्तीमा स्वाहा पारिदिएर वर्वादीपूर्ण अवस्थामा पुऱ्याएको देखाउने रुचि प्रस्तुत कथामा रहेको छ ।

### ४.१.२.२. रीतिक्षेत्र

यस कथाको रीति क्षेत्र सामाजिक यथार्थवाद र यौन मनोवैज्ञानिक यथार्थवाद रहेको छ । काम विशेषले पुरुषहरू सुन्दर भविष्यको खोजी गर्दै परदेश जानुपर्ने बाध्यता उसको सामाजिक यथार्थ हो भने श्रीमान्को अनुपस्थितिमा यौन पीडमा लिप्त भएकी यस कथाकी पात्र सरुको यौन मनोवैज्ञानिक यथार्थ वादको उपस्थिति भएको पाइन्छ । त्यसैले यस कथामा सामाजिक र यौन मनोविज्ञानको रीतिक्षेत्र प्रयोग भएको पाइन्छ ।

### ४.१.२.३. सारबस्तु

यस कथाकी पात्र सरु अत्यन्त राम्री, सुन्दरी सबैको आँखामा बस्न सक्ने खालकी थिइन् । उनको विवाह पाँच वर्ष हङ्कङ् बसेर तीन महिने छुट्टीमा आएको राम्रो, इमान्दार,कुलघरानको, रक्सी ,सुर्ती केही नखाने छब्बीस बर्षीय केटो कर्णध्वजसँग विवाह हुन्छ । विवाहपछिको तीन महिना सरु र कर्णध्वजको दिनचर्या रमाइलोसँग बित्छ । तीन महिनापछि कर्णध्वज विदेश जान्छ । त्यसपछि सरुको यौन पीडाले ठाउँ लिन नसकेपछि फिदिम बसेर काम सिक्ने र व्यवसाय गर्ने निहूँमा बजार बसेर यौन चाहना पूरा गर्न अन्य केटाहरूसँग अनैतिक सम्बन्ध बढ्दै गएपछि आफ्नो श्रीमान्ले दुःख गरेर गरेको कमाइलाई विभिन्न बहानामा पैसा पठाउन लगाउदै आफ्नो यौन चाहनालाई धनसम्पत्तीले पूरा गर्न नसक्ने ठानेपछि अर्को केटासँग पोइला गएको घटनालाई प्रस्तुत गरिएको छ ।

यहाँ एउटी महिलालाई यौन कार्यमा इच्छुक बनाएर बानी लगाई सकेपछि बीचमा छोडि दिएमा परिणाम भयानक हुने कुरालाई व्यक्त गरिएको छ । धन सम्पत्तीले मात्र मानवीय आवश्यकता पूरा हुन नसक्ने कार्यलाई कथाको माध्यमबाट व्यक्त गरिएको छ । मानिसमा निहित काम बासना दमित भएर रहन्छ र अवसर पाउनसाथ उन्मत्त भएर पोखिन खोज्छ । यौन चाहनालाई नियन्त्रण गर्न नसकेमा परिणाम भयानक हुने गर्दछ । श्रीमान् र श्रीमति रथका दुई पाङ्गा हुन् । यिनिहरू संगसंग एक अर्कालाई बुझ्दै मिलेर अगाडि बढ्नु पर्दछ । महिलाको यौन चाहनालाई धन सम्पतीले मात्र पुग्दो रहेनछ भन्ने यौन मोवैज्ञानिक सत्यतालाई प्रस्तुत कथाले व्यक्त गरेको छ ।

"पोइला नगएर के गर्नु त ?" कथामा खाने मुखले खानेकुरा माग्छ भने नखाने मुखले के माग्दछ ? भन्ने प्रश्नात्मक लोक चाहनालाई विचार वाक्यको रूपमा प्रस्तुत गरिएको छ । कथामा श्रमान् र श्रीमती बीच आत्मियताको सम्बन्ध समेत संकटमा पर्ने सत्यलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### ४.१.२.४. कथानक ढाँचा

यो कथाका ढाँचा रैखिक छ । यस ढाँचामा कथा निश्चित योजनाबद्ध ढँगबाट प्रस्तुत गरिएको छ । योजना भन्नासाथ त्यहाँ आदि, मध्य र अन्त्यको क्रमबद्ध कथानकको विद्यमानता हुन्छ । आदि भागमा कथानकको उठान गरिएको हुन्छ । मध्य भागमा कथानकको विकाश र अन्त्यमा उत्कर्षमा पुऱ्याएको हुन्छ ।

यस कथाको पात्र सरु अत्यन्त राम्री, सुन्दर र रूपवती महिला भएकोले धेरै केटाहरूको आँखामा बिझ्न सफल भएकी छिन् । मागी विवाह गरेरे तीन महिना रमाइलोसंग बिताइ यौन कार्यमा बानी परेर फेरी कर्णध्वज तीन वर्षका लागि पैसा कमाउन र भविष्य उज्वल बनाउन विदेशी भूमिमा गएका छन् । तत् पश्चात सरुको यौन चाहना बढ्दै गएपछि पटक पटक यौन चाहनालाई आफ्नो श्रीमान् कर्णध्वजलाई फोनबाट बताई रहेकी छिन् । पैसा कम हुने र घाटा खाने भएपछि यौन चाहनालाई रोकेर बस्न आग्रह गरिएको छ । जसको सामना सरुले गर्न नसकेपछि आफ्नो श्रीमान्ले कमाएको सम्पतिलाई हालीमुहाली गरी यौनानन्द र मनोरञ्जनमा खर्च गरेर स्वाहा पार्दै विभिन्न निहुँमा पैसा पठाउन लगाएर अन्यत्र खर्च गर्दै गएको छ । यहाँ श्रीमान्ले श्रीमतीलाई अति नै विश्वास गरेको छ । आफ्नो यौन चाहनालाई दवाउन नसकेपछि आवस्यकता पूर्तिको लागि पोइला गएर अधिल्लो श्रीमान् कर्णध्वजलाई वरबाद गराई भागेर गएकी छिन् । यसरी कथालाई धागो बुनेझैं बुन्ने काम भएको छ । स्विटर झैं बुनिएको यो कथामा आदि,मध्य र अन्त्यको अन्तर सम्बन्धलाई कायम गरेर अगाडि बढाइएको छ । यस रूपमा यो कथा रैखिक ढाँचाको बन्न गएको छ ।

प्रस्तुत यस कथामा दृष्यात्मक र संक्षेपात्मक पद्धतिको प्रयोग गरिएको छ । सरुको घर कर्णध्वजको घर, फिदिम, हङ्कङ, दार्जेलिङ जस्ता ठाउँका दृश्यात्मक प्रयोगको उपयोग गरिएको छ । कतै कतै वर्णनात्मक रूपमा दृष्यको संक्षेपात्मक दृष्यको प्रयोग समेत गरिएको छ । विभिन्न कथा शास्त्रहरूको योगका निमित्त र विभिन्न आवश्यक परेको ठाउँमा घटनाहरूको वर्णन गर्नका निमित्त दृश्यात्मक र संक्षेपात्मक दुबै विधिको सन्तुलित अनुपातिक प्रयोग भएको छ ।

### ४.१.२.५. अर्थ सापेक्ष

समथिङ्का सबै कथाहरूमा अर्थ प्रदान गर्ने माध्यम अभिाधात्मक अपनाएको पाइन्छ । यो कथा पाठकले सजिलै र सोझो रूपमा बुझ्न सक्ने खालको बनेको छ । सामान्य पढ्न सक्ने पाठकलाई समेत बुझ्नलाई सजिलो भएको छ । यस कथामा निश्चित पात्र र सुहाउँदो घटनाक्रमको संयोजन गरेर कथाबस्तुलाई प्रत्यक्ष रूपमा बुझ्न सक्ने गरी अभिधात्मक अर्थको कोटिमा कलात्मक ढंगले प्रस्तुत गरिएको छ । स्थानीय भाषाको बढी प्रयोग भएको पाइन्छ । यसमा ठेट नेपाली शब्दको समेत प्रयोग भएको पाइन्छ । शीर्षकसँग मेलखाई एउटी महिला यौन पीडालाई सहन नसकेर पोइला गएरै छाडेकी छिन् ।

### ४.१.२.६. रुपविन्यास पक्ष

यस कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरि सकेपछि कथाकारले यसलाई सुन्दर बनाउनु प्रयोग गरिने युक्तिनै रुपविन्यास हो । यस भित्र कथाको सुक्ष्म तत्वहरु पर्दछन् । यस कथामा सरल र सहज भाषाको प्रयोग गरिएको छ । यस कथामा कथानक ढाचा आदि,मध्य र अन्त्यको क्रममा अगाडि बढेको छ । यहाँ संवृत्त पक्षलाई जोड दिइएको छ । यस कथामा व्याङ्गयको प्रयोग गरिएको छ । कथामा आफ्नो आकांक्षालाई पूरा गर्न नसक्दा पोइला नगएर के गर्नू त ? भन्ने शीर्षक राखिएको छ। प्रकाशनको क्रममा भाषिक शुद्धतामा भने लेखक चकेको पाइन्छ । यस कथामा फोन , मोवाइल, बुक, टि.भि., टावर, किस, बेड, कम्पनी, होटल इमेल आदि आगन्तुक शब्दहरुको प्रयोग भएको पाइन्छ ।

## ४.२ "म एच. आइ. भि. संक्रमित हुँ" कथाको विश्लेषण मूल्याङ्कन

रामप्रकाश समथिङको मान्छेको पिडा कथा संग्रहमा संग्रहित दोस्रो कथाको रूपमा म एच.आइ.भि संक्रमित हुँ शीर्षकको कथालाई राखिएको छ ।

सानै उमेरमा बाबु आमा गुमाएर ऊ आफै पनि टुहुरो भई आफ्ना भाई बहिनीको समेत हेरचाह गर्न जिम्मेवारी बढेपछि मानसिक तनावमा यस कथाको प्रमुख पात्र म रहेको छ । सहायक पात्रको रूपमा भाई, बहिनी, साथीभाई आदि रहेका छन् । प्रसंगवस अन्य गौण पात्रहरूको समेत उपस्थितिमा यस कथाको विकाश भएको छ । यस कथालाई यहाँ प्रसँगानुसार विभिन्न कोण र सन्दर्भबाट विश्लेषण गर्न प्रयास गरिएको छ ।

### ४.२.१ संरचना पक्षका आधारमा म एच.आइ.भि. संक्रमित हुँ कथाको विवेचना

यो कथा कथानक प्रधान भन्दा पनि चरित्र प्रधान रहेको छ । म पात्रको मनोवैज्ञानिक उत्तार चढावलाई प्रस्तुत गरिएको छ । सामाजिक रूपमा परिवारका प्रमुखको अचानक अन्त्य हुदा मानसिक रूपमा पर्ने असरको बारेमा यहाँ देखाउन खोजेको छ । यो कथा विभाजनलाई हेर्दा ११ पृष्ठको वाह्य संरचनामा संरचित छ । यसमा लामा छोटा ११ अनुच्छेद रहेका छन् ।

आन्तरिक सरचनाको दृष्टिमा कथावस्तु त्यति प्रभावकारी नभएपनि पात्रको चरित्र चित्रणमा बढी केन्द्रित भएको पाइन्छ । यहाँ प्रमुख पात्रको मनोविज्ञानको विश्लेषण गरिएको छ । त्यस्तो सामाजिक विकृति र विसंगतिको समेत उजागर गर्ने कार्य भएको छ । यहाँ प्रमुख पात्रको रूपमा प पात्र वा श्याम आएको छ । भने यसको जीवनमा घट्ने घटनाहरूको सेरोफेरोमा यस कथाको संरचना अडिएको छ ।

#### ४.२.१.१ कथाबस्तु

पाँचथर जिल्लाको दुर्गम गाउँमा जन्मिएको श्याम आर्थिक स्थितिले एकदमै दयनीय सानै उमेरमा आमा, बाबु, बहिनी र भाइ टुहुरो केटोको रूपमा आएको छ । आफ्ना भाइ बहिनीलाई समेत हुर्काउने जिम्मेवारी बोकेको श्यामको पुर्खौली सम्पती भनेको एक हलले जोत्न सक्ने पाखोबारी मात्र रहेको छ । श्याम सानैदेखि सोझो, इमान्दार, भलाद्मी र श्रममा विश्वास गर्ने मान्छे थियो । बाबुको मृत्यु भएको १० दिन पछाडि नै आमाको मृत्यु भएकोले सानो बालक एकै चोटी आमा र बाबु बिहिन भएको छ । बाबु आमालाई एकैचोटी गुमाउनु परेकोमा उनीहरू अति नै दुखी भएका छन् । समाजिक सस्कार अनुसार बाबु र आमाको एकै चोटी काजक्रिया समाप्त गर्दछन् ।

एक वर्ष पश्चात कपडा किन्ने सिलसिलामा फिदिम बजार जान्छ । त्यहाँ एकहप्ताको बसाइमा फिदिमको बारेमा बुझ्यो र काम गर्न होटल मालिकसंग आउने कार्यमा छलफल गर्छ । फिदिमबाट घर फर्किएर भाइ बहिनीलाई समेत मनाएर फिदिम आउने निधो गर्छ र फिदिम जान्छन । केही दिन होटलमा काम गर्छ । बजारमा घर निर्माण गर्ने काम गरेर थोरै पैसा कमाउछ । त्यसैले आफ्नो जीविका जेनतेन चलाउछ र भाइ बहिनीलाई समेत विद्यालय पठाउछ । बिजुली वायरिङ्गको तालिम १५ दिनसम्म लिन्छ ।

माध्यमिक तहमा अध्ययनरत श्यामलाई इमान्दार मेहनती भएकै कारणले सबैले मन पराउछन् । बिजुली बायरिङ्गको काम गर्न थालेपछि केही पैसा कमाउन सक्षम हुदा सबैको प्यारो भएकोले नै श्यामलाई विद्यालयमा शिक्षक र विद्यार्थी साथीहरूले समेत कपी, कलम, खाजा र पोशाक दिएर सहयोग गर्छन । सहरमा प्रवेश गरेपछि साथीहरूको संगत पनि बढ्दै जान्छ । संगत गुणाको फल भनेझै श्यामका साथीहरूले उसलाई जाँड, रक्सी, चुरोट तान्न सिकाए । चुरोटमा नसालु पदार्थ लगाएर तान्न समेत सिकाए । त्यसपछि साथीहरूको संगतले श्यामलाई समेत नसामा लठ्ठ पारिरहे । अनैतिक र असुरक्षित शारिरिक यौन सम्पर्क समेत गर्न सिकाए । जसको कारणले यौन सन्तुष्टी लिन थालेपछि श्याम पनि पल्किएको थियो । सुइद्धारा समेत नसालु पदार्थ लिएर लठ्ठ हुन थालेको थियो ।

असुरक्षित यौन सम्पर्कका कारण उसको शरीरमा रोग लागि सकेको थियो । उसको सामान्य विराम पनि निको हुन छोडिसकेको थियो । विद्यालय समेत जान छोडिसकेको थियो । उसको सर समेत आएर अस्पतालमा उपचार गर्न आग्रह गर्नु भएको थियो । सबैको आग्रह अनुसार अस्पतालमा गएर रगत परिक्षण गर्न दिएको छ । पन्ध्र दिनपछि रगत परिक्षणको नतिजा डाक्टरले दिनु भयो । नतिजामा उसलाई प्राणघातक रोग एच.आइ.भि. रोग लागिसकेको देखियो । डाक्टरले धेरै सम्झाएर श्यामलाई सकेको सहयोग गर्ने बताउनु भएपछि श्याम बेहोस भई लड्न पुग्छ । होसमा आएपछि कोठामा गएर आफ्नो रोगको बारेमा भाई बहिनीलाई सुनाउछ । सो कुरा सुनेर भाई बहिनी पनि अति नै दु:खी भएका थिए । आफूले गरेको कुकार्यको परिणाम सम्झेर श्यामले बाँच्नु भन्दा मर्नु नै उत्तम ठानेर भाइ बहिनी निदाएको समय पारी डोरी बोकेर कोठादेखि पर गएर एउटा रुखमा झुण्डिएर आत्महत्या गर्न खोज्छ तर कारणवस डोरी चुडिएर भुइमा पछारिन पुग्छ । त्यसपछि मर्ने दिन आएको रहेनछ भन्दै फेरी डेरामा फर्कन्छ ।

२० वर्षको कलिलो उमेरमा नै प्राणघातक रोग लागेकोले पीडा बोध गर्दै पछुताएर बाँच्न विवस भएको छ । साथीहरूको लहैलहैमा लागेर बेलैमा सोच्न नसकेर उ अत्यन्त दु:ख साथ जीवन काटिरहेको छ । राम्रो बाटो देखाउने कोही नभएकै कारणले आफ्ना साथीहरूले इमान्दारिता र गरिवीको फाइदा उठाएका छन् । यस रोगको औषधी उपचार गर्ने पैसाको समेत उसमा अभाव रहेको छ । उसलाई आफू मरेर जाँदा समेत अरुको आलोचना छि :छि र दुर दुर गरेर छोड्ने कल्पना गर्दछ । आफूलाई यो रोग लागेपनि अरुलाई यो रोग लाग्नबाट बचाउन आग्रह गरेको छ । यस रोगको बारेमा सबैलाई जानकारी दिनुपर्ने समेते आग्रह गरी यस कथाको कथानक चिन्तै चिन्ता र समस्यामा गएर अन्त्य भएको छ ।

### ४.२.१.२ पात्र विधान

चरित्र प्रधान कथाको रूपमा यस कथालाई लिइन्छ । यहाँ पुरुषको मनोविज्ञानलाई चित्रण गरिएको छ । परिवारको मूख्य सदस्यको अभावमा अन्य साथीहरूको लहैलहैमा लागेर विग्रन समेत केही समय लाग्दैन । यहाँ पात्रीय आन्तरिक जीवन जगतहरू राम्रो र नराम्रो पक्षलाई खुलाउन विश्लेषण र चित्रण गर्न प्रयत्न गरिएको छ । यहाँ समाजिक, पारिवारिक, आर्थिक र मनोवैज्ञानिक पीडा , व्यथा, विकृति र विसंगतिलाई उजागर गर्न खोजिएको छ ।

पात्रीय भूमिकाका दृष्टिले यस कथामा प्रमुख पात्रको रूपमा श्याम रहेको छ भने सहायक पात्रको रूपमा भाई बहिनी, होटल, मालिक, डाक्टर आदि रहेका छन् । गौण पात्रका रूपमा आमा, बुबा, गाउँका इस्टमित्र, साथीहरू, सर आदि रहेका छन् ।

शैली वैज्ञानिक दृष्टिले कार्य भूमिका, प्रवृत्ति, जीवन चेतना, लिङ्ग, आसन्नता, आवद्धताका दृष्टिले पात्रीय अवस्था स्थिर र यथार्थलाई हेर्दा निम्न अनुसार वर्गीकृत गरेर यसको पात्र विधानलाई यसरी हेर्न सकिन्छ :

म एच.आइ.भि. संक्रमित हुँ को पात्रविधानगत तालिम

| क्र. स. | पात्र | कार्य भूमिका | प्रवृत्ति | स्वभाव | जीवन चेतना | लिङ्ग | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्याम | प्रमुख | प्रतिकूल | गतिशील | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| २ | भाई | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ३ | बहिनी | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | मञ्चीय | बद्ध |
| ४ | होटल मालिक | सहायक | अनुकूल | स्थिर | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| ५ | डाक्टर | सहायक | अनुकूल | स्थिर | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| ६ | साथीहरू | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ७ | आमा | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | महिला | नेपथ्य | मुक्त |
| ८ | बुबा | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| ९ | इष्टमित्र | गौण | अनुकूल | स्थिर | वर्गगत | पुरुष | नेपथ्य | मुक्त |
| १० | काका | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| ११ | सर | गौण | अनुकूल | स्थिर | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |

**) प्रमुख पात्र**

**श्याम**

पाँचथरको दुर्गम गाउँमा वसोवास गर्ने श्याम सानैमा आमा बाबु गुमाएको आर्थिक रूपले कमजोर एक टुहुरो केटाको रूपमा आएको छ । सानैदेखि सोझो इमान्दार, भलाद्मी र श्रममा विश्वास गर्ने खालको छ । बाबु मरेको दश दिनपछि नै आमाको समेत मृत्यु भए पनि उसमा हिम्मत भने हराएको छैन । आफ्ना भाई, बहिनीको हेरचाह गर्न, विद्यालय पठाउन र आफू पनि कठिन संघर्ष गरेरै भएपनि अध्ययनलाई निरन्तरता दिइरहेको छ । गाउँमा बसेर राम्रो आम्दानी गर्न नसकेर बजारको एक होटल मालिकको सहयोगमा फिदिम बजारमा नै भाई बहिनीलाई लिएर जान्छ ।

कामको सिलसिलामा उसले होटलमा भाँडा माझ्ने घर निर्माणमा काम गर्दै जाँदा विजुलीको बायरिङ्को १५ दिनको तालिम पश्चात सोही कामलाई निरन्तरता दिइरहन्छ । आफू, भाई र बहिनीलाई जेनतेनले बचाउने काम गरिरहेको छ ।

गरिबी र इमान्दारीता थाहा पाएपछि आफ्ना मिल्ने साथीहरूले स्कूल पढ्दा डट कपी पोशाक आदि दिएर सहयोग गर्दथे । साथीलाई धेरै विश्वास गर्ने भएकोले संगत समेत साथीहरूकै बढी हुन जान्छ । साथीहरूले उसलाई सहयोग गर्ने नाममा जाँड, रक्सी, चुरोट सेवन गर्न वाध्य बनाउछन् । पछि गएर नसालु पदार्थको सेवन गर्नुका साथै नसामा लट्ट पार्ने सुइको समेत प्रयोग गर्न थाल्दछ । केटा केटी दुबै खाले साथीहरू नसालु पदार्थ सेवनका सहपाठी भएकाले सँगै खाने सँगै सुत्ने कार्य समेत भइरहन्छ ।

असुरक्षित यौन सम्पर्कका कारण उसलाई रोगले च्याप्दै गएको छ ।

सामान्य रुघा खोकी र झाडापखालाले समेत बढी च्याप्न थालेपछि शिक्षक र साथीहरूको सल्लाहमा अस्पताल गएर रगत परिक्षण गराउछ । रगत परिक्षणको नतिजा १५ दिनपछि उसको हातमा पदार्थ मात्र उ एच.आई.भि. सक्रमीत भइसकेको थाहा पाउना साथ बेहोस भएर लड्छ होसमा आएपछि आफ्नो डेरामा गएर आफ्ना भाई बहिनीलाई समेत रोगको बारेमा बताउछ । प्राणघातक रोग लागेको कारणले पछुताउदै कसैले थाहा नपाई राती नै झुण्डिए पनि डोरी चुडिएर भुइँमा पछारिएपछि अझ बाँच्ने आशाका साथमा फेरी डेरामा गई आराम गर्छ ।

विगतका नराम्रा कार्यलाई सम्झिएर उ पछुताएर बाँच्न विवश रहेको छ । मृत्युपछि समेत आफूलाई सन्तुष्ट नहुने सम्झिएको छ । मरेपछि पनि छि. छि  र दुरदुर सहेर कुकुर बिरालो झै महत्वहिन हुने भविष्यबाणीका साथ जीवन बिताइरहेको छ ।

यस कथाको प्रमुख पात्र श्याम सुरुमा अनुकुल देखिए पनि पछि साथीहरूको संगतले प्रतिकुल अवस्थामा पुऱ्याएको छ । ऊ पहिला असल, इमान्दार, भएपनि स्थिर अवस्थाबाट गतिशील बन्न पुगेको छ । यहाँ ऊ आफू मात्र नभई आफ्ना भाई बहिनीको समेत हेरचाह गर्न सक्रिय रूपमा मञ्चीय छ । ऊ कथामा नभइ नहुने पात्रको रूपमा बद्ध पात्र हो ।

## ) सहायक पात्र

### भाइ

यस कथाको सहायक पात्रको रूपमा भाईलाई लिइन्छ । दाइलाई माया गर्ने इमान्दार पात्रको रूपमा यसलाई लिइन्छ । प्रवृत्तिका आधारमा अनुकुल र स्वभावका आधारमा स्थिर पात्रको रूपमा भाइलाई लिइन्छ ।  ऊ दाजुको भनाइलाई काट्न नसक्ने पात्र हो । ऊ दाजुको कमाइमा आश्रित पात्र हो । दु:ख गरेर भए पनि पढाइलाई निरन्तरता दिदै आएको छ ।

### बहिनी

यस कथाकी सहायक नारी पात्रका रूपमा बहिनीलाई लिइन्छ । उनी पनि टुहुरी भएकाले दाजुको कमाइमा आश्रित भएर बाँच्नु परेको छ । आफ्नो साहाराको रूपमा रहेको दाजुलाई एच.आइ.भि. संक्रमण भएको सुन्दा अत्यन्त दु:खी छिन् । उनी विरामी दाइको हेरचाहमा गर्नमा सक्रिय रहेकी छिन् । प्रवृत्तिका आधारमा अनुकूल र स्वभावका आधारमा स्थिर पात्रको रूपमा उनलाई लिइन्छ ।

### होटल मालिक

यस काथाको निकै महत्वपूर्ण सहायक पात्रको रूपमा होटल मालिकलाई लिइन्छ । यहाँ कथाको मुख्य पात्र श्यामलाई शहर भित्राउन सफल भएको छ । काम खोजी दिने र शहर आउन उत्साही बनाउने काम यसले गरेको छ । काम खोजी दिएर श्यामको लागि राम्रो काम गरेको छ । उ अनुकुल पात्रको रूपमा चिनिन्छ । स्वभावको आधारमा स्थिर र जीवन चेतनाका आधारमा वर्गगत भूमिका निभाएको छ ।

ऊ मञ्चीय र नभइ नहुन पात्रको रूपमा लिइन्छ । ऊ एक अरुको दुःख बुझ्ने सहयोगी पात्रको रूपमा देखा परेको छ ।

**डाक्टर**

सुरुमा उपस्थित नभए पनि पछिल्लो समयमा डाक्टरको भूमिका निकै महत्वपूर्ण रहेको छ । श्याम विरामी भएर उपचारको क्रममा प्रयोगशालााबाट श्यामलाई एच्.आइ.भि संक्रमित भएको प्रमाणित गरिदिन्छ । श्यामलाई धेरै कुरा भनेर सचेत बनाउने गर्दछ । निरास हुनुबाट बचाउन श्यामलाई निकै सहयोग गरेको छ । ऊ अस्पतालमा बसुन्जेल जुनसुकै समयमा भएपनि हेरचाह गर्ने कुरा बताउछ । ऊ एक सहयोगी पात्रको रूपमा देखापर्दछ । ऊ कार्य भूमिकाका आधारमा सहायक, प्रवृत्तिका आधारमा अनुकुल, स्वभावका आधारमा स्थिर , जीवन चेतनका आधारमा वर्गगत भइ मञ्चीय र उसको अनिवार्य उपस्थित हुने बद्ध पात्रका रूपमा लिइन्छ ।

) **गौण पात्र**

यस कथामा प्रयोग भएका गौण पात्रहरूको पनि निकै महत्वपूर्ण भूमिका रहको छ । गौण पात्रहरूमा श्यामका साथीहरूको भूमिका भुल्न सकिन्न । साथीहरू सुरुमा अनुकुल पात्रको भूमिका निभाए पनि पछि गएर श्याम जस्तो इमान्दार व्याक्तिलाई फसाएर नसामा लाठ्याईदिएका छन् । त्यस्तै श्याम एच.आइ.भि रोगको सिकार बन्नमा साथीहरूकै कारण श्यामको भविश्य अन्धकार बन्न पुगेको छ । प्रत्यक्ष रूपमा कथामा नआए पनि नेपथ्यबाट कथा अगाडि बढाउन लागेका छन् ।

यस कथामा प्रयोग भएका अन्य गौण पात्रहरू आमा, बाबु, गाउँका इष्टमित्रहरू, काका, सर आदि पात्रहरू रहेका छन् । यीनिहरूले आ-आफ्नो स्थानमा रहेर कथालाई अगाडि बढाउन सहयोग गरेका छन् । यी पनि कथामा नभई नहुने पात्रको रूपमा रहेका छन् ।

## ४.२.१.३ परिवेश

प्रस्तुत ‘‘म एच.आइ.भि. संक्रमित हुँ’’ कथाको परिवेश ग्रामिण र बजारको छ । बालक श्यामका आमा बुबाको अकालमा नै मृत्यु भइसकेको छ । सामान्य र निम्न स्तरको गरीब परिवारमा श्याम जन्मिएको छ । यहाँ गाउँको झुप्रो घर, नजिकैको फिदिम बजार , अस्पताल , होटल , विद्यालय, बिजुलीको बायरिङ्ग स्थल, भवन निर्माण आदि स्थानको वरिपरी रहेर कथाको परिवेश बनेको छ । यहाँ बस्ने स्थलको रूपमा डेरा रहेको छ । यही डेरामा नै बसेर विविध घटनाक्रम अगाडि बढेको छ । ग्रामीण क्षेत्रमा काम गरेर खान लगाउन नपुऱ्याउने अवस्था भएपछि सहरीया वातावरणमा मुख्य पात्र श्याम र उसका भाई बहिनीको प्रवेश भएको छ । यसरी यो कथा ग्रामीण र सहरीया परिवेशमा घुमेको छ ।

समय र परिवेशका दृष्टिले स्पष्ट समय नतोकिए पनि मुख्य पात्र २० वर्ष पुगुन्जेलसम्मको अवधिलाई देखाएको छ । श्याम टुहुरो बालक भएर पनि आफ्ना साना साना भाई बहिनीलाई हुर्काउदै शिक्षित समेत बनाउनु पर्ने जिम्मेवारी उसमा थामिएको छ । यस्तो मानसिक रूपमा

चिन्तित बातावरणमा यस कथाको घटनाक्रम अगाडि बढेको छ । जीविकोपार्जनका लागि जस्तोसुकै काम गर्नु पर्ने उसको बाध्यता रहेको छ । गरिबी र इमान्दारीताको फाइदा उठाएर साथीहरूले सहयोग गरिरहेका छन भन्दा भन्दै आफै फसिन पुगेको छ । ऊ आमा बाबुको मायाबाट बञ्चित भएकै कारणले अनेक समस्यामा जुध्दै आएको छ । ठाउँ अनुसारको बातावरणले पनि राम्रो भन्दा बढी नराम्रो कार्यमा पुऱ्याउन सफल भएको छ ।

### ४.२.१.४ उद्देश्य

सानै उमेरमा बाबु र आमा गुमाउनु परेकोले आफ्नो हेरचाह गर्ने कोही पनि नभएपछि परिस्थितिका दासी भएर अनेक किसिमको दु:ख कष्ट गर्नु पर्दछ । खेतीपाती पनि थोरै भएको गरिब परिवारमा हुर्किएकाले गरि खाने ठाउँको अभाव भएपछि गाउँलाई छोडेर सहर प्रवेश गर्ने र सहरमा अनेक कार्य गर्नु पर्ने बाध्यता सबैमा रहन्छ । एक्लै बाँच्न केही सहज भए पनि सपरिवारलाई ननिबुतो गरेर पाल्न निकै नै कठिन हुन्छ । परिवारको सदस्यको माया ममताबाट बञ्चित भएपछि साथीहरूको समेत सहयोगको अपेक्षा गर्नु पर्दछ ।

सोझो र इमान्दारलाई सबैले फसाउन नै खोज्छन् । एक हातको थोरै दिएर अर्को हातले धेरै लिने गर्दछन् । यस्ता साथीहरूको स्वार्थी सेवा र निस्वार्थी सेवा के हो आफैले बुझेर मात्र काममा हाम फाल्नु पर्दछ । हामीले कुनै पनि काम गर्नु भन्दा पहिले ठीक छ कि छैन भनी सोचेर अगाडि बढ्नु पर्दछ । सहयोगी हातलाई साथमा लिएर पनि स्वार्थी हातहरूबाट सधै टाढा हुनु नै पर्दछ ।

इमान्दारी र सोझोपनाको फाइदा लिएर श्याम जस्तो व्यक्तिलाई जाँड, रक्सी,चुरोट, नसालु पदार्थ र सुइबाट समेत नसालु पदार्थ प्रयोग गर्न लगाइ अनैतिक वा असुरक्षित यौन सम्पर्क गर्न समेत बाध्य बनाएर एच.आइ.भि जस्तो प्राणघातक रोगको सिकार बनाउन साथीहरूको भूमिका अति नै ठूलो छ । जसले गर्दा श्याम जीवनभरी दु:ख, चिन्ता, पीडा र समाजको छि : छि र दुरदुर सहेर बस्नु परेको छ । रोग लागेको थाहा पाउने वित्तिकै आत्महत्या गर्न विवस पारिएको छ । कारणवस बच्यो र पनि भावी जीवन निकै नै कठिनताका साथ विताउनु पर्ने वाध्यता छ ।

यस कथाको मूख्य उद्देश्य भनेको सहयोग गरे भन्दैमा पूर्ण रूपमा साथीको विस्वास नगर्न र गर्नै परे पनि सोचविचार गरेर मात्र निर्णयमा पुग्नु रहेको छ । रोग लाग्नु भन्दा रोगै लाग्न नदिई सुखी र सम्पन्न जीवन बिताउन हामी सबैले सिक्नु पर्ने आजको आवश्यकतालाई कथाको माध्यमाबाट आजको जनमानसलाई आग्रह गरिएको छ ।

### ४.२.१.५ भाषा शैली

म एच.आइ.चि. संक्रमित हुँ, कथामा कथाकारको भाषिक कलाले खेल्ने प्रशस्त मौका पाएको छ । श्यामको मनोविश्लेषणात्मक रूपमा यथार्थ स्थितिको चित्रण गर्दै प्रशस्त संवादहरूको प्रयोग गरिएको

छ । संवादमा स्वभाविकता र संक्षेप्तता पाइन्छ । वर्गभेदपूर्ण नेपाली समाजको पृष्ठभूमिमा प्रगतिवादी विचार प्रस्तुत गर्न स्वभाविक यथार्थ र मार्मिक घटनालाई आधार बनाइएको छ । श्यामको यथार्थमा पीडाबाट कारुणिकता झल्किएको छ । गाउँमा बोलिने कथ्य निकट भाषाले स्वभाविकतालाई बचाएको छ । कथामा स्थानीय भाषाको बढी प्रयोग भएको पाइन्छ । कथामा आदरार्थी भाषाको प्रयोग नगरी मातृभाषालाई नै बढी देखाउन खोजिएको छ । कथा सहज सरल भाषामा लेखिएकोले पाठकलाई बुझ्न सहज भएको छ । सामान्य शिक्षित पाठकले समेत कथालाई सजिलै बुझ्न सक्ने खालको छ । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको यस कथामा आलङ्कारिक अभिव्यक्तिलाई समेत प्रयोग गरिएको छ । कथामा घुमाउरो भाषाको प्रयोग नभई सोझो रूपमा अविधा अर्थको प्रयोग भएको छ ।

### ४.२.१.६ दृष्टिविन्दु

म पात्र कथाकार समथिङको दर्शन प्रस्तुत गर्ने मुख्य पात्र हो । त्यसैले कथामा सम्पूर्ण कथात्मक घटना म पात्रले नै प्रस्तुत गरेको छ । यहाँ म पात्रको जीवनमा आइपरेका घटनाहरूलाई आफ्नै माध्यमबाट घटनाको सविस्तार प्रष्ट गरिएको र बीच बीचमा पात्रीय संवाद र कथनले चरित्र र घटनाक्रम जीवन्त भएपनि मूलतः प्रथम पुरुष दृष्टिविन्दु अन्तर्गत केन्द्रिय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यहाँ म पात्रले आफ्नो कुरालाई निजी तवरले भनिरहेको छ ।

### ४.२.१.७ शीर्षक सार्थकता

यस कथाको शीर्षक म एच. आइ.भि. संक्रमित हुँ, रहेको छ । यस कथाको शीर्षकले नै कथाको मुख्य पात्र म रहेको र ऊ एच.आइ.भि. संक्रमित भएको कुरालाई प्रष्ट पारेको छ । सानैमा बाबु आमा विहिन टुहुरो बालक त्यसमा पनि पारिवारको जेठो छोरो भएकोले परिवारका अन्य सदस्य भाइ र बहिनीको समेत हेरचाह गर्नु पर्ने बाध्यता उसमा आएको छ । समस्या निराकरणका लागि सहर पसेको र साथीसँगीको लहैलहैमा लागेर कुसंगतमा लागेकाले ऊ कुलतमा लागेर एच.आइ.भि. संक्रमित भएको छ । यो रोग लागेपछि उ विवसता र वाध्यता साथ पश्चाताप वोध गर्दै पीडामुलक जीवन चलाउन वाध्य भएको छ । त्यसैले यस कथाको शीर्षक अभिधात्मक रूपमा नै सार्थक देखिन्छ ।

## ४.२.२. रचना विधानका आधारमा "म एच. आइ. भि. संक्रमित हुँ" कथाको अध्ययन

यस कथालाई रचना विधानको आधारमा कथालाई बिभिन्न भागमा विभाजन गरी अध्ययन गरिएको छ जो निम्न अनुसार रहेका छन् :

### ४.२.२.१ रुचिक्षेत्र

एउटा वालक सानैमा आमाबुबाको माया, ममता र रेखदेखबाट बञ्चित हुदा उसको मानसिक अवस्थामा आएको परिवर्तन अध्ययन गर्नु नै यसको मूख्य रुचिक्षेत्र हो । परिवारिक जिम्मेवारी अएपनि त्यसलाई बुझ्न सकिएन भने स्थिति भयावह हुने निश्चित छ । साथीसंगीको लहैलहैमा लागेर असल र इमान्दार व्यक्ति समेत विग्रन केही समय नलाग्ने र जीवन नै बर्वाद बनाइ दिने कार्य नै यस कथाको रुचिक्षेत्र हो । यहाँ गाउँको मानिस सहर पसेपछि सहरमा आएर चाँडै विग्रिएको र उसको जिम्मेवारीबाट पन्छिएको पाइन्छ । यहाँ आर्थिक विपन्नताका कारण अरुको थोरै सहयोगलाई पनि ठूलो सहयोगको रूपमा लिएको छ । त्यसैले साथीहरूले राम्रो काम नै गर्न सिकाउदैछन् भन्दा भन्दै प्राण घातक रोग एच.आइ.भि. लागेपछि श्यामको जीन्दगीलाई बाँच्नु र मर्नुको दोसाँधमा रहेको समाजमा अपमानित हेलित र विवस भएर बाँच्नु पर्ने तितो यथार्थलाई यस कथाको रुचिक्षेत्र बनाएको छ । मानिसलाई अरुको सहयोग चाहिने तर त्यो सहयोग ठीक र वेठीक के छ त्यो आफैले बुझेर काम गर्नुपर्ने अभिव्यक्तिलाई यस कथाको रुचिक्षेत्र बनाएको छ ।

### ४.२.२.२ रीतिक्षेत्र

यस कथामा सामाजिक र मनोवैज्ञानिक यथार्थवादलाई मुख्य रीतिक्षेत्र बनाएको छ । कथामा बालकको आमाबुबाको चाँडै मृत्यु भएपछि ऊ र उसका भाइबहिनी टुहुरा भएका छन् । त्यसको सामना गर्न श्यामले अनेक दुःख कष्ट सहेर भए पनि आफू र भाई बहिनीको लालन पालनका लागि अहोरात्र खटिनुपरेको छ । एउटा बालकलाई सही निर्देशन दिन नसक्दा उसको मनोविज्ञानलाई बुझ्न नसक्दा खराब संगतमा लाग्न बाध्य हुन्छ ।

### ४.२.२.३ सारबस्तु

यस कथामा गरीब श्यामको आर्थिक अवस्थामा कमजोर छ । सानै उमेरमा उसका बाबु र आमाको दश दिनको फरकमा मृत्यु भएको छ । त्यसैले ऊ सानैमा टुहुरो बनेको छ । आफ्ना भाई बहिनीको पनि हेरचाह, पढाउन र पालनपोषण गर्नु पर्ने जिम्मेवारी श्याममा आएको छ । जग्गाजमिन थोरै रहेकोले त्यसको आम्दानीले उसको परिवारलाई खानलाउन नपुगेपछि दैनिक गुजारा चलाउन ऊ सहित भाईबहिनीलाई लिएर फिदिम जान्छ र दुःख गरेर धेरै समय काममा र फुर्सदको समयमा स्कुल गएर अध्ययन गर्दै भाइ बहिनीको समेत हेरचाह गर्दथ्यो । पढाइ र रूपमा राम्रै भएकोले धेरैको मन जित्न सकेको थियो । साथीलाई अत्यधिक बिश्वास गर्ने भएकोले उनीहरूको भनाइलाई मान्दै गयो । उसको इमान्दारिताको फाइदा उठाएर साथीसंगीको फन्दामा परी लागूपदार्थको दुर्व्यसनीमा फसेर आफ्नो जीवनलाई बर्वादितिर लगिरहेको पाइन्छ । जसको परिणाम स्वरूप उसको शरीरमा प्राणघातक एच.आइ.भि रोग लागेको थाहा पाएपछि मृत्युको मुखमा जान डोरीमा झुण्डिएर आत्महत्या गर्न अग्रसर रह्यो । ऊ डोरीको सहायताले डेरा नजिकैको रुखमा पासो लगाएर झुन्डिन पुग्छ । संयोगबस डोरी चुँडिएर भुँइमा पछारिएपछि उसको दिमागमा अझै बाँच्ने र केही गर्ने साहस लिएर डेरामा फर्कन्छ । घर

फर्किएर आफना पीडाका दिनहरूलाई सम्फिएर दैनिक गुजारा गरिरहेको छ । ऊ चोट सहेर पनि बाँचिरहेको छ ।

यस कथामा साथीको लहैलहैमा लागेर लागु पदार्थको दुर्व्यसनीमा फसेको श्याम अन्त्यमा एच.आइ. भि संक्रमित भएर समाजमा बाँचिरहेको छ । उसमा सही बाटो देखाइदिने मान्छेको अभाव खड्किएको छ । जसको परिणाम स्वरूप नराम्रो कुलतमा फसिएको छ । उसलाई पारिवारिक चिन्ताको साथै समाजमा समेत नराम्रो दृष्टिकोणले हेर्न पुगेमा उसको जीन्दगी समाप्त भएर जानेसम्मको अवस्थामा पुगेको छ । सानो गल्तीले गर्दा जीवनभरी पछुताएर बस्नु पर्ने बाध्यता श्याममा रहेको छ । ऊ आफै पनि अरुलाई सही र सत्य सन्देश दिन आफूले गरेको गल्तीको प्रायश्चित गरिरहेको छ । सानैमा बालबालिका टुहुरा भएपछि उनिहरूको मानसिक अवस्थामा गहिरो चोट पुग्ने गर्दछ । साहराको रूपमा साथीसंगीको विश्वास गरे पनि खराब संगतले थाहै नपाई नराम्रो बाटोमा फसाइदिन्छ । जनचेतनाको अभावमा प्राणघातक रोग फैलिएर कयौ युवा युवतीहरू भविष्यलाई अन्धकारमा डुबाइरहेका छन् । पारिवारिक माया ममताबाट बञ्चित भई गहन जिम्मेवारी लिएको बालक सधै पीडामय जीवन विताउन बाध्य भएको छ । जन चेतनाको अभावमा र साथीसंगीको लहैलहैमा कयौ नेपाली बालबालिका एच.आइ.भि. जस्तो भयानक प्राणघातक रोगको सिकार हुन पुगेका छन् । मानसिक तनावका कारण अकालमै आत्महत्या गरी ज्यान गुमाउन पुगेका छन् । यसले भविष्यमा नराम्रो विन्दुमा पुऱ्याउने कटु सत्यलाई यस कथामा कलात्मक ढंङ्गले प्रस्तुत गरिएको छ ।

### ४.२.२.४ कथानक ढाँचा

यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । यस ढाँचामा कथा निश्चित र योजनाबद्ध रूपमा प्रस्तुत गरिएको छ । कथानक आदि, मध्य र अन्त्यको क्रमबद्ध विकाश भएको छ । यहाँ आदि भागमा कथानकको उठान, मध्य भागमा कथानकको विकाश र अन्त्य भागमा कथानकको निष्कर्ष दिइएको छ ।

यस कथाको प्रमुख पात्र श्याम हो । ऊ गरीब परिवारमा जान्मिएको छ । दश दिनको फरकमा बाबु आमा गुमाएको टुहुरो व्यक्ति सानैमा परिवारको ठूलो जिम्मेवारी बहन गरेको छ । कामको खोजीमा शहर प्रवेश गर्नु, सोफो, इमान्दार र सहनशील हुनु, विद्यालय जानु, साथीहरू धेरै हुनु, कलम, कापी लत्ताकपडा आदि उसका लागि आवश्यक सामग्री दिएर सहयोग गर्नु, साथीहरूको भनाइमा लाग्नु,नसालु लागुपदार्थको सेवन गर्नु, केटाकेटी सँगै सुत्नु, असुरक्षित यौन सम्पर्क गर्नु , विरामी पर्नु, अस्पताल जानु, जचाउनु, पन्ध्र दिनपछि विरामको रिपोर्ट आउनु, डाक्टरले सम्फाउनु एच.आइ.भि संक्रमित भएको थाहा पाउनु, रिपोर्ट थाहा भएपछि बेहोस हुनु, होसमा आएपछि डेरामा फर्कनु, भाईबहिनीलाई रोग लागेको जानकारी दिनु, कसैले थाहा नपाउने गरी राती नै कोठाबाट निस्किएर पर गई रुखमा फुण्डिनु, फुण्डिएको डोरी चुडिएर भुँइमा खस्नु, फेरी डेरामा फर्किनु, अतितलाई सम्फिएर पछुताउनु, अवका दिनमा राम्रो काम गरेर बाँच्न चाहनु आदि घटनाहरूको क्रमिक विकाश भएको छ । जसले गर्दा कथा

माथीदेखि तल खोला बगेझैँ सरर गइरहेछ। त्यसैले यस कथाको कथानक ढाँचा रैखिक रूपमा योजनावद्ध रूपमा प्रस्तुत गरिएको छ।

यसमा दृश्यात्मक र संक्षेप पद्धतिको अनुपातिक प्रयोग भएको छ। दृष्य योजना हुनुका साथै उचित स्थानमा वर्णनको पनि उपयोग गरिएको छ। श्याम, भाइ, बहिनी, साथीहरूको वर्णन डाक्टरको उपदेश, श्यामको विरामी अवस्था, रोगको वर्णन जस्ता विभिन्न दृश्यहरूको संयोजन गरिएको छ। आवश्यक ठाउँमा संक्षेपात्मक पद्दतिको उपयोग गरिएको छ। यसरी यसमा यी दुवै विधाको उपयोग गरिएको छ।

### ४.२.२.५. अर्थ सापेक्ष

म एच.आइ.भि. संक्रमित हुँ, कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ। मान्छेले आफ्नो बुद्धि पुऱ्याएर गर्नु पर्ने कार्यलाई देखाउन खोजिएको छ। टुहुरो बालकलाई सबैले साथ र सहयोग गरेर विग्रनबाट बचाउनु पर्छ भन्ने अर्थलाई सापेक्षता प्रदान गरिएको छ। कथाले सोझै रूपमा आफू एच.आइ.भि. संक्रमित भए पनि अरु कसैलाई यस्तो रोग नलागोस् भन्ने उपदेशात्मक अर्थमा व्यक्त गरिएको छ। मान्छे भएर आफूले उचित समयमा उचित निर्णय लिएर उचित काम गर्नुपर्छ भन्ने कार्यलाई अभिधात्मक अर्थ कै कोटिमा कलात्मक ढंगले कथाले व्यक्त गरेको छ।

वर्णनात्मक शैलीमा प्रथम पुरुष ढाँचामा लेखिएको यस कथाको दृष्टिविन्दु केन्द्रीय दृष्टिविन्दु रहेको छ। ग्रामिण जीवनको चित्रण गर्दै पात्रीय संवादलाई पात्रकै माध्यमबाट प्रस्तुत गरिएको छ।

### ४.२.२.६ रुपविन्यास

यस कथामा सरल भाषाको प्रयोग गरिएको छ। वाक्य ठगन सवृत्त रहेको छ। यहाँ उखान टुक्काको प्रयोग गरिएको पाइन्न। शब्द चयन गर्दा कथाकारले सामान्य पाठकले समेत बुझ्न सक्ने खालको रहेको छ। भन्न खोजेको कुरालाई सोझै पात्रका माध्यमबाट व्यक्त गरिएको छ। कहिँ कतै कुनै व्यङ्ग्यको प्रयोग पाइन्न। रिपोर्ट, डाक्टर, पियन, होटल आदि आगन्तुक शब्दहरुको प्रयोग पाइन्छ।

## ४.३ 'हिजोको धने, आजको धनबहादुर सर' कथाको विश्लेषण मूल्याङ्कन

रामप्रकाश समथिङको मान्छेको पिडा कथा संग्रहमा संग्रहित तेस्रो कथाको रूपमा 'हिजोको धने, आजको धनबहादुर सर' शीर्षकको कथालाई राखिएको छ।

शुरुमा एकदम गरीव परिवारमा जन्मिएको धन बहादुर कठिन परिश्रमका कारण पछि गएर एक स्कूलको शिक्षक भए पछि उसको जीवन स्तरमा समेत सुधार भएको विद्यालयको समेत सुधार भएपछि हिजोको धने आजको धनबहादुर सर भएर चिनिन सफल भएको छ । यहाँ मुख्य पात्रको रूपमा धनबहादुर र उसकै परिवार छिमेकी, सदस्य बालबालीका आदि पात्रहरूको उपस्थितिमा यस कथाको विकाश भएको छ । यस कथालाई यहाँ विविध कोण र सन्दर्भबाट विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ४.३.१ संरचना पक्षका आधारमा 'हिजोको धने, आजको धनबहादुर सर' कथाको विवेचना

यस कथामा पात्रको चरित्र नै मूख्य रूपमा आएको छ । धनबहादुरको सामाजिक यथार्थवादी गतिविधिलाई प्रस्तुत गरिएको छ । सामाजिक रूपमा कमजोर आर्थिक अवस्थाका कारणले धेरै दुःख पाएको छ । अन्य मानिसको सहयोगले गर्दा उसको अध्ययन सफल बनाउन सहयोग गरेका छन् । पछिल्लो समयमा उसको दाम, नाम, मान, सम्मान आदिमा परिवर्तन भएको छ ।

यस कथाको संरचना पक्षको विभाजनलाई हेर्दा ६ पृष्ठको बाह्य संरचनामा संरचित छ । यसमा लामा छोटा पाँच अनुच्छेद रहेका छन् । यो कथा मान्छेको पिडा कथा संग्रहको सबैभन्दा छोटो कथाको रूपमा लिइन्छ । यस कथामा पनि कथानक भन्दा पनि चरित्र चित्रणमा नै बढी केन्द्रित भएको पाइन्छ । यस कथामा धन बहादुरको जीवनलाइ प्रारम्भ , विकास, उत्कर्ष र चरम यथार्थ जस्ता क्रमिक विकासित यथार्थतालाई सैद्धान्तिक संगठन साथ सुसंयोजन गरिएको छ । यसमा समाजको उपेक्षित पात्रको रूपमा देखापरे पनि पछि सभ्य, शिक्षित र सबैको मान मर्यादा पाउन सफल भएको छ । मूख्य पात्रको जीवनको सेरोफेरोलाई केन्द्रित बनाएर यस कथाको संरचना आडिएको छ ।

### ४.३.१.१. कथावस्तु

धने गरीव परिवारमा पाँचौ सन्तानको रूपमा यस धर्तीमा पाइला टेकेको छ । साग र सिस्नो समेत खानका लागि अर्काकोमा गएर बनीबुत्तो गर्नुपर्ने बाध्यता उसको परिवारको छ । धने जन्मिएकोमा खुसीको सिमा नभए पनि सुत्केरी आमालाई पोसिलो खानाको अभावले गर्दा बाह्रौं दिनमै काम गर्नु जानुपर्ने भएको छ । दूध नपुगेपछि जन्मेको एक महिनामै लिटो खानु परेको थियो धनेले । धनेको शरीर हेर्दै ख्याउटे, सिकुटे र मरणच्यासे खालको देखिन्थ्यो । धनबहादुर नाम भएपनि सबै साथीहरूले धने भनेर बोलाउने गर्दथे । त्यो उसलाई मन पर्दैनथ्यो । तै पनि साथीहरूसंग प्रतिवाद गर्न सक्दैनथ्यो ।

शरीर हेर्दा कमजोर भएपनि पढाइमा धने निकै तेज थियो । पढाइ राम्रो भएकोले उसलाई आवस्यक पर्ने सम्पूर्ण किताब कपी र विद्यालय पोशाक समेत निःशुल्क उपलब्ध गराई दियो । मेहनत भएकैले विद्यालयमा हरेक परीक्षामा प्रथम भएर परिवार र विद्यालयबाट प्रसंशा पाउन सफल भएको छ । जिल्ला स्तरीय परीक्षामा जिल्ला प्रथम र एस.एल.सी. मा समेत विशिष्ट श्रेणीमा पास भएपछि धनेको

खुसीको सिमा नै रहेन । उत्कृष्ट नम्बर ल्याएर पास भएकैले धनेको पढाइ खर्च र खान बस्न समेत निःशुल्क गरिदिएर पढाइ डिग्रीसम्म पढाइदिने भएपछि सोही क्याम्पसमा गएर पढ्छ । राम्रो नम्बर ल्याएर डिग्री समेत पास गरेपछि सोही विद्यालयमा पढाउन अवसर दिदा समेत त्यसलाई छोडेर आफ्नै गाँउमा फर्कन्छ । गाउँमा आएर सबैको सल्लाह बमोजिम गाउँकै माध्यमिक विद्यालयमा पढाउन सुरु गर्दछ । स्कूलको विग्रदो अवस्थालाई क्रमिक सुधारमा ल्याउदै विद्यालयको स्थितिमा परिवर्तन ल्याउन सफल भएको छ । विद्यालयको समेत इज्जत वृद्धि भई गाउँदेखि जिल्लासम्म धनबहादुर सरको प्रशंसा हुन्छ । साफ्गो इमान्दार र लगनशील भएकैले उसको सम्मानमा समेत फरक परेको छ । कडा मेहनत गरेकै कारणले जिल्लाको नमुना विद्यालयको रूपमा घोषणा गर्न ऊ सफल भएको छ । हिजोको धने आज धनबहादुर सर मास्टरको जागिर खान थालेपछि उसको र परिवारको जीवनमा समेत सुधार आएकाले सबैले खुसी साथ जीवन विताउदै छन् ।

### ४.३.१.२. पात्र विधान

यस कथामा मूख्य भूमिकामा पुरुष पात्रको प्रयोग गरिएको छ । त्यही पात्रको जीवन जगत्मा घटेका घटनाको विविध रूपमा प्रस्तुत गरिएको अत्यन्त नाजुक अवस्थामा जन्मिएको यस कथाको पात्र अवसर पाउनासाथ सफलताको शिखर चुम्न सफल भएको छ । सामाजिक यथार्थलाई यस कथामा हुन्छ । निकाल्न सफल भएको छ । शुरुमा सामाजिक रूपमा कमजोर भए पनि अवसर र मेहनतकै कारणले मुहार फेर्न सफल भएको छ ।

पात्रीय भूमिकाका दृष्टिले यस कथाको प्रमुख पात्रको रूपमा धनबहादुर रहेका छन् । सहायक पात्रको रूपमा बाबु आमालाई लिइएको छ । प्रसंग अनुसार यहाँ गौण पात्रहरू धेरै देखिएका छन् । गौण पात्रहरूमा साथीहरू, शिक्षक, जिल्ला शिक्षा अधिकारी, क्याम्पस प्रमुख, गाउँलेहरू आदि रहेका छन् ।

#### ) प्रमुख पात्र

**धनबहादुर**

यस कथाको एक मात्र प्रमुख पात्रको रूपमा धनबहादुरलाई लिइएको छ । अति नै गरीब परिवारमा पाँचौ सन्तानको रूपमा आएको छ । गरीवीकै कारणले उसलाई खान लाउन र दैनिक अवश्यकताका सामाग्रीहरू प्राप्त गर्न पाएको छैन । पोशिलो खानेकुराको अभावले धनबहादुर खिनौटे, लुते, पिलन्थर भएको छ । तै पनि पढाइमा अति नै तेजिलो छ । सानै उमेरमा विद्यालय जाने अवसर पाए पनि उसलाई विद्यालयमा आवश्यक पर्ने पोशाक, कापी, किताब, कलम आदिको अभाव नै रहेको छ । हुने विरुवाको चिल्लो पात भन्ने उखानलाई सार्थक पार्न धने अग्रसर देखिन्छ । स्कुल जान थालेदेखि नै पढाइमा तेजिलो भएकाले सबैको ध्यान आकर्षण गराउन सफल भएको छ । त्यसकै परिणाम स्वरुप पढ्नका लागि आवश्यक सामग्रीहरू शिक्षक, विद्यालय र साथीहरूबाट प्राप्त गर्न सफल भएको छ ।

आफ्नो नामबाट नबोलाई नामलाई एक्लके थपेर विगारेकोमा ऊ अत्यन्तै दुःखी हुन्छ । पछि सबैलाई आफ्नै नामबाट बोलाउन लगाउने कार्यमा लागिरहन्छ । पढाइ राम्रो भएकोले नै धन बहादुरले विद्यालयमा राम्रो नतिजा ल्याउदै पास हुदै जान्छ । एस.एल.सीमा समेत विशिष्ट श्रेणीमा पास गरेको छ । क्याम्पसमा समेत राम्रै नम्बर ल्याएर डिग्री पास गरेको छ । डिग्री पास गरेपछि सोही क्याम्पसमा पढाउने आग्रहलाई अस्विकार गरी गाउँमै आएर गाउँकै माध्यमिक विद्यालयमा काम गरी त्यो विद्यालयको बिग्रदो अवस्थाबाट सुधार गर्दै जिल्लाकै नमुना विद्यालयको रूपमा चिनाउन सफल भएको छ । त्यसपछि आफ्नो परिवारको अवस्थामा समेत सुधार ल्याउन सफल भएको छ ।

आर्थिक अवस्था कमजोर भएपनि कडा मेहनतका साथ उसको लक्ष पूरा गरेको छ । दृढ, मेहनती, साहसी, धैर्यवान भएकै कारण धनबहादुर सबैको बिस्वासी पात्र बन्न पुगेको छ । काममा निरन्तरता दिदै कर्ममा विश्वास गरेकै कारणले गाउँलेको आखामा र मनमा भिज्न सफल भएको छ । धन बहादुर प्रमुख पात्र भएर गतिशील स्वभावको पात्रको रूपमा आएको छ । प्रवृत्तिको आधारमा अनुकुल रहेर पनि जीवन चेतनाको आधारमा वर्गगत भूमिका निभाएको छ । आसन्नताका आधारमा मञ्चीम र आवद्धताका आधारमा बद्ध पात्रका रूपमा धन बहादुरलाई लिइएको छ ।

## ) सहायक पात्र

**बाबु**

धनवहादुरलाई हुर्काउन बढाउन उसको ठूलो भूमिका रहेको छ । खान लाउन अभाव रहेको बेलामा बनिबुत्तो गरी परिवारको जीविकोपार्जन गराएको छ । घरमा दुःख नै भएपनि धनवहादुरलाई पढाएर ठूलो मान्छे बनाउने सोचका साथमा विद्यालय पढाउनु उसको अनुकुल भूमिका हो । ऊ मञ्चीय र वद्ध पात्रको रूपमा आएको छ । स्वभावको आधारमा स्थिर र प्रवृत्तिको आधारमा अनुकुल पात्रको रूपमा बाबुलाई लिइएको छ ।

**आमा**

धनवहादुरकी आमा एक असल र इमान्दार छिन् । छोराको इच्छालाई पूरा गर्न ऊ पनि वनिबुत्तो गर्न अर्काको मेलामा गएकी छिन् । पोशिलो खान`कुराको अभावले राम्ररी धनबहादुरलाई दूध समेत खुवाउन निकै कठिन परेको छ । सहायक पात्र भएपनि उनको भूमिका कथामा कम मात्रामा नै आएको छ ।

## गौण पात्र

यस कथामा सहायक पात्रको रूपमा कम पात्र भएपनि गौण पात्रहरूको भूमिका भने निकै प्रभावकारी रहेको छ । आ-आफ्नो स्थानमा गौण पात्रहरू देखापरेका छन् । साथीहरू, शिक्षक, क्याम्पस प्रमुख, गाउँलेहरू आदि गौण पात्रहरू देखापरेका छन् । यी गौण पात्रहरूको पनि महत्वपूर्ण भूमिका रहेको

छ । गौण पात्रहरूले कथामा सौन्दर्यता बढाएको छ । यस कथामा थोरै पात्रहरूको प्रयोग गरेर पनि स्तरीय बन्न सफल भएको छ ।

शैलीवैज्ञानिक दृष्टिले कार्य, भूमिका, प्रवृत्ति, जीवन चेतना, लिङ्ग, आसन्नता, आवद्धताका दृष्टिले पात्रीय अवस्था स्थिर र यथार्थलाई हेर्दा निम्न अनुसार वर्गीकरण गरेर यसको पात्र विधानलाई यसरी हेर्न सकिन्छ :

हिजोको धने आजको धन बहादुर सर कथाको पात्र विधानगत तालिका

| क.सं. | पात्र | कार्य भूमिका | प्रवृत्ति | स्वभाव | जीवन चेतना | लिङ्ग | आसन्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | धन बहादुर | प्रमुख | अनुकूल | गतिशील | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| २ | बाबु | सहायक | अनुकूल | स्थिर | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| ३ | आमा | सहायक | अनुकूल | स्थिर | वर्गगत | महिला | मञ्चीय | बद्ध |
| ४ | साथीहरू | गौण | अनुकूल | स्थिर | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| ५ | शिक्षक | गौण | अनुकूल | स्थिर | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| ६ | क्याम्पस प्रमुख | गौण | अनुकूल | स्थिर | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| ७ | गाउलेहरू | गौण | अनुकूल | स्थिर | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| ८ | राजनैतिक दल | गौण | अनुकूल | स्थिर | वर्गगत | पुरुष | नेपथ्य | मुक्त |
| ९ | जि.शि.अ | गौण | अनुकूल | स्थिर | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |

### ४.३.१.३. परिवेश

प्रस्तुत 'हिजोको धने, आजको धनबहादुर सर' कथाको परिवेश ग्रामिण र शहरी दुबै स्थानलाई समेटेको पाइन्छ । गरीब परिवारको पाँचौ सन्तानको रूपमा पहिलो पुरुष सन्तानको रूपमा यस धर्तीमा धनेको पाइला टेकिनु मूख्य परिवेश हो । गरीव, सधैं खान लाउनको अभाव हुने स्थान सानो झुपडी आदिमा रमेर कथाको परिवेश घुमेको छ । यसका साथै धेरै कार्य विद्यालय क्षेत्रमा नै घटेको छ । मेहनती हुनु, तेजिलो दिमाग कै कारणले सबैबाट प्रसंशा र पुरस्कार प्राप्त गर्न सफल स्थान विद्यालयलाई लिइएको छ । यस कथाको घटनाक्रम जिल्ला शिक्षा कार्यलय, सदरमुकाम, परीक्षा हल, डिग्री क्याम्पस, ऊ पढ्ने विद्यालय, पढाउने विद्यालय, घर परिवार आदि परिवेशमा कथाको सेरोफेरो अगाडि बढेको छ । उसको जीवनमा घटेका जन्मदेखि जवान अवस्थासम्मको सुक्ष्म घटना वस्तुलाई लिएर कथाको परिवेश एक आपसमा नजिकिएर घुमिरहेको पाइन्छ । घटनाक्रम अगाडि बढ्ने क्रममा विभिन्न स्थानले सहयोग गरेको पाइन्छ । थोरै स्थानमा धनबहादुरको जीवनका महत्वपूर्ण क्षण कथामा अटाउन सफल भएको छ ।

### ४.३.१.४. उद्देश्य

गरीव परिवारमा जन्म लिनु कुनै पाप होइन समाजमा कोही बढी हुने र कोही कम सम्पन्न हुन्छन् । अभावको सामना गर्दै मानिसले कठीन संघर्ष गर्दै जानु पर्ने हुन्छ । आज गरीव छ भनेर कसैलाई हेला गरी आफू मज्जाले रमाउने गर्नु हुदैन । यस हिजोको धने, आजको धनबहादुर सर कथामा गरीवीको कारणले विद्यालय, गाउघरमा उसको नाम धनबहादुरलाई पारीवर्तन गरी धने भनेर बोलाउने गरेका थिए । यसैलाई मूख्य विषय बनाएर यस कथाको निर्माण भएको छ । गरीब असाहय मानिसलाई सबैले हेपेर अर्कै नाम जुराउने गर्दछन् । यस्तो कार्य हरेक समाजमा भइरहेको पाइन्छ । परिचित गराउने नामलाई चरित्र हत्यागरी अन्यत्र बोलाउदा जो कोहीलाई पनि रीस उठ्छ । जसको प्रतिक्रिया तत्काल दिन कठीन हुन्छ । जसको मनैमा राखी पछिल्लो समयमा घुडा टेकाउन हामी सबै प्रयास गर्नुपर्छ । साथीहरूले धने भनेर बोलाउदा अत्यन्त रीस उठेपनि केही नभनी सहेर बसेको घनबहादुरको मनमा पछि गएर यिनिहरूलाई धनबहादुर भन्न बाध्य बनाउने सोचका साथ निरन्तर संघर्ष गरिरहन्छ । जसको परिणम स्वरूप राम्ररी पढेर गाउँमै  हिजोको धनेलाई आज र भोलिका दिनमा धनबहादुर सर भनी चिनाउन सफल भएको छ ।

आजको धनी मानिस भोलि गरीव हुन सक्छ । आजको गरीव भोलि धनी हुन सक्छ । यसो हुदाहुदै पनि मानिसले हेप्ने प्रवृत्ति सबैले हटाउनु जरुरी छ । समय अनुसार मानिस चल्नु पर्दछ । काम गर्दा विशेष ध्यान दिनु पर्दछ । हतारमा कुनै पनि निर्णय गर्नु भन्दा पनि सोच विचार गरेर काम गर्नु आवस्यक छ । यहाँ मानिससंग बोलेर प्रतिकार गर्नु भन्दा  पनि खोचेर घुमाउरो पारामा प्रतिकार गरी आफ्नो कावुमा ल्याउन आवस्यक छ । यहाँ कुनै पनि काम गर्दा इमान्दार भएर गर्नु पर्दछ जसको फल राम्रो हुन्छ । जागिर मात्र ठूलो कुरा होइन आफ्नो कर्तव्यलाई समेत नभूली आफ्नो कार्य गर्दै गएमा दाम र नाम दुवैमा चर्चाको शिखरमा पुऱ्याउन सफल बनाएरै छाड्छ । त्यस्तै जस्तो सुकै अभाव, पीडा व्यथाको सामना गर्दै बाल बालिकालाई चाहीँ विद्यालय जाने र पढ्ने अवसर उपलब्ध गराउनु जरुरी छ । आजको साना बालबालिकालाई राम्रो अवसर दिएमा त्यस परिवारको दिन र जीवनशैलीमा पछिल्ला दिनहरूमा सुधार आउने निश्चित छ । जसलाई यस कथाको मुख्य उद्देश्य लिइएको देखिन्छ ।

### ४.३.१.५. भाषाशैली

कथाकारले सवै कथालाई सरल र सहज भाषाको प्रयोग गदै आएका छन् । उनका कथाहरू विद्धान् वर्गलाई भन्दा साधारण शिक्षित ग्रामीण पाठकले समेत सजिलै बुझ्न सक्ने खालको पाइन्छ । यस कथामा पनि धेरै स्थानमा मातृभाषाको प्रभाव परेको पाइन्छ । कतै छपाइमा समेत केही त्रुटी भएको पाइन्छ । स्थानीय बोलचालको भाषाको प्रयोग गरिएको छ । भाषामा तार्किकता पाइदैन । यहाँ रोचक संवादको प्रयोग गरिए पनि मुख्य पात्रको एकल संवादको बढी प्रयोग भएको पाइन्छ । कथा सरल, सहज, रोचक र प्रेरणादायक बनेको छ । वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । विभिन्न उखान टुक्का, विम्ब

प्रतिक आदिको संयोजनले समेत कथामा सुन्दरता थपेको छ । यहाँ पात्रको स्तर अनुसारको भाषाको प्रयोग गरिएको छ । यसको कथानक रैखिक देखिन्छ । कथानक वर्णनात्मक भए पनि दृष्यात्यक पनि देखिन्छ । कथाको विकास तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.३.१.६. दृष्टिविन्दु

धनबहादुर कथाकार समथिङको दर्शन प्रस्तुत गर्न मुख्य पात्रको रूपमा आएको छ । त्यसैले कथाको सम्पूर्ण कथा घटना धनबहादुरको रहेको छ । यस कथामा तृतीय पुरुष दृष्टि विन्दुको प्रयोग भएको सीमित दृटिकोणमा कथानक विकाश भएको छ । यहाँ धनबहादुरको विचार, भावना, सोचाइ संवेगात्मक प्रतिक्रिया आदिलाई व्यक्त गरिएको छ । यहाँ कथाको मुख्य पात्र धनबहादुरको जीवनमा आइपरेका प्रमुख मोडहरूलाई कथात्मक रूप दिन सफल भएको छ । समग्रमा धनबहादुर केन्द्रीयतामा समाख्यान र प्रस्तुतिको केन्द्रीयतामा प्रस्तुत गरिएको छ ।

### ४.३.१.७. शीर्षक सार्थकता

यस कथाको शीर्षक हिजोको धने, आजको धनबहादुर सर रहेको छ । यो कथाको शीर्षकबाट कथानकले दिन खोजेको सन्देशलाई स्पष्ट पार्न सफल भएको छ । कथाको प्रमुख पात्र धनबहादुर गरीब र कमजोर भएको बेला उसको नाम समेत बिगारेर सबैले धने भनेर बोलाउने गर्दथे । उसले प्रतिकार नगरी पछी आफ्नै नामले बोलाउन बाध्य बनाउने सोचाइलाई सफल पारेको छ । गरीबलाई जेसुकै भने पनि सहेर बस्नुपर्ने तर धनीको मानसम्मान र इज्यतमा ख्याल गर्नुपर्ने अवस्थालाई उजागर गर्न खोजिएको छ । हिजोको अपमानित धने आज धेरै पढेर इमान्दार र मेहनती भएकै कारणले सहरको क्याम्पसमा पढाउन आग्रह गर्दागर्दै पनि त्यो अवसरलाई छोडेर गाउँमै आएर पढाउन सुरु गरी विद्यालयको नाम समेत उच्च राख्न सफल भएकोले धनबहादुर सरको रूपमा चिनिएको छ । त्यसैले यस कथाको शीर्षक अति नै साथक देखिन्छ ।

### ४.३.२ रचना विधानको आधारमा 'हिजोको धने, आजको धनबहादुर सर' कथाको अध्ययन

यस कथालाई रचना विद्यानको आधारमा यस कथालाई बिभिन्न भागमा विभाजन गरी अध्ययन गरिएको छ जुन निम्न अनुसार रहेका छन् ।

### ४.३.२.१. रुचिक्षेत्र

यस कथाको मूख्य रुचिक्षेत्र पाँचौ सन्तानको रूपमा जन्मिएको धनबहादुरको कमजोर आर्थिक अवस्था र गरीव भएकै कारणले धनबहादुर नामको सट्टामा एक्लके थपेर धने भनी सबैले बोलाएको कथावस्तु नै यसको रुचि क्षेत्र हो । समाजमा गरीव र निमुखालाई हेपेर उसको चिनारीलाई समेत बदली दिएको पाइन्छ । जसलाई चुपचाप सहेर बस्नुपर्ने बाध्यता रहेको छ । तत्काल कुनै पनि कार्य गर्दा तत्काल प्रतिक्रिया गर्नु भन्दा पछि समाजलाई झुकाउन बाध्य बनाउने प्रयास सबैले गर्नु पर्ने सन्देश मूलक रुचिक्षेत्रलाई प्रस्तुत गरिएको छ । हेपिएको र पिडित मान्छेको पनि कुनै दिन स्थिति फेरिएर सुधार हुने निश्चित छ जसको प्रयासमा निरन्तर लागि रहनु पर्दछ । सन्तान जन्मिएपछि दुःख गरेरै भए पनि पढाउन सकिएमा भविष्य सुन्दर बन्ने निश्चित छ । अवसर पाएर पनि मेहनत गर्न पछि हट्नु हुदैन हरेस नखाई काम गर्दै गएमा स्थिति परिवर्तन हुन धेरै समय नलाग्ने कार्यलाई नै यस कथाको रुचिक्षेत्र बनाइएको छ ।

### ४.३.२.२ रीतिक्षेत्र

यस कथामा सामाजिक मनोबैज्ञानिक यथार्थवादलाई मूख्य रीतिक्षेत्र बनाएको पाइन्छ । कथामा धनबहादुरका बाबु आमा गरीव भएकैले आफ्ना बालबच्चा हुर्काउन निकै दुःख गर्नु परेको छ । अभावको सामना गर्न निकै संघर्ष चलेको छ । दुःखको बाबजुत पनि धनबहादुरलाई विद्यालय पढाइन्छ । एक्लके थपेर धने भनी बोलाएको सुन्दा निकै रिसाए पनि मनमनै पछि तिनिहरूको शीर झुकाएरै छाड्ने सोचलाई भने कहिल्यै परिवर्तन गरेर जसको परिणम स्वरूप भने धनबहादुर सरको रूपमा चिनिन पुगेको छ । त्यसैले यस कथाको मूख्य रीतिक्षेत्र भनेको नै सामाजिक र मनोवैज्ञानिक यथार्थवाद बनी देखापरेको छ ।

### ४.३.२.३ सारवस्तु

यस कथामा पाँचौ सन्तानको रूपमा धनबहादुरको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर रहेको छ । दैनिक जीवनमा आवस्यक पर्ने सामाग्री वा गाँस, वास र कपासको अभावको सामना गर्दै बनीबुत्तो गरी जीवन चलाउनु पर्ने बाध्यता छ । पोसिलो खानेकुराको अभावले  गर्दा लुरे ख्याउटे भएको छ धनबहादुर । दुःख गरेरै भएपनि धनबहादुरलाई विद्यालय पठाउछ । त्यहाँ मेहनत गरेर पढेकै कारणले साथीहरू र शिक्षकको आँखामा पर्न सफल भएको छ । मेहनती भएकै कारणले पढाइमा राम्रो नतिजा ल्याउदै एस.एल.सी. मा समेत विशिष्ट श्रेणीमा पास गर्न सफल भएको छ । आमा बुवा र शिक्षक विद्यालयको नाम राख्न सफल भएकोले धनबहादुरको प्रशंसा सबैतिर चल्दै जान्छ । त्यसपछि उच्च शिक्षा हासिल गर्न एक क्याम्पसले डिग्रीसम्मको पढाइ खर्च साथै निःशुल्क खानेबस्ने व्यवस्था गरी दिएर पढ्ने अवसर पाउछ । अवसरको सदुपयोग गर्दै राम्रो नम्बर ल्याएर डिग्री पास गर्दछ त्यस पछाडि सोही

क्याम्पसमा पढाउने अवसर दिदा दिदै पनि छोडेर गाउँमा आइ नजिकैको माध्यमिक विद्यालयमा पढाउन थाल्दछ । विग्रदो विद्यालयको अवस्थालाई सुधार गर्दै जिल्लाकै नमुना विद्यालय बनाउन धनबहादुर सफल भएको छ । जसले गर्दा उसको र परिवारको दाम, नाम र जीवनशैलीमा समेत सुधार आएको छ । यसरी हिजोको धने आजको इमान्दार कर्मठ र लगनशील धनबहादुर सर भई चिनिन सफल भएको छ ।

आज गरीब छ भनेर हेपे पनि भोलिका दिनमा स्थिति सुधार भई धनी बन्न सक्छ । धनी र गरीब सबैलाई समान व्यवहार  गर्नुपर्दछ । जसले सभ्य समान निर्माण गर्दछ । त्यस्तै अवसरबाट बञ्चित बालवालिकालाई सक्दो सहयोग गरी उसको जीवनलाई सुधार गर्न वा परिवर्तन गराउन हामी सबैको कर्तव्य ठानी कार्य गर्नु पर्दछ । पारिवारिक माया ममता संगै तन मन र धनले साथ दिदै गएमा सफलता अवस्य मिल्छ । हुने विरुवाको चिल्लो पात भनेझैं भविष्य उज्वल बन्ने बालकको सानैमा लक्षण देखिदै जान्छ । आफैले अबसर उपलब्ध गराउन नसकेमा अन्य व्यक्तिले समेत मानवीयतालाई बुझेर कार्य गर्दै गइयो भने सफलताको श्रेय सबैले प्राप्त गर्न सकिन्छ । जसले समाजको हितमा कार्य गर्न सक्छ ऊ सधै अजर र अमर  रहिरहन्छ ।

### ४.३.२.४ कथानक ढाँचा

यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । यस ढाँचामा कथा निश्चित र योजनाबद्ध रूपमा प्रस्तुत गरिएको  छ । कथामा कथानक आदि,मध्य र अन्त्यको क्रमबद्ध विकास यएको छ । यस कथाको आदि भागमा कथानकको उठान मध्य भागमा कथानकको विकार र अन्त्य भागमा कथानकको निष्कर्ष दिइएको छ ।

यस कथाको प्रमुख पात्र धनबहादुर हो । ऊ गरीव परिवारमा पाँचौ सन्तानको रूपमा जन्मिएको छ । आमाको सुत्केरी अवस्थामा नै पोसिलो खानाको अभावमा दूध नआएपछि धनबहादुर हेर्दै ख्याउटे, मरञ्च्यसे सिकुटे खालको देखिन्थ्यो । गरीव परिवारमा जन्मिनु खान लाउनको अभाव हुनु, विद्यालय जाने र पढ्ने अवसर पाउनु, विद्यालय जानु , साथीहरूको धनबहादुरको नाम विगारेर धने भनी कोलाउनु, नाम विगारेकोमा रीस उठेपनि सहेर बस्नु, पढाइमा ध्यान दिनु, पढाइ सुरु गरेकै साल प्रथम हुनु, आठ कक्षामा जिल्ला प्रथम हुनु, पुरस्कार पाउनु, एस.एल.सी.मा विशिष्ट श्रेणीमा पास गर्नु, शिक्षा कार्यलयले समेत सम्मान गर्नु, उच्च शिक्षा पढ्नका लागि खान बस्न र पढ्न समेत निःशुल्क गराइदिने क्याम्पस भेट्नु, सोही क्याम्पसबाट राम्रो नम्बर ल्याएर डिग्री पास गर्नु, पास गरेपछि सोही क्याम्पसमा पढाउने अवसर पाउनु, त्यहाँ नपढाई गाउँकै माध्यमिक विद्यालयमा पढाउनु, स्कूलको बिग्रदो अवस्थालाई सुधार गर्न, जिल्लाकै नमुना विद्यालय बनाउनु, धनबहादुर सर भई सबैको मानसम्मान पाउनु, पारिवारिक अवस्थालाई समेत सुधार हुदै जानु आदि कथाको कथानक ढाँचा रैखिक रूपमा योजनाबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

यस कथामा पनि दृष्यात्मक र संक्षेपात्मक पद्धतिको अवलम्वन गरिएको छ । ठाउँ र परिस्थिति अनुसार यी दुबै पद्धतिको प्रयोग भएको पाइन्छ । यहाँ धनबहादुरको पारिवारिक अवस्था, साथीहरू, शिक्षक, गाउँले, जिल्ला शिक्षा अधिकारी, क्याम्पस प्रमुख, उसको जीवन शैलीमा आएको परिवर्तन त्यस्ता विभिन्न घटनाहरूको संयोजन गरिएको छ । त्यस्तै आवस्यकता अनुसार स्रंक्षेपात्मक पद्धतिको समेत उपयोग गरिएको छ ।

### ४.३.२.५ अर्थ सापेक्ष

'हिजोको धने आजको धनबहादुर सर' कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ । कथा शीर्षकले नै यस कथाको अर्थ सापेक्षता प्रष्ट रूपमा भनिरहेको छ । गरीव परिवारमा जन्मिएको वालकले अवसर पाउने वित्तिकै निकै राम्रो काम गर्न सक्छ । मेहनतकै कारण हिजोको धने पढाइमा केही खर्च नानिकाली डिग्री पास गरी आज धनबहादुर सर भई सवैको सम्मानित पात्र बन्न सफल भएको छ । मान्छे भएर अरुलाई हेला गर्नु र होच्याएर आफूखुसी हुनु भन्दा इमान्दार भई काम गर्दै गयो भने सफलता निश्चित छ भने कार्यलाई साझो रूपमा अभिधात्मक अर्थकै कोटिमा कलात्मक ढंगले यस कथाले व्यक्त गरेको छ ।

### ४.३.२.६ रुपविन्यास पक्ष

यस कथामा पनि कथानाक ढाँचा सरल रुपमा आदि, मध्य र अन्त्यको क्रममा बहेको हुनाले समृद्ध पक्षलाई जोड दिएको छ । भाषिक सरलतालाई जोड दिएको छ । सरल भएकै कारण सम्पूर्ण पाठकलाई बुझ्न सजिलो भएको छ । कथामा सरल शब्दको प्रयोग भएको छ । यस कथामा व्यङग्यको प्रयोग खासै गरिएको छैन । टेलिफोन, क्याम्पस,नम्वर आदि आगन्तुक शब्दको प्रयोग पाइन्छ ।

## ४.४ जनयुद्ध र रामेको अधुरो सपना 'कथाको विश्लेषण मूल्याङ्कन

रामप्रकाश समथिङ कुशल रूपमा मौलाउदै गरेका कथाकार हुन् । उनको 'मान्छेको पिडा' कथा संग्रहमा संग्रहित चौथो कथाको रूपमा जनयुद्ध र रामेको अधुरो सपना' शीर्षकको कथालाई राखिएको छ ।

रामे एक दलीत परिवारमा हुर्किएको  हो । सानैदेखि जातीय भेदभावको विरुद्धमा सोचिरहन्थ्यो । सोझो र इमान्दार भई दलित वर्गको उत्थानका लागि जनयुद्धमा समावेस भएको थियो । जातीय भेदभावको अन्त्य गर्ने हरेक योजनामा समावेस भएको पाइन्छ । यस कथामा प्रयोग भएका अन्य पात्रहरू साथीहरू, आमा, नेता, भाईबहिनी आदि रहेका छन् । यस कथालाई विभिन्न क्षेत्रबाट अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।

### ४.४.१ संरचना पक्षका आधारमा 'जनयुद्ध र रामेको अधुरो' काथाको विवेचना

यो कथा पनि कथानक भन्दा पात्रको चरित्र नै प्रमुख रूपमा देखाउन खोजिएको छ । रामेको सामाजिक यथार्थवादी सिद्धान्तको प्रयोग गरिएको छ । समाजको यथार्थ घटनालाई यहाँ प्रस्तुत गरिएको छ । समाजमा रहेको जातीय भेदभावलाई अन्त्य गर्न जस्तो सुकै संघर्ष गरे पनि आखिरीमा सबैतिर धोकाकै खेती गरिने र इमान्दार सधै पछि परिरहने कार्यलाई यस कथामा देखाउने खोजिएको छ । यो कथा विभाजनलाई हेर्दा १२ पृष्ठमा बाह्य संरचनामा संरचित छ । यस कथामा छोटा ४ अनुच्छेद र लामा ४ वटा अनुच्छेदमा रचना गरिएको छ ।

कथाको आन्तरिक संरचनाको दृष्टिमा कथावस्तु भन्दा चरित्र चित्रणमा बढी केन्द्रित रहेको पाइन्छ । कथानक समेत त्यति कमजोर रहेको पाइन्न । यहाँ प्रमुख पात्र रामेको विद्रोही स्वभावका कारण जनयुद्धमा सहभागी भई जातीय भेदभावको अन्त्य गराउन निकै कठीन संघर्ष गरेको पाइन्छ । यस कथामा सामाजिक स्थिति र रामे जस्ता दलित परिवारको पीडालाई यहाँ देखाउनै यसैको सेरोफेरोमा कथाको संरचना रहेको छ ।

#### ४.४.१.१ कथावस्तु

रामे एक दलित परिवारमा जन्मिएको व्यक्ति हो । बाबु र बाजेदेखि भोगिरहेको जातीय छुवाछुतको पीडा रामेसम्म आइपुगेको छ । जातीय छुवाछुतले दलित र गैरदलित बीच पानी बाराबारको अवस्था छ । सानैमा बाबुको मृत्यु भएको र आमा पनि रोगी रहेकोले आफ्नो परिवारको पालन पोषणको जिम्मा राममा आइपर्छ । एकातिर पारिवारिक समस्या र अर्कातिर जातीय छुवाछुतमा पिरोलिइरहेको छ । गरीव भएकोले जग्गाजमिन नभएर अरुको अधिया कमाउने गर्दथ्यो ।

आफ्नो पढाईलाई बीचैमा छोडेर भएपनि दूःखै गरेर भएपनि भाईबहिनीलाई पढाइरहेको थियो । अरुको भन्दा रामे काम धेरै गर्दथ्यो । साथीहरूकोमा मेलापात गर्न जादाँ खाजा खाने बेलामा छुट्टै बस्नु पर्ने ,खाना खाने बेलामा अरुसंग छुटिएर सिकुवा वा आगनमा बसेर खानुपर्ने बाध्यता रहेको थियो । यस्तो मान्छे मान्छे बीचको भेदभाव देखेर ऊ निकै चिन्तित थियो ।

एकदिन रामेका साथीहरूले आमसभामा जान आग्रह गरे । सुरुमा त जान इन्कार गरिरहे पनि पछि आफ्नै हकहितका लागि कुरा गरिरहेको कार्यलाई सुन्न भनेर जबर्जस्ती आमसभा स्थलमा पुऱ्याइन्छ । कार्यक्रम स्थलमा पुग्दा भाषण सुरु भई सकेको थियो । नेताहरूले गरेको भाषणलाई सुन्दा रामे मनमनै खुसी लाग्यो र मनमनै उनीहरूको कुरामा समर्थन गऱ्यो । दलितले बनाएका लुगा कपडा भाँडा वर्तन, घर, मठमन्दिर आदि बनाउदा हुने तर बनाइसकेपछि त्यहाँ प्रवेससम्म गर्नु नहुने सामाजिक संस्कार थियो । हाट बजारमा सामान किन्नु पऱ्यो भनेअन्य गैर दलितलाई पठाउनु पर्ने बाध्यता थियो । प्रकृतिमा रहेको पानीको धारो र कुवामासम्म छुनु नहुने अवस्था थियो । मन्दिर बनाउन दलित नै

हुन्छन् । तर पूजा गर्न दलितहरूलाई बन्चित बनेका छन् । दलितहरू गैरदलितको घरमा पस्न नपाउने नियमले रामेलाई समेत चिन्तित बनाएको छ ।

साथीहरूले रामेलाई पनि अनेक कुरा गरेर फकाएर जनयद्धमा सहभागी गराई छाडे । त्यो कुरा आमालाई सुनाउदा आमाले जनयुद्धमा नजान रोईकराइ आग्रह गरिन तर आमाको पुकारलाई नसुनी राती नै रामे भागेर घर छाड्यो । केही समयको प्रशिक्षण पश्चात रामेलाई लडाकु मोर्चामा सहभागी गराइयो । युद्धमा लागेर बन्दुक हान्न, सुरुङ खन्न, दुश्मनलाई अक्रमण गर्ने आदि युद्ध सम्बन्धी तालिम दिइन्छ । हिड्दै जादा जहाँ पुग्यो त्यही खान बस्न पाउने भएकोले रामेको सपना पूरा हुने कुरामा बिश्वास गर्न थाल्यो । समयक्रम वित्दै जादा रामे लडाकुको कमाण्डर भई आफ्नो विदेशमा युद्ध चलाउदै गयो । पाँच बर्ष पछाडि आमाको आशिर्वाद लिन घरमा पुग्यो । आमालाई धेरै सम्भ्काान खोज्दा पनि छोराको कुरा पत्याउन सकिनन् । आमाले बल हुन्जेल रामेलाई उपयोग गरेर पछि  छाड्छन् । कुनै दिन सरकारसंग वार्ता भएमा रामेको नामनिसाना नै हराउछ । त्यस्तो काममा अरुको पछि नलाग्न आमाले आग्रह गर्छिन । दलित दलित बीचैमा छुवाछुतको भेदभाव भइरहेको छ । आफू सुध्रिएर मात्र अरुलाई सुधार्नु पर्छ । युद्धमा लाग्नु भन्दा भाईबहिनीको राम्रो हेरविचार गर्नमा नै अझ उत्तम देखिन्छन् । युद्धको समयमा सबैलाई डर देखाई दलित भए पनि रामे गैर दलितको घरमा समेत पस्छ ।

रामेको नेतृत्वमा लडाकु परिचालन भइरहन्छ । ठाउँ ठाउँमा समाजका सामन्ती वर्गलाई खतम पारी भौतिक संरचनाको नष्ट गरे । सरकारी पक्षको हात हतियार खोसे । केटाकेटी संगै हिडे । दलित गैरदलित संगै बस्ने खाने गरे । दलित हुदा हुदै पनि आफू कमाण्डर भएकोमा सहपाठी गैरदलित खुसी भएको पाइन्न त्यसैले पार्टी भित्र पनि भेदभाव रहेको कुरा पत्ता पाउछ । उसको कमाण्डरमा भएको हरेक लडाइमा सफलता हात पार्दै गयो । जिल्ला सदरमुकाम आक्रमण गर्ने क्रममा रामेको देब्रे हात र दाहिने खुट्टामा चोट लाग्यो । त्यसको उपचार गर्न विदेशसम्म पुऱ्याइयो । उपचार गर्दै गर्दा देशमा शान्तिवार्ता भयो । वार्तापछि आफ्नै साथीहरू संसद र मन्त्री भए तर रामेलाई केही पनि थाहा दिएनन् । उपचारको क्रममा हात खुट्टा काटियो । रामे लंगडो भइ आफ्नो घर फर्कियो । घरमा आमाको मृत्यु भइसकेको थियो । भाइ बहिनीले दाजुको विजोग देख्नु पऱ्यो । संगैका साथीहरू नेता भएर शहर बस्न थाले, धेरै कमाए ठूलो घर बनाए तर रामेको लागि भएन । गाउँघरमा आएर छिमेकमा घरभित्र पस्न खोज्दा ढोकैबाट पर्काइए । रामेको जीवन खतम भयो । जनयुद्ध सकियो तर उसको सपना हिजो जे थियो आज पनि त्यही नै रहेको छ । अब भने केही परिवर्तन हुने धेरै समय लाग्ने निष्कर्षमा यस कथाको कथावस्तु सकिएको छ ।

### ४.४.१.२ पात्र विधान

सामाजिक र सांस्कृतिक यथार्थलाई उजागर गर्न यस कथाको मूख्य पात्र रामेको निकै ठूलो भूमिका रहेको छ । यसमा कथानकसंगै पात्र विधान पनि प्रभावकारी रूपमा आएको छ । कथामा उठन

गरिएका समस्याहरूको समाधान गर्नका लागि समाजको आन्तरिक जीवन जगत्का पक्षलाई खुलाउन विश्लेषण गर्न र घटनाको चित्रण गर्न बढी केन्द्रित भएको पाइन्छ । जातीय भेदभाव र हक अधिकारको लागि इमान्दार पूर्वक भरिने संघर्षलाई चित्रण गरिएको छ ।

पात्रीय भूमिकाका दृष्टिमा प्रमुख पात्रको रूपमा रामेलाई लिइएको छ । सहायक पात्रको रूपमा रामेकी आमालाई लिन सकिन्छ । अन्य गौण पात्रको रूपमा प्रसंग अनुसार बाजे, बाबु, भाई, बहिनी, नेता, मखिया, मुखिनी, साथीहरूलाई लिइएको छ । यस कथामा प्रयोग भएका पात्रहरूको समान्य परिचय यहाँ दिइएको छ । यस कथामा प्रयोग भएका पात्रहरूलाई पनि निम्न ३ भागमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ ।

## ) प्रमुख पात्र

### रामे

यस कथाको प्रमुख पात्रको रूपमा रामेलाई लिइएको छ । वास्तविक नाम राम भए पनि सबैले बोलाउने नाम रामे नै हो । सरल, इमान्दार र कर्तव्यनिष्ठ व्यक्तिको रूपमा रामेलाई चिनिन्छ । बाबुको मृत्यु भइसकेको आमा रोगी भई काम गर्न नसक्ने र भाईबहिनीलाई समेत पढाउने जिम्मेवारी उसको काधमा आएको थियो । आफ्नो कार्यमा खटिरहे पनि काममा जादा साथीहरूसंग दलित भएकै कारणले भएको भेदभावले अति नै दुःखी हुन्थ्यो । जातीय मुक्तिको बारेमा सोचिरहन्छ । यसैक्रममा जातीय मुक्तिको भाषण सुन्न कार्यक्रम स्थलमा जान्छ । भाषणको प्रभावले उसलाई पनि जनयुद्धमा लाग्न मन लाग्छ । सोही क्रममा साथीहरूसंगै घरबाट भागेर मोर्चामा जान्छ । मोर्चामा पनि ऊ इमान्दार भएर काम गर्छ । अह्राएको कार्यलाई जसरी भएपनि समाधान गरेरै छाड्छ । उसको चाहना जातीय भेदभाव विहिन समुन्नत समाजको निर्माण गर्ने रहेको छ । सोही उद्धेश्य पूरा हुने आधारमा जस्तोसुकै कठीन कार्य भएपनि निरन्तर लागिरहन्छ । युद्धको क्रममा सरकारी अखडा ध्वस्त पार्ने  सामन्ती समाजको अन्त्य गर्ने, भेदभाव मूक्त समाज बनाउने, पार्टीको निर्देशन कार्यन्वयन गर्ने आदि कार्य गर्दै जान्छ । पार्टीमा कमाण्डर भई काम गरिरहन्छ । आमाले युद्धमा नलाग्न आग्रह गर्दा समेत त्यसलाई नमानी आफ्नो लक्ष पूरा गर्ने कार्यमा लागिरहन्छ । युसकै क्रममा एक सदरमुकाम अक्रमण गर्ने क्रममा रामेको देब्रे हात र दाहिने खुट्टामा चोट लाग्छ । रामेलाई उपचारकालागि विदेश लगिन्छ तर हात र खुट्टा ठीक नभएपछि काटेर फालिन्छ । त्यसपछि अपाङ्ग भएर घर फर्कन्छ । आफूसंगैको साथीहरू सांसद र मन्त्री भइसकेका थिए तर उसलाई भने कसैले पनि खोजेनन् । संगैका साथीहरू सम्पन्न भए पनि रामेको अवस्था झन कठीन बन्न पुग्यो । उसको जीवन समेत वार्बादको अवस्थामा पुग्यो तर रामेको सपना भने अधुरै रहयो । रामेले जे सोचेर जनयुद्धमा सहभागी भई सक्रिय भूमिका खेलेको थियो त्यही कार्य पूरा हुन नसकेकोले उसको सपना चकनाचुर भएको थियो ।

अनुकूल पात्रको रूपमा देखा परे पनि समय अनुसार रामे गतिशील बनेको छ । जातीय मुक्तिको जीवन चेतनालाई अगाडि बढाउन प्रयासरत छ । यस कथामा रामे मञ्चीय र बद्ध पात्र भई देखापरेको छ । यसरी रामे असल, इमान्दार, कर्तव्यनिष्ठ, कर्मठ भएपनि अरुको चिप्ला कुराले भुलाएको छ ।

### ) सहायक पात्र

**आमा**

एक कुशल, दुरदर्शी र इमान्दार महिलाको रूपमा आमालाई लिइन्छ । छोराको कुरामा पटक्कै बिस्वास गर्न नसकी संझाउन पुग्छिन् । प्रवृतिका आधारमा स्थिर र जीवन चेतनाका आधारमा वर्गगत रहेको छ । उनी मञ्चीय र बद्ध पात्र हुन् । उनी एक अनुभवी, कुशल पात्रको रूपमा देखापरकी छिन् । उनको उपदेशलाई नमान्दा रामे पछुताउनु परेको छ । दलित र गैरदलित बीचको भेदभाव भन्दा पनि दलित दलित बीचको भेदभावलाई नै नहटाई जातीय मुक्तिको सपना देख्नु युक्तिसंगत देखिदैन । उनले गरेको वाणी सफल भएको छ । उनी भेदभाव भन्दा पनि कार्यमा बढी विश्वास गर्ने खालकी पात्रको रूपमा आएकी छिन् ।

**साथीहरू**

प्रत्यक्ष रूपमा रामेलाई जनयुद्धको मैदानमा होम्ने साथीहरू नै हुन् । साथीहरूको विश्वास गरेर नै कार्यक्रम स्थलमा रामे पुग्दछ । साथीहरू स्वार्थी भई देखापरेका छन् । काम पर्दा रामेलाई अगाडि सार्ने तर फाइदा हुदा आफैं लिने खालका पाइन्छन् । साथीहरू प्रतिकूल भएर पनि गतिशील रहेका छन् । साथीहरूले व्यक्तिगत हितको लागि मात्र काम गरेको पाइन्छ ।

### ) गौण पात्र

कथामा प्रसंग अनुसार गौण पात्रहरूको उपस्थिति निकै रहेको पाइन्छ । पात्र विधानका आधारमा गौण पात्रहरूको भूमिका समेत अत्यावश्यक छ । यहाँ प्रयोग गरिएका र भूमिकाका आधारमा गौण देखिएका पात्रहरूमा बाजे, बाबु, रामेका भाई , बहिनी, गाउँकै गैर दलित भनेर चिनिने मुखिया बा, मुखिनी आमा, अन्य गाउँलेहरू आदि रहेका छन् । यीनिहरूको आ-आफ्नो स्थानमा आफ्नै किसिमको भूमिका निर्वाह गरेका छन् ।

शैली वैज्ञानिक दृष्टिले कार्य, भूमिका, प्रवृक्ति जीवन चेतना, स्वभाव, लिङ्ग आसन्नता, आबद्धता आदिका दृघिले पात्रीय अवस्था, स्थिति र यथार्गलाई हेर्दा निम्न अनुसार वर्गीकृत गरेर यस कथाको पात्र विधानलाई यसरी हेर्न सकिन्छ ।

जनयुद्ध रामेको अधुरो सपनाको पात्र विदानगत तालिका :

| क्र.सं. | पात्र | कार्य भूमिका | प्रवृत्ति | स्वभाव | जीवन चेतना | लिङ्ग | आसन्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | रामे | प्रमुख | प्रतिकूल | गतिशील | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| २ | आमा | सहायक | अनुकूल | स्थिर | वर्गगत | स्त्री | मञ्चीय | बद्ध |
| ३ | नेता | सहायक | प्रतिकूल | गतिशील | वर्गगत | - | मञ्चीय | बद्ध |
| ४ | साथीहरू | सहायक | प्रतिकूल | गतिशील | वर्गगत | - | मञ्चीय | बद्ध |
| ५ | भाई | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ६ | बहिनी | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ७ | मुखिनी आमा | गौण | प्रतिकूल | गतिशील | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ८ | बाजे | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| ९ | बाबु | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| १० | मुखिया बा | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| ११ | गाउँलेहरू | गौण | प्रतिकुल | गतिशील | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |

### ४.४.१.३ परिवेश

प्रस्तुत 'जनयुद्ध र रामेको अधुरो सपना' कथाको मुख्य परिवेश ग्रामिण क्षेत्रलाई लिइएको छ । यस कथाको घटनाक्रममा निश्चित समय रहेको छ । वि.सं. २०५२ सालदेखि नेपालमा शुरु भएको माओवादी जनयुद्धबाट वि.स. २०६२ सालको सरकार माओवादी शान्तीवार्तासम्मको अवधिलाई लिइएको छ । शान्तिवार्तासम्मको नेता र राजनैतिक उतारचढाव स्वार्थपनलाई पनि कथाको परिवेश बनाइएको छ । यस कथामा नेपालको पूर्वदेखि सुदुर पश्चिमसम्मको विभिन्न स्थानमा कथानकको विकाश भएको छ । जनयुद्धको क्रममा रामेले नेतृत्व गरेको टोली जहाँ जहाँ पुग्छ सोही स्थान विशेष परिवेशलाई कथामा प्रयोग गरिएको छ । रामेको आफ्नै घर छिमेक आदिलाई समेत कथाले समेटेको छ ।

समय र परिवेशका दृष्टिले समथिङको यो कथामा मात्रै स्पष्ट समय तोकिएको छ । रामे बाबु विहिन टुहुरो भएपनि आमाको माया ममतासंगै रोगी आमा, भाई, बहिनीलाई हुर्काउने र शिक्षादिक्षा समेत दिनुपर्ने जिम्मेवारी थपिएको छ । जिविकोपार्जनका लागि कठीन कार्य गर्नु पर्ने बाध्यता उसमा भएपनि जनयुद्धमा होमिन पुगेको छ । यस कथामा जातीय रूपमा विभेदमा परेका दलित जातीको उत्थान र विकाश गर्नका लागि रामेको प्रयासलाई समेत यस कथाको परिवेश बनाएको छ । रामे समाजमा रहेको दलित र गैरदलित बीचको भेदभावको अन्त्य गर्न चाहन्छ । यही भेदभावपूर्ण व्यवहारलाई सहन नसकेर युद्ध मैदानको परिवेशलाई यस कथामा समेटिएको छ ।

### ४.४.१.४. उद्देश्य

नेपाली समाजमा धेरै अगाडिदेखि आफ्नो स्वार्थसिद्ध गर्न समाजको सामन्ती वर्गले दलित र गैरदलित भनी विभाजन गरिदिए । यसले मान्छे मान्छे बीचमा भेदभावको विकाश हुदै आएको छ । मान्छेले मान्छेलाई नै तल्लो र माथिल्लो जात भनेर विभाजन गर्नु युक्तिसंगत देखिदैन । संगै काम गरे पनि खाने बेलामा छुट्टिनु पर्ने, खाना खाने बेलामा गैर दलित भित्र बसेर सम्मान साथ खाना खान पाए पनि दलितहरूले आगन, सिकुवा पेटी आदि स्थानमा रहेर अपमानित भई खाना खानुपर्ने विडम्बना समाजमा विद्यमान रहेको छ । दलितहरूलाई कुकुर विरालो भन्दा पनि तल्लो स्तरमा राखी भेदभाव गरिन्छ । जसले गर्दा सयौ नेपाली दलित युवायुवतीले जातीय मुक्तिको लागि आफ्नो ज्यान दिन समेत तयार भएका छन् ।

एकातिर जातीय भेदभावको विरुद्ध आन्दोलन गरिरहेछन् भने अर्कोतिर दलित दलित बीचमै भेदभाव नहटाई आन्दोलन गर्न कठीन रहेको महसुस पनि सर्वत्र हुदै आएको छ । यहाँ जातीय भेदभावको अन्त्य गर्न धेरै संघ सस्था, राजनैतिक दल आदि खोलिए पनि सबैले दलितको हकहितका लागि भन्दा पनि दलितलाई देखाएर आफ्नै पेट भर्न खर्च गरिरहेका छन् । जसले गर्दा राम्रो कार्य भए पनि जनविश्वास घट्दै गएको छ ।

जातीय भेदभावको अन्त्य गर्ने र समुन्नत समाजको निर्माण गर्ने सोचका साथ खोलिएका राजनैतिक दलले सोझो सिधा जनतालाई चिल्ला र मीठो कुरामा भुलाएर आफ्नो फाइदा लुटिरहेको छ । आफ्नो सपनालाई पूरा गर्ने मीठो आश्वासन पाएर रामे जस्ता धेरै युवाहरू जनयुद्ध जस्तो कठीन कार्यमा लागेर बन्दुकसम्म उठाउन सक्रिय रहेका छन् । राजनैतिक दललाई कठीन अवस्थामा साथ र सहयोग गर्दै गएपनि परिस्थिती सहज भएपछि तिनै युवाहरूलाई बेवास्ता गरी आफू भने सत्तामा गएर मोज गरिररहेका छन् । जातीय मुक्तिको लागि भाषणमा जति मीठा कुरा गरेपनि व्यवहारमा ल्याउने बेलामा पछि हटी स्वार्थी कार्य गर्न यहाँका राजनैतिक दलहरू लागिपरेका छन् । एउटा जातीय मुक्तिको सपना देखेर युद्ध मैदानमा ज्यानको वाजी थापेर होमिएको युवा मृत्यूको मुखवाट बचेर भएपनि अपाङ्ग जीवन बिताउन बाँध्य भएपनि यथार्थमा जातीय मुक्ति भने जस्ताकोतस्तै रहेको छ ।

यस कथामा जातीय भेदभावको अन्त्य गर्न डर र धम्किले काम गर्न सक्दैन । कानून मात्र बनाएर पनि सफल हुदैन । जातीय भेदभावको अन्त्यका लागि समाजमा चेतना बढाउँदै क्रमिक रूपमा सुधार गर्दै लैजानु पर्दछ । समाज परिवर्तन गर्न चेतना फैलाउनु पर्छ । कुनै पनि युवाले अरुको लहैलहैमा नलागी वास्तविकतालाई बुझेर काम गर्नुपर्छ । यसले जीवन भरी पछुताएर बाँच्नु नपरोस् भन्ने यस कथाको उद्देश्य रहेको छ ।

### ४.४.१.५. भाषा शैली

यस कथामा पनि भाषिक कलाको विकाश भएको छ । रामेको मनोविश्लेषण, सामाजिक र साँस्कृतिक रूपमा यथार्थ स्थितिको चित्रण गर्दै प्रशस्त संवादहरूको प्रयोग गरिएको छ । संवादमा स्वभाविकता, कारुणिकता र पीडाको बोध गराइरहेको छ । सरल र सहज भाषाको प्रयोग गरी कथा रचना गरिएको छ । स्थानीय स्तरका सामान्य पाठकले समेत बुझ्न सक्ने भाषाको प्रयोग भएको छ । कथ्यमा आदरार्थी भाषाको कमै प्रयोग भएको छ । भाषिक शुद्धतालाई भने त्यति ध्यान दिएको पाइदैन । सायद त्यो मात्रिभाषाको पनि प्रभाव हुनसक्छ । कथामा घुमाउरो र साहित्यिक भाषाको प्रयोग नगरी सोझो रूपमा अभिधात्मक अर्थको प्रयोग गरिएको छ । रैखिक शैली अपनाइएको यस कथाको कथानक क्रमिक रूपमा रहेको छ । यहाँ तृतीय पुरुष दृष्टिविन्दुको  प्रयोग भएको छ । यस कथामा स्थानीय कथ्यभाषा को साथै आगन्तुक शब्दहरूको समेत प्रयोग भएको पाइन्छ ।

### ४.४.१.६ दृष्टिविन्दु

रामे यस कथाको मुख्य पात्र हो । कथाकारको विचारलाई बोकेर रामे कथामा उपस्थित भएको छ । यहाँ रामेको अधुरो सपनालाई कथाको माध्यमवाट सामाजिक यथार्थलाई बाहिर ल्याउन खोजिएको छ । पात्रीय संवादलाई कथनले चरित्रचित्रण र घटनाक्रम विकसित भएपनि मूलतः तृतीय पुरुष दृष्टिविन्दु अन्तर्गत सीमित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । यहाँ रामे आफ्नो कुरालाई आफै गर्न नसक्ने भएपनि कथाकारले बताइदिएर घटनाक्रमको विकाश गराएका छन् ।

### ४.४.१.७ शीर्षक सार्थकता

यस कथाको शीर्षक जनयुद्ध र रामेको अधुरो सपना रहेको छ । कथाकार समथिङका हरेक कथाको शीर्षकबाटै घटनाको सार बुझ्न सकिन्छ । यस कथामा विगतमा भएको दश वर्षे जनयुद्धमा सहभागी भएको रामेले जातीय मुक्ति र मान्छे मान्छे बीचमा भएको भेदभावको अन्त्य गर्ने सपना लिएर युद्ध मैदानमा गइ कठीन संघर्ष गरेपनि त्यो केवल आदर्श मात्र भएको छ । सिंगो नेपाली घर परिवारलाई समेत वेवास्ता गरी हिडेको रामे जव शान्तीवार्ता हुन्छ त्यस पछाडि नेताको स्वार्थ पूरा भएपनि रामेजस्ता पिछडिएका दलितहरूको अवस्था भने जस्ताको तस्तै रहेको छ । त्यसैले जनयुद्ध र रामेको अधुरो सपना शीर्षक सार्थक रहेको छ ।

### ४.४.२. रचना विधानका आधारमा जनयुद्ध र रामेको अधुरो सपना कथाको अध्ययन

यस कथालाई पनि रचना विधानको आधारमा कथालई विभिन्न भागमा विभाजन गरी अध्ययन गरिएको छ जसको विश्लेषण निन्न अनुसार गरिएको छ :

#### ४.४.२.१ रुचिक्षेत्र

यस कथामा रामे एउटा दलित परिवारमा जन्मिएको व्यक्ति हो जो नेपाली समाजमा देखिएको दलित र गैर दलित बीचमा रहेको छुवाछुत, भेदभावमुक्त समाज निर्माण गर्नु खोज्नु नै यस कथाको मुख्य रुचिक्षेत्र हो । साथै नेपालमा खोलिएका संघ संस्था र राजनैतिक दलहरूले दलित जातिको मुक्ति गर्ने र समुन्नत समाजको निर्माण गर्ने मार्गमा सोझासिधा जनतालाई मैदानमा लडाएर नेता भनौदाहरू आफ्नै फाइदाका लागि लागेको कुरालाई समेत यस कथाको रुचिक्षेत्र मानिएको छ । यस कथाको अर्को रुचिक्षेत्र भनेको दलित र गैर दलित वीचमा भन्दा पहिला दलित-दलित बीचकै भेद भावलाई बीचमा भन्दा पहिला अन्त्य गर्नु पर्ने अनिमात्र दलित र गैरदलित बीचको भेदभाव रोक्न लाग्नु पर्ने देखिन्छ । यहाँ समाजलाई परिवर्तन गर्न समाजका हरेक सदस्यलाई चेतना मूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । आवेगमा आएर अरुको लहलहैमा लागेर कुनै कार्य गर्नुभन्दा अरुको सल्लाह सोच विचार गरेर मात्रै काम गर्नु पर्ने यथार्थलाई यस कथाको रुचिक्षेत्र बनाइएको छ ।

#### ४.४.२.२.रीतिक्षेत्र

यस कथाको मुख्य रीतिक्षेत्रको रूपमा समाजिक यथार्थवादसगै सामाजबादलाई बनाइएको छ । समाजमा रहेको जातीय भेदभावलाई संघ संस्था र राजनैतिक दलले रामे जस्ता सोझा लाखौं युवालाई फकाएर आफ्नो फाइदा लिई धेरैलाई बर्बाद पारेका छन् । चिप्ला कुरामा लागेर लाखौं नेपाली युवायुवती फसिएका छन् । उनीहरूको सपना अधुरै रहेको पाइन्छ ।

#### ४.४.२.३ सारवस्तु

रामे एक दलित परिवारमा हुर्किएको व्यक्ति हो । बाबुको मृत्यु भईसकेपछि बुढी रोगी आमा र भाई बहिनीको दू:ख साथ बनीबुत्तो गरेर दैनिक गुजारा चलाइरहेको थियो । रामेलाई जातीय भेदभाव भएको राम्रो लागेको थिएन । ऊ जातीय भेदभावको अन्त्य गर्न चाहन्थ्यो र राजनैतिक पाटीमा आबद्ध नभए एउटा भाषण सुनेपछि ऊ प्रभावित हुन्छ र आमाको सल्लाह समेत नमानी राती नै भागेर जनयुद्धमा होमिन्छ । लगनशील भएको कारणले पढाइ कम भएपनि पाटीमा महत्वपूर्ण, जिम्मेवारी बहन गरी काम गर्छ । रामे जनयुद्ध सफल बनाएर जातीय भेदभावको अन्त्य गर्न चाहन्छ । रामे लडाकु मोर्चामा

समावेश भई विभिन्न किसिमका तालिम गर्दै आएको छ । पछि त्यस मोर्चाको कमाण्डर भएर साथीहरूलाई अगाडि बढाउँछन् । पाटीमा पनि जातीय रूपमा भेदभाव भएको पाएपछि उसलाई पनि दु:ख लाग्छ तै पनि सक्रिय रूपमा लागिरहन्छ । युद्धकै क्रममा घरमा रामे आउँदा आफ्नी आमाले जातीय छुवाछुत दलित-दलित बीचमा नै भइरहेको हुन्छ भने गैरदलित बीचमा रहेको भेदभावलाई अन्त्य गर्न पर्खनु पर्ने कुरा बताए पनि ऊ मान्दैन र पुन युद्ध मैदानमा फर्कन्छ । सरकारी संरचना र विद्रोही अखडाको ध्वस्त गर्दै खाइ नखाइ लडाइ गर्दै जाँदा ऊ घाइते हुन पुग्छ । युद्धको घाउ ताजै रहन्छ । उसको देब्रेहात र दाहिने खुट्टा काटेर फालेपछि पहिलाको रामे आज लङ्गडो भएर बसेको छ । उसले सोचेजस्तो परिवर्तन नभएको आफै भन्दा तल्लो दर्जाका व्यक्तिहरू सांसद र मन्त्री भएका आदि घटनालाई टुलुटुलु हेरेर बसिरहेको छ । रामेले जे सोचेर युद्धमा होमिएको थियो त्यो सबै कार्य अर्थहिन भएको देखेर अत्यन्त दु:खी बन्दछ ।

यस कथामा नेपालको राजनैतिक अवस्थालाई चित्रण गर्न खोजिएको छ । रामेजस्ता सोझा सिधा जनतालाई युद्धमा लगाएर नेताहरू आफ्नो स्वार्थ पूरा गर्न मात्र लागिपरेको पाइन्छ । समाजमा रहेको छुवाछुत, जातीय भेदभाव र राजनैतिक विकृति आदिलाई यस कथामा प्रस्तुत गरिएको छ । नैतिक रूपमा कर्मशील व्यक्तिहरू पाखा लगाएर आफू अगाडि बढी धनसम्पति कमाउन सक्रिय रहने नेताहरूको बोलीलाई देखाएको छ । एउटा बोल्ने तर काम भने अर्कै गर्ने कार्यलाई यस कथामा प्रष्ट रूपमा देखाइएको छ । रामेको सपनालाई केन्द्रित गरेर यस कथाको निर्माण भएको छ ।

एक मान्छेले अर्को मान्छेलाई गरिएको भेदभाव, छुवाछुत चुपचाप लागेर सहेर बस्न सक्दैन । त्यस्तो अवस्थाको विरोध गर्नमा आवाज र हतियार उठाउन सक्छ । नेताले देश बर्बाद पारेका छन् । दुनियालाई चिल्ला कुरा गरेर आफू मोज गर्न तल्लिन भएका छन् । कुकुर भन्दा पनि अपमानित भएर मान्छे बाँच्न बाध्य भएको छ ।

### ४.४.२.४ कथानक ढाँचा

यस कथाको ढाँचा रैखिक रहेको ठाउँ र परिस्थिति अनुसार कथानक अगाडि बढेको छ । निश्चित र योजनाबद्ध प्रस्तुति नै यस कथाको मुख्य ढाँचा हो । कथानक आदि, मध्य र अन्त्यको क्रमवद्ध विकास भएको छ । यस कथामा पनि आदि भागमा कथानकको उठान मध्य भागमा विकास र्ं अन्त्य भागमा कथानकको निष्कर्ष दिइएको छ ।

कथामा प्रमुख पात्रको रूपमा रामे आएको छ । ऊ कथाको मुख्य पात्र भएको, आमा रोगी भएको कारणले परिवारको पालन पोषण गर्न निकै धौधौ हुनु, जग्गाको अभाव हुनु, अरुको घरमा काम गर्न जानु, खाना खाने बेलामा अरुवाट छुट्याएर अलगै राख्नु, जातीय छुवाछुत मन नपर्ने साथीहरूले भाषण सुन्न जान आग्रह गर्नु भाषण सुन्न जानु, भाषण चित्त बुझ्दो हुनु, आमालाई जनयुद्धमा जाने कुरा गर्नु, आमाले छोराको कुरा अस्विकार गर्नु, कमाण्डर हुनु, मोर्चाको नेतृत्व गर्नु, घर फर्किएको बेलामा

आमाले फेरी सम्भाउनु, मोर्चा सुदुर पश्चिम जानु, सरकारी सेनासंग आक्रमण हुनु, आक्रमणमा रामेलाई गोली लाग्नु, दब्रे हात र दाहिने खुट्टा विग्रनु, उपचार गर्न विदेश लैजानु, हात खुट्टा काम नलाग्ने भएपछि फ्याक्नु , शान्तिवार्ता हुनु, संगैका साथीहरू मन्त्री, सांसद हुनु, साथीहरू धनी हुनु, सदरमुकाममा घर बनाउनु, रामे घर फर्कनु, गाउँमा बस्नु, छुवाछुतको अन्त्य नहुनु, आदि घटनाक्रमको बिकाश क्रमिक रूपमा घट्दै गइ रैखिक ढाँचा बन्न पुगेको छ ।

यसका विभिन्न दृश्यहरूको योजनाको कलात्मक संयोजन गरिएको छ र रामेको जातीय भेदभावका पीडाहरू जनयुद्धपछिको समुन्नत समाजको सोचाइहरू, परिस्थिति अनुसार युद्धमैदानमा भएका घटनाहरू शान्तिवार्ता पछाडिका कार्यहरू दृश्यात्मक रूपमा प्रस्तुत गरिएको छ । कथामा संक्षेप पद्धतिको वर्णानात्मकताको निर्वाह पनि भएकै छ । यसरी यस कथामा दृश्य र संक्षेप दुवै पद्धतिको निर्वाह भएको छ । कथाको गति तिव्र रहेको छ र कथा रोचक बन्न पुगेको छ ।

### ४.४.२.५ अर्थ सापेक्ष

यस कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ । शीर्षक घटनाक्रमको परिणतीमा राखिएको छ । विषयवस्तु अनुरूप शीर्षक सार्थक छ । कथा पढ्दा अभिधात्मक अर्थ कोटी कै प्रयोग भएको भटिन्छ । यो कथा पाठकले सजिलै र सोभ्रो रूपमा बुझ्न सक्ने खालको बनेको छ । यसमा निश्चित पात्र र सुहाउँदो घटनाक्रमको संयोजन गरेर कथावस्तुलाई प्रत्यक्ष रूपमा बुझ्ने गरी अभिधात्मक अर्थको कोटिमा कलात्मक ढंगले प्रस्तुत गरिएको छ ।

जातीय भेदभाव मुक्त समाजको निर्माण गर्न दलवल भन्दा पनि चेतनाको विकाश गराउनु पर्छ । जे बोलिन्छ त्यो पूरा गर्न सक्रिय हुनु पर्छ । कुरा भन्दा काम बढी गरेर देखाउनु पर्छ । अनि मात्र नेपाली समाजमा परिवर्तनको आभाष दिन सकिन्छ भन्ने कार्यलाई यस कथामा कलात्मक ढंगले प्रस्तुत गरिएको छ ।

### ४.४.२.६ रुपविन्यास

यस कथामा पनि सवृत्त पक्षलाई जोड दिइएको छ । भाषिक सरलतालाई जोड दिइएको छ । यस कथामा क्रान्ति, युद्ध, फेसन जस्ता आगन्तुक शब्दको समेत प्रयोग गरिएको छ । यसमा भने समाजको परिवर्तनलाई देखाउन राजनैतिक व्यङ्ग्यलाई प्रयोग गरिएको पाइन्छ ।

## ४.५ 'अरुको दशै धनीप्रसादको दशा' कथाको विश्लेषण मूल्याङकन

पाँचौ कथाको रुपमा 'अरुको दशैं धनीप्रसादको दशा' शीर्षकको कथालाई मान्छेको पिडा कथा संग्रहमा संग्रहित छ । अभावमा जन्मिएको मान्छेले अभावमा नै बाँच्नु पर्ने र धनी मान्छे धनी हुने र गरीव मान्छे सधै गरीव भएर जीवन बिताउनु पर्ने वाध्यता रहेको छ । यस कथाको मुख्य पात्रको रूपमा धनीप्रसादलाई लिइएको छ । प्रशंगबस अन्य गौण पात्रहरू वाबु, आमा, श्रीमती, साहु, साथीहरू आदि रहेका छन् । यस कथालाई विभिन्न कोण र सन्दर्भवाट अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.५.१.१ संरचना पक्षका आधारमा 'अरुको दशै धनीप्रसादको दशा' कथाको विवेचना

यो कथा धनीप्रसादको पारिवारिक सेरोफेरोमा आधारित भएपनि समग्रमा नेपाली गरीव परिवारको दशालाई मनोवैज्ञानिक र सामाजिक यथार्थवादी सिद्धान्तको प्रयोग गरिएको छ । परिवारको प्रमुखको भूमिका पाएपछि अनेक किसिमका कष्ट बेहोर्नु पर्ने हुन्छ । यस कथाको विभाजनलाई हेर्दा १० पृष्ठको बाह्य संरचनामा संरचित छ । त्यस्तै यस कथा भित्र लामा छोटा १५ वटा अनुच्छेद रहेका छन् ।

आन्तरिक संरचनाको दृष्टिमा कथावस्तु प्रभावकारी नै देखिन्छ । यस कथामा चरित्र चित्रणमा बढी केन्द्रित रहेको पाइन्छ । सामाजिक यथार्थलाई प्रस्तुत गरिएको छ । यहाँ प्रमुख पात्रको मनोवैज्ञानिक विश्लेषण गरी मनोवैज्ञानिक सिद्धान्तको उठान गरिएको छ । त्यस्तै समाजमा रहेको गरीवी र साहु महाजनले गर्ने गरेको व्यवहारलाई उठान गरिएको छ । यहाँ प्रमुख पात्रको रूपमा धनीप्रसादलाई लिइएको छ । उनकै जीवनमा घट्ने घटनाहरूको सेरोफेरोमा यस कथाको संरचना अडिएको छ ।

### ४.५.१.१ कथावस्तु

बाहुन परिवारमा जन्मिएको धनीप्रसाद नामले धनी भएपनि ऊ गरीव थियो । परिवारका सबै सदस्यको नाम धनसम्पति भएको जस्तो देखिए पनि यथार्थमा त्यस्तो रहदैन । धनीप्रसादका बा आमा इमान्दार थिए । अरुले अह्राएको मान्ने गर्दथे । मजदुरी गरेरै भएपनि मीठो मसिनो खाना खुवाएर परिवार चलाइरहेका थिए । गरीव भए पनि नवौं सन्तानको रूपमा धनीप्रसाद छोरा भएर जन्मिएका थिए । वंश थाम्न छोरा नै चाहिन्छ भन्ने मान्यताका साथ धेरै छोरीहरूको पदार्पण भएको थियो । हाम्रो समाजमा छोरा हुनै पर्ने मान्यतालाई अझै पनि छोड्न सकेका छैनन् । गरीवीकै कारणले धनीप्रसादकी आमा सुत्केरी हुदा समेत पेटभरी खान पाएकी छैनन् । अरुले ल्याएदिएको चामल र ध्यूले सुत्केरी उठाउनु परेको थियो । आमालाई सुत्केरी अवस्थामा नै अरुको मेलामा बनी गर्नु पर्ने वाध्यता थियो ।

दशै आउँदा अरुको घरमा नयाँ लुगा सिलाएको मीठो मीठो खानेकुरा किनेरल्याएको, ठूलो खसी किनेर ल्याएको धनीप्रसादले देखिरहे पनि आफ्नो घरमा भने केही नभएकोमा खिन्न हुन्छ । २/४ के.जी. मासु खाएर र अरुले फ्याकेका थोत्रा लुगालाई टालेर लाएको घटना ताजै छ । त्यती वेला संसारमा उसका बा. आमा नै पैसा नहुने होला भनि सम्फदा एउटै मात्र छोरा भई अत्यन्त माया पाएर हुर्किएको धनीप्रसादलाई आफ्ना बा. आमाको अवस्थावारे थाहा छ । एक्लो छोरो भएकैले थोरै भएपनि पढ्ने अवसर पाएको छ । घरमा काम गर्न परेको छैन ।

धनीप्रसाद गरीव नै भएपनि धनी बन्ने सपना भने देखिरहन्छ । दिदी बहिनीहरू आ-आफ्नो घरमा लागेपछि बावु आमा पाल्ने जिम्मेवारी धनीप्रसादको काँधामा आउछ । वावु आमा कै गुण धनीप्रसादमा पनि सरेको थियो । अनेक दूःख गरेर आमा बुवालाई पाल्दै आफै विवाह वन्धनमा बाँधिन पुग्छ ।

बाबु आमाको चार महिनाको फरकमा मृत्यु भएपछि उसको पनि दशाका दिनहरू घुम्न थाल्छन् । साहुको भारी बोकेर वनीवुत्तो गरेर उसको जीवन चलाउदै सातवटी छोरीको जन्म दिन पुग्छ । धनीप्रसाद पनि आफ्ना छोरा नजन्मिएकोमा निकै चिन्तित हुन्छ । उसलाई पनि दशै आउन साथै दशैको जोहो गर्ने चटारो आइपर्छ । नानीहरूले मीठो खाना राम्रो नयाँ नाना, ठूलो खसी आदिको माग पूरा गर्न निकै धौ-धौ पर्छ । अरुले दिएका थोत्रा कपडामै उनीहरूको पनि जीवन वित्दै गएको थियो ।

छोराछोरीको इच्छा पूरा गर्न साहुवाट दूइ हजार ऋण लिएर थोरै भएपनि उसको अवस्यकता पूरा गर्छ । तर त्यही लिएको ऋणलाई सम्फिए धनीप्रसाद अतिनै चिन्तित हुन्छ । साहुको ऋण तिर्न निकै गाह्रो पर्ने कुरा ऊ सोचिरहन्छ । वा आमाको काजक्रियामा ल्याएको पैसा समेत तिरी नसकी साहुवाट दशैमा लिएको ऋण तिर्न अत्तिनै गाह्ो पर्छ । त्यसैले दशैं नहुनेका लागि कहिल्यै पनि नआए हुन्थ्यो भनि सोच्छ । दशै आएर धेरैलाई ऋण बोकाएर गएको हुन्छ । यो समस्या धनीप्रसाद समेत परेको घटनालाई यस कथाको कथावस्तु बनाइएको छ ।

### ४.५.१.२ पात्र विधान

यस कथामा पनि चरित्रकै प्रधानता पाइन्छ । यहाँ परिवारमा गरीबीका कारण आइपर्ने एक पुरुषको सामाजिक साँस्कृतिक तथा मनोविज्ञानलाई चित्रण गरिएको छ । यहाँ आर्थिक अभावमा परिवारको गुजाराका लागि दैनिक आवश्यकतालाई पूरा गर्न गरिएको अनेक दुःख कष्टहरूलाई प्रस्तुत गर्न खोजिएको छ ।

पात्रीय भूमिकाका दृष्टिले यस कथामा प्रमुख पात्रको रूपमा धनीप्रसाद रहेको छ । अन्य पात्रहरूमा बाबु आमा श्रीमती, साथीहरू, दिदी बहिनी, छोराछोरी आदि रहेका छन् ।

यहाँ प्रयोग भएका प्रमुख सहायक र गौण पात्रहरूको सामान्य चिनारी दिइएको छ जो निम्न अनुसार विभाजन गरी चिनाइएको छ ।

## ) प्रमुख पात्र

**धनीप्रसाद**

गरीव परिवारमा बाहुनको छोराको रूपमा जिल्लाको दुर्गम स्थानमा धनीप्रसादको जन्म भएको छ । नाममा परिवारमा सबै सदस्य धनी भएपनि यथार्थमा उनको परिवार गरीव थियो । गरीव भएपनि गाउँघरको सबैभन्दा माया पाएको प्यारो परिवारमा धनीप्रसादको पदार्पण भएको थियो । आमा बुवाले दुःख गरेर काम गरी ल्याएको र अरुले खान दिएको वासी खाना खाएर हुर्कनु पर्ने बाध्यता उसमा रहेको थियो । अरुले दिएको थोत्रो कपडाले लाज छोप्नु पर्ने बाध्यता उसमा छ । ऊ बाह्रौं सन्तान मध्ये नवौं सन्तानको एक मात्र छोरो थियो ।

दशैमा उसका घरमा नयाँ लुगा सिलाएको ठूला ठूला खसी ल्याएको, मीठो मीठो खाने कुरा ल्याएको देख्दा ऊ हेरिरहन्थ्यो । आफ्नो घरमा भने अभावको कारण थोरै खाने कुरामा चित्त बुझाउनु पर्ने उसको बाध्यता थियो । अन्य सदस्य स्कूल जान नपाए पनि धनिप्रसादले भने स्कुल जाने अवसर पाएको थियो । पढाइमा त्यति राम्रो नभएपनि फेल हुदैन दिदीबहिनीले छोडेर गएपछि उमेर ढल्किएका आमाबुबालाई हेरचाह गर्नु पर्ने बाध्यता आएपछि विवाह गर्छ । गरीव भएकै कारणले उसको परिवारिक गुजारा चलाउन पढाइलाई छोडेर भएपनि अर्काको वनी गर्नु परेको छ । गुजारमा आइपर्ने जस्तो सुकै काम पनि उ गर्दथ्यो । इमान्दार भएकोले नै गाउँलेको विश्वास पात्र बनेको थियो । कथामा धनीप्रसाद गरीव भएपनि दुःख गरेरै खाने गर्दथ्यो । अरुको भरमा भने आशा गर्दैनथ्यो । बाबुको बिडोलाई थाम्न खोज्ने धनीप्रसादले पनि गरेको पाइन्छ । विवाहपछिका दिनहरूमा सातवटी छोरीको जन्म भएर जम्मा नौ जनाको ठूलो परिवार बनेको छ । ठूलो परिवार भएपछि झन् पीडा थपिदै गएको छ । बाबुलाई झै धनीप्रसादलाई पनि परिवार पाल्न धौ-धौ पर्छ । दशैमा नानीहरूलाई मीठो खाना राम्रो नानाको मागलाई पूरा गर्न निकै गाह्रो पर्छ। अघिल्लो सालको दशैमा लिएको ऋण तिर्न नसकेर समस्या परिरहेको वेलामा साहुवाट दूई हजार ऋण काडेर ल्याउछ । त्यही पैसाले दशैमा चाहिने चामल, मासु, नानीहरूलाई कपडा, किन्न खर्च गरेपनि आफू र श्रीमतीलाई भने पुग्न सकेको छैन । उसलाई एकातिर साहुको ऋण तिर्न पैसा कमाउनु पर्ने छ भने अर्कोतिर साहुको ऋणमा काम गर्न थाले पछि परिवारका खुवाउन समेत नसक्ने अवस्था उसमा आएको छ । गरीवको घरमा चाडवाडले गर्दा ऋणी बनेको छ । धेरैको घरमा दशै आइ ऋण बोकाइ जाने गरेको छ । त्यो समस्या धनीप्रसादको परिवारमा समेत आइ परेको छ । कार्य भूमिकाका रूपमा प्रमुख पात्रको रूपमा धनीप्रसाद आएको छ । समय अनुसार उचाल्न खोजिरहेकोले गतिशील भएको छ । पारिवारिक जिम्मेवारी पूरा गर्न वर्गगत भूमिका निभाएको छ ।

) सहायक पात्र

**धनप्रकाश**

धनप्रकाश यस कथाको सहायक पात्रको रूपमा देखापरेको छ । ऊ मुख्य यस कथाको धनीप्रसादको बाबु हो । उसका कार्यहरू हेर्दा अनुकुल पात्र हो । गरीव भएपनि गाउँकै प्यारो र इमान्दार पात्रको रूपमा देखापर्दछ । उसमा परम्परागत दृष्टिकोण परिवर्तन भएको पाइन्छ । साँस्कृतिक परम्परालाई विश्वास गर्दछ । त्यसैले छोरा पाउने आश गर्दै तेह्र सन्तानको बाबु बन्न पुगेको छ । ऊ पनि वर्गगत हितको लागि कार्य गर्ने पात्रको रूपमा आएको छ । उसले सेवा गरिदिएको थोरै आम्दानीमा उसले जेनतेन गुजारा चलाएको थियो । उनलाई स्थिर भई मन्चीय र बद्ध पात्रको रूपमा यस कथामा प्रस्तुत गरिएको छ । गरीव नै भए पनि छोरालाई पढाउन पर्दछ भन्ने मान्यता राखे पनि वाध्यतामा परेको पाइन्छ । त्यसैले यस कथाको महत्वलाई पात्रको रूपमा धनप्रकाशलाई लिइन्छ ।

**धनीकादेवी**

उनी यस कथामा सहायक पात्रको रूपमा देखापरेकी छिन् । उनी यस कथाको मुख्य पात्र धनीप्रसादकी आमा हो । अनेक दुःख कष्ट गरेर छोरा छोरीलाई हुर्काएकी छिन् । आमाको कर्तव्य पूरा गरेकी छिन् । गरीव भएपछि आफू नखाइ भएपनि आफ्ना छोराछोरीलाई हुर्काएकी छिन् । उनी पनि परिवार पाल्न वनीवत्तो गरी कमाएर ल्याई खुवाउने गर्दथिन् । उनी प्रवृतिका आधारमा अनुकुल, स्वभावको आधारमा स्थिर जीवन चेतनाका आधारमा वर्गगत भूमिका निभाएकी छिन् । उनी पनि परम्परा र संस्कृतिलाई भूल्न नसक्ने पात्रको रूपमा यस कथामा देखापरेकी छिन् । यही हुनाले तेह्रवटा सन्तान जन्माउन पुगेकी छिन् । उनी मञ्चीय र बद्ध पात्र हुन् ।

**धनलक्ष्मी**

धनलक्ष्मी यस कथाको सहायक पात्रको रूपमा देखापरेकी छिन् । उनी यस कथाको मुख्य पात्रकी श्रीमती धनप्रकाश र धनीकादेवीकी बुहारीको रूपमा आएकी छिन् । श्रीमान्को हरेक कार्यमा साथ दिदैं अगाडि बढेकी छिन् । उनी पनि समाजिक र साँस्कृतिक परम्परालाई विश्वास गर्दै छोराको चाहना राख्दै सातवटी छोरी जन्माएकी छिन् । उनी छोरा नभएकोमा अति नै चिन्तित छिन् । उनी पनि इमान्दार भइ सामाजिक प्रिय पात्रको रूपमा प्रस्तुत भएकी छिन् । पारिपारिक तथा सामाजिक हितका लागि कार्य गर्ने भएकोले उनको जीवन चेतनालाई वर्गगत भन्न सकिन्छ । उनी असल आमाको भूमिका निभाउन सफल भएकी छिन् ।

### ) गौण पात्र

यस कथामा प्रयोग भएका गौण पात्रहरूको पनि निकै महत्वपूर्ण भूमिका रहेको छ । गौण पात्रहरूमा पनि साथीहरू छर छिमेक, साहुको भूमिका भूल्न सकिन्न । साहु अरुको अभावमा पैसाको सहयोग नगरेको देखिए पनि गरीवलाई चर्को ब्याज उठाएर ब्याजको स्याज पनि थपेर उठाउने गरेको पाइन्छ । थोरै ऋण लिए पनि साहुको नोकर झै रिझाएर धेरै काम गरिदिनु पर्ने वाध्यता छ भने अर्कोतिर परिवारको लागि आवश्यक पर्ने दैनिक सामग्रीको जोहो गर्नु पर्ने दुवै पीडामा छटपटीरहेका छन् । धनीप्रसादका साहुहरू भने गरीवलाई शोसेर मोटाइरहेका छन् ।

यस कथामा प्रयोग भएका गौण पात्रहरू, पूरोहित, साहु, साथीहरू, छरछिमेकी आदि रहेका छन् । यहाँ सूच्य पात्रको रूपमा धनबहादुर, धनप्रकाश, धनजन्य आदि पात्रहरू समेत देखापरेको छन् । पात्रीय भूमिकालाई हेर्दा गौण र सूच्य पात्रहरूको भूमिका पनि निकै महत्वपूर्ण बन्न पुगेको छन् । उनीहरूले समेत कथाको विकाशलाई सहयोग पुऱ्याएका छन् । यस कथामा प्रयोग भएका पात्रहरूको शैली वैज्ञानिक दृष्टिले कार्य, भूमिका, प्रवृत्ति जीवन चेतना, स्वभाव, लिङ्ग, आसन्नता आवद्धता आदिका दृष्टिले पात्रीय अवस्था, स्थिति कथाको पात्रविधानलाई हेर्न सकिन्छ ।

**अरुको दशै धनीप्रसादको दशाको पात्र विधानगत तालिका**

| क्र. सं. | मात्र | कार्य भूमिका | प्रवृति | स्वभाव | जीवन चेतना | लिङ्ग | आसन्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | धनी प्र. | प्रमुख | अनुकूल | गतिशिल | वर्गगत | पुरुष | मञ्चीय | बद्ध |
| २ | धन प्र. | सहायक | " | " | वर्गगत | पुरुष | " | " |
| ३ | धनका देवि | " | | स्थिर | | स्त्री | | |
| ४ | धन लक्ष्मी | सहायक | " | स्थिर | " | स्त्री | " | " |
| ५ | साहु | गौण | " | स्थिर | " | पुरुष | " | " |
| ६ | साथीहरू | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | पुरुष | " | " |
| ७ | गाउँलेहरू | गौण | अनुकूल | स्थिर | वर्गगत | पुरुष | नेपथ्य | " |
| ८ | पूरोहित | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | मुक्त |
| ९ | धन.बहादुर | सुच्य | अनुकूल | स्थिर | " | पुरुष | नेपथ्य | बद्ध |
| | | | | | | | | |
| १० | धनजन्य | सुच्य | अनुकूल | स्थिर | " | पुरुष | " | " |
| ११ | दिदी बहिनी | " | अनुकूल | स्थिर | व्यक्तिगत | स्त्रि | " | " |
| १२ | छोराहरू | गौण | अनुकूल | गतिशिल | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |

## ४.५.१.३. परिवेश

प्रस्तुत 'अरुको दशै धनीप्रसादको दशा' कथाको सम्पूर्ण परिवेश जिल्लाको दुर्गम ग्रामिण क्षेत्रमा घटेको घटनालाई लिइएको छ । यस कथाको घटनाक्रम निश्चित नभए पनि बाबु धनप्रकाशको सम्पूर्ण जीवन भरीको घटना र धनीप्रसादको आधा जीवन भरी दुई पुस्तालाई परिवेश बनाइएको छ । कथामा

गरीव हुन, दैनिक आवश्यक सामग्री जुटाउन नसकी पीडा वोध भएका परिवेशलाई समेत लिइएको छ। कथामा सामाजिक र साँस्कृतिक चालचलन, परिवेश, रितिरिवाज आदिलाई समेत दिन खोजिएको छ। यस कथामा प्रयोग भएका स्थानहरूमा मेलाबजार, मेलापात, साहुको घर परिवार, घर, गाउँ, खेतवारी, काम गर्ने स्थान आदिको वरिपरी घुमेको छ।

समय र परिवेशका दृष्टिले स्पष्ट समय नतोकिए पनि समाजमा रहेको धनी र गरीवको बीचमा हुने भेदभावलाई देखाइएको छ। यसले समाजमा काम गर्ने दिनहु पेलिएको पेलियै र साहु महाजन मोटाएको मोटाएकै रहेछन्। यस कथामा गरीवको घरमा चाडपर्व आउने वित्तिकै समस्या आइपर्छ। बालवालिकाको इच्छा र आकाक्षालाई पूरा गर्ने घरखेत बन्धकी राखेर वा ऋण खोजेर भएपनि चाडपर्व मनाउनु पर्ने बाध्यता रहेको छ। त्यसैले लाखौ गरीवहरूको जीन्दगी वर्वाद बन्न पुगेको छ। आयो दशै ढोल बजाई, गयो दशै ऋण बोकाई भन्ने उखानलाई सार्थक बनाउनु समेतलाई यस कथाको परिवेश बनाइएको छ।

### ४.५.१.४ उद्देश्य

सदियौदेखि चलिआएको नेपाली समाजमा धनी र गरीव बीचमा ठूलो भेदभाव रहेको छ साहु महान बन्दैछन् भने गरीवहरू कंगाल बन्दैछन्। समाज परिवर्तन भएपनि समाजिक संस्कार परिवर्तन हुन सकेको छैन। दशै आयो भन्ने बित्तिकै केटाकेटीहरू ठूलो खसी लुगा, मीठो खाना खान पाउने आसमा बाबु आमालाई पिरोलिरहन्छन्। बालवालिका अरुको देखेर आफूपनि त्यस्तै बन्न चाहन्छन् तर त्यो सबैको परिवारमा सम्भव छैन। हाम्रो समाजमा दशैको नाममा विकृति र विसंगति फैलिरहेको छ। यस कथाको शुरुमै आयो दशै ढोल बजाई, गयो दशैँ ऋण बोकाई भन्ने उखानलाई सार्थक बनाउन खोजिएको छ।

नामका धनीहरू भए पनि धनीप्रसादका परिवारको सबै सदस्यहरूको पनि नाममा धनी छन् तर यथार्थमा उनीहरू धेरै गरीव छन्। त्यसैले नाम जुराउने पूरोहितलाई समेत धिक्कार गरिएको छ। सामाजिक संस्कार अनुसार बाबु आमाको काजक्रिया छोराले नै गर्नु पर्ने रहेकोले हरेकको परिवारमा छोराको महत्व वढ्दै गइरहेको पाइन्छ। छोरा पाउने आशामा धेरै छोरीको जन्म भएको पाइन्छ। जसले सानो र सुखी परिवार बन्न पुगेको पाइन्न। यहाँ पुरुष र महिला बीचमा भेदभाव रहेको छ। धेरै छोरी नै पाएपनि छोराको आशामा बच्चा जन्माइ रहन्छ। जसले गर्दा परिवारमा संकट आइ पर्दछ। थोरै सन्तान जन्माउने, छोरा वा छोरी जे भएपनि उचित रूपमा लालनपालन गर्ने र शिक्षा दिनु पर्ने कार्यलाई समेत यस कथाको उद्देश्य बनाइएको छ।

चाडवाड आयो भन्दैमा धेरै खर्च गर्नु भन्दा पनि आफूले सकेको मात्र गर्नु पर्दछ। घाटी हेरी हाड निल्नु पर्ने उखानलाई पनि सार्थकता दिन खोजिएको छ। माहनता र इमान्दारिता आफैमा रहन्छ। अरुको देखासिकी गर्नु भन्दा सक्ने मात्र काम गर्नु पर्दछ। मीठो मीठो जस्तो भए पनि अरुको भन्दा

आफ्नैलाई  मिठो र राम्रो मानेर खानु नै उत्तम हुन्छ । सोचेर काम गरियो भने अरुको मात्र दशै होइन आफ्नै पनि दशै हुने सोचाई नै यस कथाको उद्देश्य रहेको  छ ।

### ४.५.१.५ भाषाशैली

यस कथामा पनि भाषिक कलाको विकाश गरिएको छ । यहाँ धनप्रकाश र धनीप्रसाद दुवैको मनोविज्ञानलाई चित्रण गर्न खोजिएको छ । सामाजिक, आर्थिक, साँस्कृतिक रूपमा यथार्थ स्थितिको चित्रण गरिएको छ । यहाँ पात्रको एकालापीय दृष्टिकोणलाई प्रस्तुत गरिए पनि केही स्थानमा संवादको समेत प्रयोग भएको पाइन्छ । संवादमा आर्थिक अवस्थाको स्वभाविक कारुणिक र पीडाको वोध गराइएको छ । कथामा सरल र सहज भाषाको प्रयोग गरी रचना गरिएको छ । कथामा घुमाउरो र साहित्यिक भाषाको प्रयोग नगरी सोझो रूपमै अभिधा अर्थको प्रयोग गरिएको छ । त्यसैले यस कथामा क्रमिक रूपमा आदि, मध्य र अन्त्यको क्रममा दिइएको छ । कथामा आगन्तुक भाषाको समेत प्रयोग गरेको पाइन्छ ।

### ४.५.१.६ दृष्टिविन्दु

धनीप्रसाद  यस कथाको मुख्य पात्र हो ।  विचारको केन्द्रविन्दु धनीप्रसाद भएको छ । यहाँ धनीप्रसादका आर्थिक, पारिवारिक, सामाजिक र साँस्कृतिक यथार्थलाई देखाउन खोजिएको पाइन्छ । चरित्र चित्रण र घटना क्रमलाई हेर्ने हो भने यस कथामा वाह्य वा तृतीय पुरुष दृष्टिविन्दु अन्तर्गत सवंदर्शी दृष्टिविन्दुको प्रयोग  भएको पाइन्छ । यहाँ कथाकारको पात्रको भावना, प्रतिक्रिया विचार आदि समावेश गर्दै पात्रहरूको आन्तरिक जीवनको चित्रण गरिएको छ ।

### ४.५.१.७ शीर्षक सार्थकता

यस कथाको शीर्षक 'अरुको दशै धनीप्रसादको दशा' रहेको छ । शीर्षकबाटै समथिङको कथाले स्पष्ट भाव व्यक्त गर्छ । शीर्षकले नै कथा कस्तो छ भन्ने कुरा थाहा पाउन सकिन्छ । यस कथामा अरुको दशैँ रमाइलोसंग, राम्रो लुगा लगाएर, मीठो खाएर र रमाइलो गरेर खुसीका साथमा मनाउछन् । तर धनीप्रसादको लागि भने दशैँ दशा बनेर आएको छ । दशैले गर्दा धनीप्रसादको परिवारमा धेरै दुःख हुने निश्चित छ । ऋण तिर्न र परिवार चलाउन निकै कठिन हुने, लिएको ऋण पनि तिर्न नसकेर साँवा र ब्याज बड्दै जाने हुनाले धनी प्रसादको दशैं चाही दशामा साबित रहेको छ । त्यसैले यो अरुको दशैं धनीप्रसादको दशा कथाको शिर्षक सार्थक रहेको छ ।

### ४.५.२ रचना विधानका आधारमा 'अरुको दशैं धनीप्रसादको दशा' कथाको अध्ययन

यस कथालाई पनि रचनाविधानको आधारमा कथालाई विभिन्न भागमा विभाजन गरी अध्ययन गरिएको छ । जसको विश्लेषण निम्न अनुसार गरिएको छ ।

#### ४.५.२.१ रुचीक्षेत्र

गरीवीको कारण दशै जस्तो महान चाडमा समेत मीठो खान र राम्रो लगाउन कठीन भएपछि ऋण लिएको त्यसका कारण दशै धनीप्रसादका लागि दशा बन्न पुगेको कार्य नै यस कथाको मुख्य रुचिक्षेत्र हो । सामाजिक संस्कार चालचलन, रितिरिवाजलाई मान्दै धेरै छोरी जन्माइ ठूलो परिवार वनेको छ । परिवार ठूलो भएपछि दैनिक आवश्यक सामग्रीको जोहो गर्न निकै कठिन पर्दछ । बालवालिकाको इच्छा आकाक्षालाई समेत पूरा गर्न सकिदैन । बालवालिकाको इच्छाआकाक्षालाई थोरै भएपनि मन थमाउन साहुकहाँ गएर ऋण लिन धनीप्रसादको बाध्यतालाई समेत रुचिक्षेत्र बनाएको छ । सानो र सुखी परिवार बनाउन थोरै सन्तान जन्माउनु पर्ने हुन्छ र कुनै पनि काम गर्दा देखासिकी गर्नु भन्दा आफै विचार पुऱ्याएर गर्नु पर्दछ भन्ने अभिव्यक्तिलाई समेत यस कथाको रुचिक्षेत्र बनाइएको छ ।

#### ४.५.२.२ रीतिक्षेत्र

यस कथामा सामाजिक यथार्थवादलाई मुख्य रीतिक्षेत्र बनाएको छ । यहाँ समाजिक संस्कारलाई पछ्याउदै मरेपछि काजक्रिया गर्न छोरा नै चाहिने मान्यतालाई प्रस्तुत गरिएको छ । छोराको चाहनामा धेरै छोरी भएपनि निरन्तर बच्चा जन्माइ रहनु सामाजिक यथार्थ हो । त्यस्तै धेरै सन्तान भएपछि खान लाउनको समस्या हुने गर्दछ । जसको कारण धेरै दुःख गरेर जीवन निर्वाह गर्नु पर्ने वाध्यता हुन्छ । दशै जस्तो महान चाडमा समेत अभावका कारण साहुवाट ऋण खोजी झन् ऋणको भारी बोक्नु पर्ने अवस्था छ । यसैलाई यस कथाको रीतिक्षेत्र बनाइएको छ ।

#### ४.५.२.३ सारवस्तु

गरीब परिवारमा हुर्किएको धनीप्रसाद नाममा धनी भए पनि उसको अवस्था अत्यन्त नाजुक रहेको छ । परिवारमा बाह्रजना छोराछोरी, आमा बाबु, गरी चौध जना सदस्य भएकोले सधै खान लाउन अभाव भइरहन्छ । दशैको बेला सबैका घरमा नयाँ लुगा, मीठो खाने कुरा, ठूलो खसी आएपनि धनीप्रसादको घरमा भने आउँदैनथ्यो । जसले बालमनोविज्ञानमा समेत असर परिरहेको थियो । धनी र गरीव बीचको भेदभावलाई प्रष्ट रूपमा देखाइरहेको थियो । परिवारको एक्लो छोरो धनीप्रसादले थोरै भए पनि पढ्ने अवसर पाएको छ । घरमा बाबु आमा बुढा बुढी हुदै गएपछि धनीप्रसादले विवाह गर्छ र

उसको पनि सन्तान जन्मन्छ । छोराको चाहना गर्दागर्दै सात छोरी जन्माएको धनीप्रसादको आफ्नो जीवन कठीन भइरहेको छ । परिवारको दैनिक गुजारा चलाउन निकै धौ-धौ भए पछि छर, छिमेकमा गएर वनी वुत्तो गरी ल्याएको थोरै वनीले जीवन चलाइरहेको थियो । दशैमा मीठो खान र राम्रो नाना लगाउने परिवारमा सबै सदस्यहरूको सपना अधुरै रहेको छ । बर्ष दिनमा आएको दशैं चाड मनाउन र साना साना नानीहरूको आग्रहलाई पूरा गर्न साहु कहाँ गएर दूई हजार लिएको छ । जसले दशैको लागि केही आवश्यक सामग्री किन्छ । त्यो ऋण तिर्न धनीप्रसादलाई निकै गाह्रो पर्दछ । ऋण तिर्न खोज्दा परिवार भोको हुने ऋण नतिर्दा साहुको गाली खानु पर्ने हुनाले निकै दुःख पाएको छ । त्यसैले धनीप्रसादको घरमा दशै होइन दशा मात्र आएको छ । यसैलाई यस कथाको सारवस्तु लिन सकिन्छ । अभावमा जन्मिएको मान्छेले अभावमा नै बाँच्नु पर्ने सामाजिक चलन रहेको पाइन्छ अरुको देखासिकी गर्नु राम्रो होइन । सही कार्यको सिको गरे पनि खराव कार्यको सिको नगर्नु नै उत्तम हुन्छ । ऋणको भारी बोकेर दुख झेल्नु भन्दा नमिठै भएपनि खाई सन्तुष्ट हुन सिक्नु पर्दछ ।

### ४.५.२.४ कथानक ढाँचा

यस कथाको कथानक ढाँचा रैखिक रहेको छ । कथा निश्चित र योजनावद्ध रूपमा प्रस्तुत भएको छ । यहाँ आदि भागमा कथानकको उठान, मध्य भागमा कथानकको विकाश दिइएको छ । त्यसैले यस कथामा कथानक आदि, मध्य र अन्त्यको क्रममा विकास भएको छ ।

यस कथाको प्रमुख पात्रको रूपमा धनीप्रसादलाई लिइएको छ । ऊ गरीव परिवारमा जन्मिएको छ । अभावको सामना गर्दै बाँचिरहेको छ । अभावसंगै कठीन संघर्ष गरिरहेको छ । गरीव हुनु, नामका धनी हुनु, बाबु आमाले गरेर केही खानेकुरा ल्याउनु, छोराको खोजी गर्दै बाह्र जना सन्तान जन्मनु, सम्पतिको नाममा तीन गह्रा पाखावारी मात्र हुनु, बारीमा उत्पादित अन्नले एक महिना मात्र खान पुग्नु, दशै आउनु, धनीप्रसादको घरमा केही खाने कुरा नआउनु, दिदी बहिनी विवाह गरेर गएपछि धनीप्रसादले पनि विहे गर्नु आमाको मृत्यु हुन, काजक्रिया गर्दा ऋण खोजेर ल्याउनु, सात सन्तान जन्मनु, फेरी आउनु बालवच्चाले राम्रो नाना मीठो खानाको माग गर्नु, साहुकामा जानु, दुई हजार ऋण लिनु, दशैको समान किनेर ल्याउनु, ऋण तिर्न गाह्रो पर्नु, दशैले ऋण बोकाएर जानु आदि घटनाक्रमहरू क्रमिक रूपमा विकाश हुदै गइरहेको छ । जसले गर्दा कथा रैखिक रूपमा योजनावद्ध ढंगले कथानक प्रस्तुत गरिएको छ ।

यस कथामा दृश्यात्मक संक्षेप पद्धतीको प्रयोग गरिएको छ । दृश्य योजना हुनका साथै उचित स्थानमा वर्णनको पनि उपयोग गरिएको छ । छरछिमेकी, धनीप्रसादको पारिवारिक अवस्था वनीवुत्तोको स्थान, परिणाम, छोरा छोरीको अवस्था दशैंको परिणाम, सामाजिक संस्कार, धनी गरीब बीचमा हुने विभेद आदिको वर्णन गर्दा विभिन्न दृश्यहरूको संयोजन गरिएको छ । कथानक क्रमिक रूपमा विकाश गराउन ठाउँ ठाउँमा संक्षेपात्मक पद्धतिको समेत उपयोग गरिएको छ । यसरी यस कथामा दृश्यात्मक पद्धतीको बढी प्रयोग र संक्षेप पद्धतीको केही कम मात्रामा प्रयोग गरिएको छ ।

### ४.५.२.५ अर्थ सापेक्ष

"अरुको दशै धनीप्रसादको दशा" कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ । गरीवका घरमा दशै आउने वित्तिकै छटपटाउनु पर्ने हुन्छ । गाउँ घरमा सबैले दशैको सामानको किनमेल गर्न थालेपछि बाववालिकाले आफ्नो घरमा समेत त्यस्तै हुनु पर्ने चाहना राख्दछन् । अरुको जती गर्न नसके पनि थोरै मात्रामा मात्रै भएपनि समानको जोहो गर्नु पर्ने हुन्छ । जसका लागि आवश्यक पैसा पाउन साहुकामा चर्को व्याजमा ऋण लिनु पर्ने हुन्छ । ऋणकै कारणले धेरैका परिवार वनीवास हुनुपर्ने बाध्यता रहेको छ । त्यसैले यस कथाको अर्थ सापेक्षता आभिधात्मक अर्थको कोटीमा कलात्मक ढंगले व्यक्त गरिएको छ ।

### ४.५.२.६ रुपविन्यास पक्ष

आयो दशै ढोल बजाई, गयो दशै ऋण बोकाइ भन्ने उखानलाई चरितार्थ गराउन यस कथाको निर्माण भएको पाइन्छ । त्यस्तै 'घाटी हेरी हाड निल्नु पर्छ' भन्ने उखानलाई समेत हुबहु उतार्न सफल देखिन्छ । दशैले धेरैको घरमा जोसका साथमा आएर ठूलो ऋण बोकाई जाने गरेको पाइन्छ । उठिवास लागेको र सामाजिक साँस्कृतिक परम्पराले मानव जीवनमा परेको यथार्थ घटनालाई यस कथामा कलात्मक ढंगले प्रस्तुत गरिएको छ । यहाँ मानवीय पिडालाई कथाको माध्यमबाट पाठक समक्ष पुऱ्याउन सफल भएका छन् । कथानक भने आदि मध्य र अन्त्यको क्रमममा समृद्ध पक्षलाई जोड दिएको छ । उखान टुक्काको प्रयोग गरिएको छ । व्याङ्ग्य त्यति पाइन्न । कथानक सरल र सहज भाषा प्रयोग गरिएको छ । कथानाक कथ्य भाषामा समेत प्रयोग भएको पाइन्छ ।

## ४.६ 'खाइस केरा ! हर्के विदेश गएर !' कथाको विश्लेषण मूल्याङ्कन

रामप्रकाश समथिङको मान्छेको पिडा कथा संग्रहमका संग्रहित छैठौ अर्थात अन्तिम कथाको रूपमा "खाइस केरा ! हर्के विदेश गएर ! शीर्षकको कथालाई राखिएको छ । गरीव र धेरै सन्तानको जेठो छोराको रूपमा हर्केको यस धर्तीमा पदार्पण भएको थियो । हाम्रा सामजमा गरीवीको कारण ऋण खोजेरै भएपनि पैसा कमाउन विदेश जानु पर्ने बाध्यता छ भने अर्केतिर विदेशिएका नेपाली युवाका श्रीमतीहरू भने पैसामा मत्तिएर मोजमस्ती साथ अर्के केटासंग विहे गरेर भाग्ने प्रवृत्ति बढेर गएको पाइन्छ । त्यसैले गर्दा समाजमा विकृति र विसंगति बढ्दै गएको पाइन्छ । जसले गर्दा सम्पन्न परिवारकामा आँच आएको पाइन्छ । कथामा मुख्य पात्रको रूपमा हर्के र उसकै श्रीमती हरीकला रहेका छन् । आमा, भाई बहिनी, छोरा, गजानन्द, राम, श्याम, सुपरभाइजर आदि पात्रहरूको उपस्थिति यस कथाको विकास भएको छ । यस कथालाई यहाँ विविध सन्दर्भमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ४.६.१ संरचना पक्षको आधारमा खाइस केरा ! हर्के विदेश गएर ! कथाको विवेचना

यस कथामा पात्रकै चरित्रलाई नै प्रमुख रूपमा उपस्थित गरिएको छ । सामाजिक रूपमा कमजोर आर्थिक अवस्थालाई सुधार गर्न अनेक किसिमका संघर्ष गर्नु पर्ने बाध्यता हामी बीच रहेको छ । यसले समाजमा विकृति र विसंगतिलाई पनि भित्राउदै गइरहेको छ । श्रीमान् विदेशमा कठीन काम गर्ने तर श्रीमती भने घरमा मोजमस्ती गरेर हिड्ने प्रवृति दिन प्रतिदिन मौलाउदै गइरहेको छ ।

संरचना पक्षको विभाजनलाई नियाल्दा समथिङको यस कथा संग्रहमा सबैभन्दा लामो कथा नै 'खाइस केरा ! हर्के विदेश गएर !' लाई लिन सकिन्छ । यो कथा ३३ पृष्ठको बाह्य संरचनामा संरचित छ । यस कथामा लामा छोटा गरी ५९ वटा अनुच्छेद रहेका छन् । यो कथा लामो भएपनि पढ्नमा मिठास नै पाइन्छ । एक पछि अर्को घटनाको कौतुहलता पाठकलाई भइ नै रहन्छ । यस कथामा पनि कथानक केही क्षिण भएपनि चरित्र चित्रणमा नै केन्द्रित भएको पाइन्छ । यस कथामा हर्केको जीवनमा आएको मीठो सपनालाई सार्थक बनाउन जीवनलाई प्रारम्भ विकाश, उत्कर्ष र चरम यथार्थलाई संगठित रूपमा संयोजन गरिएको छ । सुरुमा कमाएर आर्थिक अवस्था, पछि केही सुधार र अन्त्यमा आफ्नो श्रीमतीको कारण बनाएर यस कथाको संरचना अडेको छ ।

### ४.६.१.१ कथावस्तु

हर्के गरीव र दुर्गम गाउँमा जन्मेको एक युवक हो । उसको आर्थिक अवस्था कमजोर छ । पैसा नभए पनि सन्तानमा भने ऊ धनी छ । गरिव भएपनि सात कक्षासम्म अध्ययन गरेको थियो । दैनिक गुजारा चलाउन अर्काको घरमा खेतला जानु पर्ने बाध्यता उसको परिवारमा छ । घरको जेठो छोरा भएकोले हर्केले हरीकलासँग विवाह गरेको छ । छोरा जन्मिएपछि हर्केको घरमा तेह्र जनाको परिवार हुन्छ । छोराको उमेर तीन वर्ष पुगेपछि हर्के ससुराली जाने क्रममा हरीकलासंग विदेश गएर धेरै कमाउने र सु:खी जीवन बिताउने सपनाका कुराहरू गर्दै हर्केको ससुरालीमा पुग्छन् । त्यहाँ पनि विदेश जाने कुरा गरेपछि ससुराले समेत विदेश जाने केटाको श्रीमती धेरै बिग्रिएको जानकारी दिएका थिए । त्यसैले विदेश नपठाउने सोचाइ भए पनि ज्वाई छोरीले सम्झाएर मनाउछन् । ससुरालीवाट घर फर्किएर आफ्नो परिवारमा समेत विदेश जाने कुरा गर्दछ । हर्केको कुरालाई मानेर विदेश जानका लागि ऋण खोज्न गजानन्द साहुकहाँ पुग्छ । त्यहाँ साहुले हर्केको बाबुलाई बोलाएर उसको घर खेत बन्धकी राखेर पैसा दिने निर्णयमा पुग्छ । सोही कुरालाई स्विकारेर गजानन्द साहुले छोरा रामको माध्यमबाट विदेश जाने निश्चित हुन्छ । गजानन्द साहुको एक लाख दिने सर्तमा बाबुको नाममा तमसुक गर्‍यो । त्यसपछि नागरिकता र पासपोर्ट सदरमुकाम गएर बनाउदछ । घर खेत बन्धकीमा राखेर पैसा लिएपछि अरु घरका सदस्यहरू चिन्तित भएपनि हर्केले सबैलाई सम्झायो । २४ बर्षीय हर्के विदेश जाने निश्चित भएपछि जगानन्द साहुले छोरा रामलाई फोन गरी जानकारी दिएर प्रक्रिया सुरु गर्न छोरालाई अनुरोध गर्‍यो । आफ्नो दिनमा सुधार आउने सपना देखेर मन मनै सबै खुसी हुन्छन् । एक महिनापछि भिषा आएपछि

परिवारमा सबै खुसी भए । त्यसपछि हर्के विदेश जान काठमाण्डौं पुगेपछि रामसंग भेट भएर रमाइलोसंग काठमाडौं घुम्छन् । विदेश जाने क्रममा हर्केलाई रामले धेरै सम्झाएर पठाएको छ । विदेश पुगेर सकुसल रूपमा काम गर्न थाल्छ । धेरै दु:ख गरेर काम गर्दै पैसा कमाउँछ । ८ घण्टाका सट्टामा हर्के १८ घण्टासम्म काम गर्छ । घरमा पनि निरन्तर रूपमा सम्पर्क गरिरहन्छ । कमाएको पैसा घर परिवारका लागि पनि खर्च पठाई रहन्छ । उता विदेशमा हर्केले दुख गरेर काम गरिरहन्छ । तर घर पठाएको पैसाको सदुपयोग हुन नसक्दा खेर मात्र गइरहेको छ । साहुको ऋण तिर्न सकिएको छैन । श्रीमती हरीकलाको दिनहरू भने फेरिदैं गइरहेको पाइन्छ । उनी घर परिवारमा सानो सानो निहुलाई ठूलो बनाई झगडा गर्नतिर लागेको पाइन्छ । हर्केले पठाएको पैसाले मोवाइल किनेपछि त झन् हरीकलाको बाहिरी मान्छे पनि सम्पर्कमा बढ्दै जान्छ । जसले अनैतिक कार्य गर्न पनि पछि पर्दैन । सो कुराको जानकारी हर्केको वाले कुरा गर्दा उल्टै हर्केले बाबु आमाले बुहारीलाई निकाल्न खोजेको भनी आरोप लगाउँछन् । सो निहुबाट हरीकलाले घरमा रडाको मच्चाउन पुग्छिन् र उनी सदरमुकाममा छोरालाई लिएर उतै बस्ने निर्णय गर्छिन् ।

हरीकला र छोरा फिदिममा बस्न थालेको जानकारी दिएपछि पैसा पठाइ दिन आग्रह गर्दछे । सो आग्रहलाई हर्केले समेत मान्दै पैसा पठाउदै गएको छ । तर बुवालाई भने पैसा पठाउन छोडिसकेको छ । गाउँकै श्यामेसंग हरीकलाको फोनमा निरन्तर सम्पर्क भइरहन्छ । त्यो हल्ला वावुले हर्केलाई फोन गरेर सुनाउदा विश्वास नगरी फोन राखिदिन्छ । यसले गर्दा बावु समेत निकै चिन्तित भएको छन् ।

गाउँ छोडेर शहर बस्न थालेपछि हरीकलाले आफ्नो प्रेमी श्यामेलाई पनि शहरमा नै बोलाउछे । श्यामेका लागि आवश्यक खर्च, खाने कुरा, आदि समेतको हरीकलाले नै व्यवस्था गर्दै आएकी छे । टन्न मासु र रक्सी सेवन गरी संगै सुत्ने र शारिरीक सम्पर्क गरि मस्ति गर्दछन् र उता श्रीमान्लाई भने यौन चाहनाले उग्ररूप लिएको कुरा व्यक्त गर्दछिन् । दुई लाखमा चार आनी घडेरी वाटोले छोएको ठाउँमा पाएको र त्यो जग्गा किन्न भनी पैसा झिकाउछे । हर्केले बाबुले लिएको ऋण तिर्न आग्रह गर्दा पनि हरीकला नमानेर घडेरी नै किन्नु पर्ने कुरामा अडान राख्छिन् । सोही कुरालाई साथ दिएर साथीसंग पैसा सापट मागेर पठाउछन् । त्यो पैसाले जग्गा किन्नुको सट्टामा विभिन्न स्थानमा श्यामे र हरीकला घुम्दै मोजमस्ती गरेरै सक्छे । तर हर्केलाई पूर्ण विश्वस्त छ । दु:ख गरेर साथीहरूको ऋण तिर्छ ।

हर्के घर फर्कदा हरीकला भने श्यामेसंग विवाह गरेर भागिसकेकी हुन्छे । छोरालाई माइतमा लगेर छोड्छे । हर्केको डरले उनीहरू त्यो शहर छोडेर अन्यत्र जान्छन् । हर्के फिदिम आएर हरीकला बसेको घरमा पनि हरीकला नभएपछि हर्के ससुराली जान्छ । त्यहाँ छोरा मात्र पाउँछ । सबै छक्क पर्छन् । फेरी शहर आएर डेरा फोरी घरमा नै लैजान्छ । श्यामेको वारेमा खोजी गर्दा ऊ पनि घर छोडेर हिडेको कुरा थाहा पाएपछि मात्र हरीकलाले हर्केलाई धोका दिएर अर्केसंग पोइला गएकी छे ।

आफ्ना बावुआमाभन्दा श्रीमती हरीकलाको विश्वास गरेको हुनाले हर्के बर्वाद बन्न पुगेको छ । उता हर्के विदेश जाँदा लिएको ऋण तिर्न नसक्दा पाखो बारी पनि गजानन्द साहुले लगिदिने भयो । ऋण तिर्ने केही उपाय नभए पछि हर्केको जिन्दगी बर्बाद बन्न पुगेको छ ।

हरेक कार्य गर्न पैसाको आवश्यकता पर्दछ । पैसा विनाको जीवन पुरुषका लागि निकै कठीन बन्छ । तर महिलाको लागि भने पैसा भन्दा पनि आफ्नो इच्छा, आकाक्षा र यौन सन्तुष्टिलाई नै प्राथमिकता दिइरहेको पाइन्छ । पुरुष विदेश जाने र महिलाहरू पैसाको आडमा बसेर मस्ती गर्ने चलनले समाजमा सुन्दर र मऱ्यादित परिवारमा समेत बेमेलको अवस्था आई विछोडको पीडा सहेर बस्नु पर्ने अवस्थालाई कथामा कलात्मक  ढंगले प्रस्तुत गरिएको छ ।

## ४.६.१.२ पात्र विधान

यस कथाको मुख्य पात्रका रूपमा धने र हरीकलालाई लिन सकिन्छ । उनीहरूको जीवनको सेरोफेरोलाई आधार बनाएको  छ । सामाजिक यथार्थलाई प्रष्ट रूपमा कथाको माध्यमवाट देखाइएको छ । यस कथामा आएको कथानक भन्दा पनि पात्र विधानलाई प्रभावकारी रूपमा देखाउन खोजिएको छ । यस कथामा उठान गरिएका समस्याहरूको समाधान गर्नका लागि समाजको आन्तरिक जीवन जगत्का पक्षहरूलाई  खुलाउन, विश्लेषण गर्न,  तिव्र  यौन चाहनालाई वर्णन गर्न र समाजमा घट्ने घटनाहरूको चित्रण गर्न बढी केन्द्रित भएको पाइन्छ । गरीवीको कारणले आन्तरिक रोजगारीको अभावले गर्दा लाखौ नेपाली युवाहरूले विदेशी भूमिमा पसिना वगाउन जानु पर्ने बाध्यता छ भने आफ्नो इच्छा आकाक्षालाई पैसाले मात्र पूरा गर्न नसकेपछि धेरै विदेशिएका युवाका श्रीमतीहरू  मोजमस्तिमा व्यस्त हुन पुगेको पाइन्छ । यहाँ नेपाली युवाको संघर्ष र महिलाको यौन उन्मातलाई चित्रण गर्न खोजिएको छ ।

यस कथामा रहेको पात्रीय भूमिकाका रूपमा प्रमुख पात्र हर्के र  हरिकलालाई उपयोग गरिएको छ । सहायक पात्रको रूपमा हर्केको बाबु गजानन्द साहु, श्यामे, आदि रहेका छन् । त्यस्तै गौण पात्रहरूमा हर्केकी आमा राम, भाई बहिनी, ससुरा, सासु, वकिल, सुपरभाइजर, छोरा, होटल वला आदि रहेको पाइन्छ । यस कथामा प्रयोग भएका पात्रहरुलाई तीन भागमा विभाजन गरी पात्रहरूको सामान्य परिचय प्रस्तुत गरिएको छ ।

### ) प्रमुख पात्र

**हर्के**

यस कथाको प्रमुख पात्रको  रूपमा हर्केलाई प्रस्तुत गरिएको छ । वास्तविक नाम हर्कबहादुर भएपनि उसलाई  सबैले हेपेर हर्के भनेर बोलाउने गरेको छन् । सरल, इमान्दार  र कर्मठ व्यक्तिका रूपमा हर्केलाई चिनिन्छ । अरुको कुरामा झट्ट विश्वास गर्ने खालको छ । पारिवारको जेठो छोरा भएकोले अन्य सदस्यका लालनपालनमा वनीवुत्तो गरेरै भएपनि  सहयोग गर्नु पर्दथ्यो ।  सँघर्ष गरेरै

भएपनि सात कक्षासम्म पढेर साधारण शिक्षित बनेको थियो । अरुको कुरामा भन्दा पनि श्रीमतीको कुरालाई धेरै विश्वास गर्दछ । श्रीमतीकै सल्लाह अनुसार ऋण खोजेर भए पनि विदेश जान तयार हुन्छ । हर्के सधै आफ्नो र परिवारको भविष्यका वारेमा चिन्तित भइरहने व्यक्ति हो । साहुसंग घर खेत बन्दकी राखेर विदेशी भूमिमा रोजगारका लागि जान्छ । कर्मठ व्यक्ति भएकैले आठ घण्टाको सट्टामा अठार घण्टासम्म दुःख गरेर पैसा कमाउछ । दुःख गरेर घरमा पठाएको पैसाले फजुल खर्च गरेरै सखाव पारिदिन्छ । उसको पसिनाको मूल्यलाई अरुले बुझ्न सक्दैनन् । त्यसैले साहुवाट लिएको ऋण तिर्न सकिरहेको हुदैन । दुःख गरी कमाएको सम्पतिलाई ऊ धेरै माया गर्छ । खाइ नखाइ भए पनि घर परिवारलाई सुख साथ राख्न खोजिरहन्छ । समय क्रमसंगै आफनी श्रीमती हरीकलाको कुरालाई विश्वास गरेर आफ्ना प्यारा बाबुआमालाई समेत संकाको दृष्टिमा हेर्न पुग्दछ तर त्यो यथार्थमा असत्य सावित हुन्छ । दुःख गरेर कमाएर पठाएको पैसा हरिकलाले मोजमस्तिमा सकेकी र अरुसंग हिमचिम बढाएको कुरालाई हर्केले कहिल्यै बुझ्न सकेन । सोही कारणले गर्दा आफ्नी श्रीमती ऊ आउनु भन्दा अगाडि भागेर अर्के केटासंग गएकी छे । हरिकलाको यौन चाहनालाई बुझ्न सकेको छैन । त्यसैले पनि हर्के दुःखको भुमरीमा फस्दै गएको छ । लामो समयसम्म विदेशमा बसेर कमाएको पैसा श्रीमतीले सबै मोजमस्ति गर्दै स्वाहा पारेकी छे जसले गर्दा हर्केको सपना अधुरै रहेको छ । बन्दकी राखेको पाखोवारी पनि साहुको हातमा पुगेको छ । वेलैमा बुद्धी नपुऱ्याई श्रीमतीको बढी विश्वास गरेकै कारण हर्केको जीन्दगीमा अन्धकारले छाएको छ ।

**हरीकला**

हर्केकी श्रीमती हरीकलालाई प्रमुख पात्रको रूपमा लिइएको छ । उनी अत्यन्तै राम्री देखिन्छिन् । उनलाई देख्ने सबैले मन पराउछन् । सुरुमा उनी इमान्दार र कर्मठ व्यक्तिको रूपमा देखापरेकी छिन् । आफ्नो आर्थिक अवस्था कमजोर भएको देखेर पैसा कमाउनका लागि श्रीमान्लाई विदेश पठाएकी छिन् । हर्के गएपछि सुरुमा परिवारसँग मिलेर वसेको पाइन्छ । पछिल्लो समयमा जव हरीकलाको हातमा मोवाइल पर्छ । तव उनको बाहिरी मान्छेहरूसंग सम्पर्क बढ्दै जान्छ । पठाएको पैसा पनि मोजमस्ति गर्न थाल्दछ । श्रीमान्ले पठाएको पैसाले घुम्न, मोजमस्ति गर्न, केटालाई खुवाउन मात्र प्रयोग गरेकी छिन् । यौन उग्रताको प्रतिकका रूपमा हरिकलालाई लिइन्छ । श्रीमान्वाट छुट्टिएपछि आफ्नो यौन चाहना पूरा हुन नसकेपछि अन्य केटासँग लाग्ने गर्दछिन् । गतिशील भएर अरुको राम्रै भनाइलाई समेत नकारेर मुखमा चिप्लोपना भए पनि व्यवहारमा खरावी आएको छ । यस कथामा हरीकलाको सुरुमा अनुकुल देखिए पनि मूलतः उनको भूमिका प्रतिकुल नै देखिन्छ अर्काको कमाइमा आफूमात्र नभई आफूले मन पराएको सबैलाई पाल्न खोज्ने व्यवहारले उनी आलोचित भएकी छिन् । यहाँ आफै गल्ती गरेपनि उनी पानी माथिको ओभाव बन्न खोजिरहेकी छिन् । यहाँ उनी खराव पात्रको रूपमा देखापरेकी छिन् ।

) **सहायक पात्र**

**बाबु**

यस कथाको प्रमुख पात्र हर्केको बाबु र हरीकलाको ससुराको रूपमा बाबु आएका छन् । शुरुमा छोरालाई विदेश पठाउन इन्कार गरेपनि पछि मानेका छन् । यस कथामा ऊ सहयोगी पात्रको रूपमा आएका छन् । ऊ छोरा र बुहारीलाई विग्रनवाट जोगाउन निरन्तर प्रयास गरिरहे पनि उसको कुरालाई मानेका छैनन् । यहाँ इमान्दार पात्रको रूपमा चिनिएको छ । आफ्नी बुहारीलाई हरेक कुरामा साथ दिदैं गए पनि त्यो मान्य भएको छैन । ऊ प्रवृत्तिका आधारमा अनुकुल स्वभावका आधारमा स्थिर रहेको छ । ऊ सहयोगी कर्मठ ऋण तिर्नु भन्दा पनि पैसा मासेर छोड्ने खालको छ ।

**गजानन्द**

यस कथामा गजानन्द साहुको ठूलो भूमिका रहेको छ । हर्के विदेश जाने भएपछि उसलाई आवश्यक पर्ने सम्पूर्ण खर्च र विदेश जान गरिने सम्पूर्ण प्रक्रिया उसैको सहयोगमा बनेको छ । ऋण दिएर भएपनि गजानन्दले सहयोग गरेको छ । ऊ एकातिर सहयोगी देखिए पनि घर खेत बन्धकी राखेर मात्र पैसा दिएको छ । यस कथामा उसको सहायक भूमिका रहेको छ । गजानन्दले पैसा दिएपछि यस कथाको कथानक विकाश भएको छ । ऊ एक स्थिर पात्र हो । ऊ व्यक्तिगत हितको लागि काम गर्ने मञ्चीय र बद्ध पात्रका रूपमा चिनिन्छ ।

**श्यामे**

यस कथाको सहायक पात्रको रूपमा श्यामेलाई लिन सकिन्छ । प्रत्यक्ष रूपमा अर्काकी श्रीमती हरीकलालाई विगार्ने पात्रको रूपमा श्यामे देखिन्छ । हर्केको कमाइमा श्यामे रमाएको छ । श्यामे र हरीकला बीच अनैतिक सम्बन्ध बढ्दै गएपछि ऊ शहर कै हरीकलाको समिपमा बस्न पुग्दछ । आफै अरुलाई नविगारे पनि हरिकलाको भनाइलाई साथ दिदै गइरहेको छ । कथामा श्यामे प्रतिकुल र जीवन चेतनामा गतिशिल पात्रको रूपमा देखापरेको छ । कथामा श्यामे मञ्चीय देखिएको कथानकको विकाश श्यामेको उपस्थितले स्थान पाएको छ । अर्काको जीवन र भविष्य बर्वाद गर्न अग्रसर भएको छ ।

) **गौण पात्र**

यस कथामा उपस्थित गौण पात्रहरूको पनि निकै महत्वपूर्ण भूमिका रहेको छ । गौण पात्रहरू रामको भूमिका अविस्मणीय छ । राम विदेश पठाउने मेनपावरको व्यक्ति हो । उसैले काठमाडौंबाट हर्केलाई विदेश र कार्यको बारेमा सम्पूर्ण विवरण दिएर सम्झाएको छ । उसले हर्केलाई विदेश पठाइ काममा लगाइ दिने कार्य इमान्दारिताका साथ पूरा गरेको छ । त्यस्तै हरीकलाका आमा बाबुको पनि निकै महत्वपूर्ण भूमिका रहेको छ । उनीहरूको श्रीमान् विदेश गएपछि श्रीमान्को चर्तिकलालाई नजिकबाट देखाएका छन् । कथामा प्रयोग भएका अन्य पात्रहरू हर्केकी आमा, हरीकलाका बाबु र आमा, भाइ

बहिनी, रामेकी आमा, नेपाली साथी, सुपरभाइजर, वकिल, होटेलवला आदि रहेका छन् । यीनिहरूको आ-आफ्नो स्थानमा महत्वपूर्ण भूमिका रहेको छ ।

यस कथामा प्रयोग भएका पात्रहरूको शैली वैज्ञानिक दृष्टिले कार्य, भूमिका, प्रवृत्ति, जीवन चेतना, स्वभाव, लिङ्ग  आसन्नता, आवद्धता आदिको पात्रीय अवस्था, स्थिति र यथार्थलाई हेर्दा निम्न अनुसार तालिकामा वर्गीकृत गरेर यस कथाको पात्र विधालाई हेर्न सकिन्छ ।

**'खाइस केरा ! हर्के विदेश गएर !' को पात्र विधानगत तालिका**

| क्र. सं. | पात्र | कार्य भूमिका | प्रवृत्ति | स्भाव | जीवन चेतना | लिङ्ग | आसन्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | हर्के | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| २ | हरीकला | प्रमुख | प्रतिकूल | गतिशील | " | स्त्री | " | बद्ध |
| ३ | गजानन्द | सहायक | प्रतिकूल | स्थिर | वर्गगत | पुरुष | " | बद्ध |
| ४ | हर्केकी बाबु | सहायक | प्रतिकूल | स्थिर | " | " | " | बद्ध |
| ५ | श्यामे | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | " | " | बद्ध |
| ६ | राम | गौण | " | स्थिर | वर्गगत | " | " | बद्ध |
| ७ | सासु | " | अनुकूल | " | " | स्त्री | नेपथ्य | मुक्त |
| ८ | ससुरा | " | अनुकूल | " | " | पुरुष | मञ्चीय | बद्ध |
| ९ | भाइ वहिनी | " | " | " | व्यक्तिगत | - | " | मुक्त |
| १० | नेपाली केटो | " | अनुकूल | " | " | पुरुष | नेपथ्य | बद्ध |
| ११ | सुपरभाइजर | " | अनुकूल | " | " | पुरुष | मञ्चीय | बद्ध |
| १२ | रामेकी आमा | " | अनुकूल | " | " | स्त्री | मञ्चीय | बद्ध |
| १३ | कमला | सूच्य | " | " | " | " | नेपथ्य | मुक्त |
| १४ | वकिल | " | " | " | " | पुरुष | नेपथ्य | मुक्त |
| १५ | होटलवाला | " | " | " | " | " | नेपथ्य | मुक्त |

## ४.६.१.३ परिवेश

यस कथाको घटनाक्रम निश्चित ठाउँ र समय नभए पनि गाउँ शहर र विदेशसम्म पुगेर घुमेको छ । हर्केको जीवनमा आइपर्ने गाँस, वास, कपासको लागि निरन्तर संघर्ष गर्नु पर्ने आवश्यता छ । समाजमा रहेको विकृति र विसंगतिलाई उजागर गर्न खोजिएको छ ।

समय र परिवेशलाई हेर्ने हो भने मुख्य रूपमा  हर्के र हरीकलाको विवाहपछि हर्के विदेश गएर घर फर्कदासम्मको अवधिलाई लिएको छ । कथा धेरै ठाउँ र स्थानमा घुमेको पाइन्छ । स्थानलाई हेर्ने हो भने  हर्केको घर, खेतवारी, मेलापात गरेको स्थान, ससुराली घर, हिड्दा उपयोग  गरिएको बाटो, वोर्डिङ गजानन्दको घर, फिदिम, हुलाक, बसपार्क, टिकट काउण्टर, काठमाडौं, विमानस्थल, साउदी अरब,

फलामको काम गर्ने स्थल, इलाम, विर्तामोड, धरान, दार्जिलिङ्ग आदि स्थानमा घटाएको कार्यहरू नै यस कथाको मुख्य परिवेश बन्न पुगेको छ । घरखेत बन्धकी राखेर विदेश गई कमाएको पैसा ऋण नतिरी आफ्नी श्रीमतीलाई पठाएको छ जसले हर्के बर्बादीको खाडलमा पुगेको छ ।

### ४.६.१.५ उद्देश्य

यो कथा मूलतः नेपालमा देखिएको वेरोजगारीको समस्या हो । गाँस, वास, कपास उपलब्ध गराउन रोजगारीकै आवश्यकता पर्दछ । दिनहुँ अर्काको घरमा वनीवुत्तो गरेर परिवार पाल्न धौ-धौ परिरहेको हुन्छ जसको विकल्प वैदेशिक रोजगारी बन्न पुगेको छ । लाखौं पुरुषहरू रोजगारीको लागि लाखौ खर्च फसाएर विदेश भूमिमा पसिना बगाइरहेका छन् ।

यहाँ गरीव युवाहरू फसिए पनि यहाँका साहु महाजनहरू भने मोटाउदै गइरहेको छन् । ऋण दिएर सेवा गर्ने वा सहयोग गर्ने नाममा चर्को व्याज उठाउने गरेको छन् । राम्रा राम्रा घरखेत बन्धकी राखेर आफ्नो कब्जामा पार्न सफल भएका छन् । गरीवहरू सबैतिरवाट हेपिएर पेलिएर बस्नु पर्ने बाध्यता विद्यमान रहेको छ ।

परिवारको एक सदस्य विदेश गएर कमाउन थालेपछि अन्य सदस्यहरू पैसाको माया नै नगरी खर्च गर्न अग्रसर हुन्छन् । लिएको ऋण तिर्नु भन्दा अन्य क्षेत्रमै खर्च गर्ने गरेका छन् । जसले गर्दा ऋणको पोको बढेर झन ठूलो हुदै गइरहेको छ । जसले गर्दा ऋण तिर्न नसकी समस्याको वाटोमा पुगेको पाइन्छ ।

श्रीमान् विदेशीएपछि उनीहरूका श्रीमतीको दिनचर्यामा पनि परिवर्तन हुदै गएको छ । उनीहरूलाई पनि पैसाको अभाव भएपछि सौन्दर्यता बढाउन, मोवाइलमा गफ गर्न, जिस्किन, रमाइलो गर्न बढी व्यस्त रहेका छन् । श्रीमान्को कठीन परिश्रमलाई मोजमस्ति मै उठाउन सफल भएका छन् । यसको परिणाम परिवारमा झै-झगडाको सिर्जना भएको पाइन्छ । श्रीमान् विदेश गएपछि श्रीमतीको यौन चाहनाले उग्ररूप लिएपछि इज्जत मानसम्मन, धर्म, कर्तव्य आदि सबैलाई भूली यौन प्यास मेटाउन मै विदेशी कमाई खर्चिदै गइरहेको छ । श्रीमान् विदेश गएपछि श्रीमतीहरू परिवारवाट छुट्टिएर बजार बस्ने चाहनाले विकृति ल्याएको छ । बजार बढ्ने र शहरी वातावरणमा भुल्ने गरेर भविष्य अन्धकार बनाएको छ । उनले शहरमा बसेर खुवाएर, रमाइलो गरेर सबै पैसा थाहा नदिई सकेकी थिइन् । अन्त्यमा हर्के आउने बेलामा कसैलाई थाहा नदिई श्यामेसंग भागेर दोस्रो विवाह गरेकी छिन् । यसले गर्दा एउटा सुन्दर परिवारमा भाडँभैलो मच्चिएको छ । यसले गर्दा पैसा, घरजग्गा सबै सखाव भएको छ ।

श्रीमान् र श्रीमती बीचमा मेल हुन नसक्दा टेक्ने न समाउने हुनु पर्ने निश्चित छ । श्रीमतीको यौन चाहनालाई नियन्त्रण गर्न नसकेपछि निकै ठूलो समस्या बनाएको छ ।

### ४.६.१.६ भाषाशैली

समथिङका धेरै जसो कथामा प्रयोग गरिएको सरल, सहज र सरस भाषाशैलीको प्रयोग गरिएको छ । ग्रामीण क्षेत्रमा बस्ने सामान्य पाठकको समेत सजिलै बुझ्ने खालको पाइन्छ । कथामा पात्रको स्तर र विषयवस्तु अनुकुल भाषाको प्रयोग गरिएको छ । यस कथामा वर्णनात्मक र व्याख्यात्मक भाषाशैलीको प्रयोग गरिएको छ । यस कथामा संवादात्मक शैलीको प्रयोग गरिएको छ । यस कथामा केही अश्लिलताका दृश्यहरू पनि पाइन्छ । यस कथामा हर्के र हरीकलाको भाषामा कथ्य भाषाको समेत प्रयोग गरिएको पाइन्छ । रैखिक शैलीमा रचना गरिएको हुनाले आदि, मध्य र अन्त्यको क्रममा कथानक विकाश भएको छ । धेरै जसो स्थानमा बोलचाल र केही स्थानमा सांकेतिक भाषाको समेत प्रयोग भएको छ ।

### ४.६.१.७ शीर्षक सार्थकता

यस कथाको शीर्षक "खाइस केरा ! हर्के विदेश गएर" । रहेको छ । गरीवीका कारण नेपाली युवाहरू रोजगारका लागि विदेशी भूमिमा काम गर्न जानु परेको छ । घरमा श्रीमती, छोरा छोरी, आमा बाबु र आफन्तहरूलाई छोडेर जादा निकै समस्या आइ पर्दछ । विदेश गएर हर्केले कमाएको सम्पति सबै श्रीमती हरीकलाले सखाब पारेकी छिन् । त्यसैले हर्के विदेश गएर केरा मात्र खाएको शीर्षक दिएको छ । यस कथाको शीर्षक लक्षणात्मक अर्थको रूपमा राखिएको छ । यसको अर्थ हर्के विदेश गएर पनि विचार नपुऱ्याएकोले उसको धन सम्पति सबै अरुले नै सकेका छन् विदेश जाँदा लिएको ऋण समेत तिर्न नसकेर जग्गा समेत गुमेको छ । विदेश गएर धेरै पैसा कमाउने सपनाले हर्केको उठिवास लागेको छ । त्यसैले खाइस केरा ! हर्के विदेश गएर ! कथाको शीर्षक सार्थक रहेको छ ।

## ४.६.२. रचना विधानको आधारमा खाइस केरा ! हर्के विदेश गएर कथाको विवेचना

रचना विधानको आधारमा यस कथालाई पनि विभिन्न भागमा विभाजन गरी अध्ययन गरिएको छ । जो निम्न अनुसार रहेको छन् ।

### ४.६.२.१. रुचीक्षेत्र

समाजमा रहेको यथार्थको साथै विकृति विसंगतिलाई उजागर गदै श्रीमान् विदेश गएपछि श्रीमतीको इच्छा आकाँक्षा पैसाले पूरा हुन नसके पछि अनेक कार्य गर्न पछि नपर्ने घटनालाई नै यस कथाको रुचिक्षेत्र मानिएको छ । पारिवारिक समस्यले हर्के विदेश भएको छ । धेरै दुःख गरेर विदेशी भुमिमा काम गर्न गएको छ । पैसा देखेपछि बाबु आमा र श्रीमती बीचमा मेल हुन नसकेपछि छुट्टिएर

बसेकी हरीकला आफ्नो यौन चाहना र मोजमस्ती तिर ध्यान गए पछि परिणाम भयाबह बन्दै जान्छ । समय वित्दै गएपछि श्रीमान्को पैसामा मात्रै माया देखाएर अर्कै केटासगं पोइला गए पछि हर्के विदेश गएपछि देखिएको परिणामलाई नै यस कथाको मुख्य रुचीक्षेत्र बन्न पुगेको छ ।

### ४.६.२.२ रीतिक्षेत्र

यस कथामा वर्तमान समयमा देखापरेको समस्यालाई सामाजिक यथार्थबादको उपयोग गरिएको छ । काम गर्न विदेश जानु , घरमा पैसा पठाएपछि लवाइ खुवाइमा परिवर्तन हुनु, श्रीमती श्रीमान्लाई विर्सिएर अर्कै केटासगं विवाह गरेर जानु यस कथाको सामाजिक यथार्थ हो । यहाँ समाजमा घटेका घटनाहरूलाई जस्ताको तस्तै उतार्न खोजिएको छ ।

### ४.६.२.३ सारवस्तु

गरीव परिवारमा जन्मिएको यस कथाको प्रमुख पात्र हर्के हो । पारिवारिक स्वीकृतिमा हर्के र हरीकला बीच विवाह हुन्छ । त्यसपछि हर्केको परिवारमा एक छोरा जन्मिएपछि तेह्र जना हुन्छन् । परिवार ठूलो भएकोले हर्के विदेश जान बाध्य हुन्छ । छिमेकी गजानन्दलाई पाखोवारी बन्धकी राखेर एक लाख रूपैया लिन्छ । त्यही खर्चको जगानन्दको  छोरो रामेको माध्यमवाट विदेश जान्छ । विदेशमा हर्केले धेरै दुःख गरेर पैसा कमाउछ । आठ घण्टा काम गर्नु पर्ने ठाउँमा अठार घण्टासम्म काममा निरन्तर खटिरहन्छ । कमाएको पैसा सुरुमा बाबुलाई र पछि गएर श्रीमती हरीकलाको माग अनुसार पठाउँदै जान्छ । हर्केले पैसा पठाउन थालेपछि साहुको ऋण तिर्नुको सट्टामा घर खर्च गरेर नै सक्दै भएका थिए । ससुराले पैसा बढी खर्च गर्न नदिएपछि  परिवारमा वेमेलको अवस्था आउछ । समय वित्दै जाँदा हरीकला पनि मोवाइल किनेर बोक्ने भई फोनको माध्यमबाट अन्य व्यक्तिसंग पनि गफगाफ गर्न थाल्छे । यहाँ हरीकलालाई पैसाले मात्र सन्तुष्टि नदिने निश्चित छ । त्यसैले आफ्नो श्रीमान् घरमा नभएपछि यौन चाहनाले पनि चरम रूप लिन थालेपछि  बच्चा पढाउने र केही काम सिक्ने निहुमा फिदिम शहरतिर लाग्छे । श्रीमान्ले विदेशमा दुख गरेर कामएको पैसालाई स्वाहा पार्दै केटाहरूसंग हरीकलाको हिमचिम बढ्दै जान्छ । घर घढेरी किन्ने भनेर पैसा  पठाउन लगाउछे र त्यो पैसा मोजमस्तिमा नै खर्च गरेर सक्छे । गाउँ कै श्यामे भन्ने केटालाई  शहरमा नै बोलाएर राखेकी थिई । त्यही केटासंग घुम्ने, खाने, बस्ने, यौन सम्पर्क गरेर मोज लिने गरेकी छे । सोही कारणले हर्केको विदेशी भूमिमा कमाएको पैसा स्वाहा पारेकी छे । अन्त्यमा हर्के विदेशबाट घर फर्कने समयमा गाउँ कै केटा श्यामेसँगं पोइला जान्छे । हर्के विदेशबाट आएर हरीकलाको खोजी गर्दा काही नपाएपछि मात्र श्रीमती हरीकलाले धोका दिएको र भएको पाखोबारी पनि साहुले लगेपछि घरको न घाटको भएर जीवन बिताउन बाध्य भएको छ ।

श्रीमान् र श्रीमती एक आपसमा टाढिए पछि तन,मन,र विचार समेत परिवर्तन हुदै जाने रहेछ । महिलाको यौन चाहनाले उग्ररूप लिएपछि त्यसको सन्तुष्टि पूरा गर्न नसकेपछि पैसालाई साथ नदिई कुनै युवाको समिपमा बसिरहन खोज्छन् भन्ने भनाइलाई सार्थक पारिएको छ ।

### ४.६.२.४ कथानक ढाँचा

प्रस्तुत कथाले वर्णनात्मक शैली अपनाउदै कथानकको आदि, मध्य र अन्त्यको योजना पूरा गरेको छ। कथानकको दृष्टिले पूर्ण छ। यसको कथानक ढाँचा रैखिक रहेको छ। मानसिकताको प्रधानता र घटनाको गौणता यस कथामा फेला पर्दछ।

यस कथामा गरीबीको समस्यालाई प्रस्तुत गरिएको छ। साथै यौन मानसिकाको पनि उपयोग छ। हर्के र हरीकलाको विवाह हुनु, माईत जाँदा बाटामा विदेश जाने कुरा निस्किनु, त्यसैलाई अन्तिम निर्णय बनाउन, सबैलाई सम्झिएर विदेश जान तयार हुनु, गजानन्द साहुकोमा जानु, पाखोबारी बन्धकी राखेर पैसा ल्याउनु ,रामेले विदेश पठाउनु, हर्के विदेश पुग्नु, पैसा कमाउनु, घर खर्च पठाउनु , श्रीमतीलाई मोवाइल किनिदिनु, अन्य केटासँगं श्रीमतीको हिमचिम बढ्नु ,बाबुले थाहा पाउनु,छोरालाई भन्दा विश्वास नगर्नु , हरीकला छुट्टिनु, घर छोडेर फिदिम आउनु, श्यामेसँगंको सम्पर्क बढ्दै जानु, हरीकला र श्यामेको सम्पर्क हुनु, घुम्न जानु, मोजमस्ति गर्ने, हर्के आउने बेलामा कसैले थाहा नपाउने गरी हरीकला र श्यामे विवाह गरेर जानु, हर्के घर आएर हरीकलालाई खोज्नु, छोरा मात्र भेटाउनु, आदि घटना क्रमले नै यस कथाको  कथानक ढाँचाको निर्माण भएको छ।

यस कथामा पनि दृष्यात्मक र सक्षेपात्मक दुबै पद्धतिको उपयोग गरिएको छ। यहाँ वर्णनात्मक शैलीको समेत उपयोग गरिएको छ। यहाँ विभिन्न स्थानको दृश्य बनाएको छ। बाटोमा गरिएको गफ, साहु गजानन्द रामे,साहु गजानन्द रामे ,विदेशी भूमिका, गर्नु पर्ने काम, सांकेतिक भाषाको प्रयोग, विवाहको वर्ण, घुम्न गएको स्थान, कोठामा गरिएको कार्य, माईत गएको घटना, छोराले देखेको घटना, छरछिमेकीलाई खोज्न पढाउनु, श्यामेको बारेमा बुझ्नु जस्ता विभिन्न दृश्यहरूको संयोजन गरिएको छ। कुनै कुनै स्थानमा, संक्षेप पद्धतिको पनि उपयोग गरिएको छ।

### ४.६.२.५ अर्थ सापेक्ष

“खाइस केरा हर्के विदेश गएर” कथाको अर्थ सापेक्ष व्यँग्यात्मक रहेको छ। मान्छेले आफ्नो बुद्धि पुऱ्याएर गर्नु पर्ने कार्यलाई यहाँ प्रस्तुत गरिएको छ। यहाँ हर्के पैसा कमाउन, सुखी र सम्पन्न पारिवार बनाउने सपनाका साथ श्रीमतीको सल्लाह अनुसार नै विदेश गएको छ। विदेशमा दुःख गरेर पैसा कमाएर घरमा पढाइ दिएको छ। साहुको ऋण तिरिएको छैन। घर खर्चमानै सबै पैसा सकिदैछ। श्रीमती फिदिम आएपछि विभिन्न निहु पारेर पैसा झिकाई मौज मस्ति मै समाप्त गरेको छ। आफ्नै इच्छा  र आकाक्षालाई मात्र पूरा गर्न खर्चिएको पाइन्छ। हर्के घर फर्कदा आफ्नी प्यारी श्रीमती पनि अर्कैसंग पोइला गएकी, जग्गा समेत नकिनिएको, भएको जमिन पनि साहुले लगेको घटनालाई हेर्ने भने विदेश गएर नै हर्केले केरा खाएको कथा व्यङग्यात्मक रूपमा सार्थक देखिन्छ।

### ४.६.२.६ रुपविन्यास

यस कथामा व्यङ्ग्य भावलाई प्रस्तुत गरिएको छ । यहाँ शीर्षक समेत व्याङ्ग्यात्मक रुपमा दिइएको छ । शब्द चयन सरल किसिमका छन् । यहाँ विम्ब र प्रतिकको प्रयोग गरिएको पाइन्छ । उखान टुक्काको भने खासै प्रयोग पाइन्न । कथालाई अगाडि बढाउन सम्वृद्ध पक्षलाई नै जोड दिई क्रमवद्ध रुपमा प्रस्तुत गरिएको छ ।

★

## पाँचौ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

वि.स.२०४८ सालदेखि साहित्यिक यात्रामा पाइला चालेका रामप्रकाश समथिङसंग धेरै किसिमका अनुभव र अनुभुतिहरू छन् । विभिन्न संघ संस्थामा सक्रिय रूपमा लागि पर्ने व्यक्तिको रूपमा समथिङलाई चिनिन्छ । तिनलाई विस्तार-विस्तार साहित्यिक अभिव्यक्ति दिने प्रेरणा र प्रोत्साहन दिनु आवश्यक छ । समथिङ विनम्र, शिष्ट र उदार चरित्र भएका व्यक्ति छन् । उनलाई अन्याय, अत्याचार, शोषण, दमन र भ्रष्टचार गरी अकुत सम्पति जोडेको पटकै मन पर्दैन । त्यसैले उनले आफ्ना कृतिहरूमा यी कुराहरूलाई चित्र खिचे झैं यथार्थ प्रस्तुत गर्ने कोशिष गरेका छन् । कविता, कथा, मुक्तक, लेख, संस्मरण र अन्य थुप्रै खोजमुलक तथा अनुसन्धानमुलक कृतिहरूमा कलम चलाउने यस्ता व्यक्तिको रूपमा रामप्रकाश समथिङलाई लिइन्छ । लेखन कार्यमा निरन्तरता दिइरहने समथिङका अन्य दुई कृतिहरू तथ्याङ्कमा पाँचथर र नेपालका जनजातिहरूको मृत्यू संस्कारहरू प्रकाशोउन्मुख अवस्थामा रहेका छन् । काठमाडौ लगायत देशका चर्चित ठाउँमा बसेर आफ्नो लेखन कार्यलाई निरन्तरता दिने साहित्यिकार झैं आफ्नै गाउँ घरमा विभिन्न संघ संस्थामा काम गर्दै जनसेवामा निरन्तर खटिदै भएपनि थोरै समयलाई साहित्य लेखनमा केन्द्रित गरेर पाँचथरमा नै बसेर साहित्य लेखन र प्रकाशनका दृष्टिले कृति प्रकाशन गर्ने मध्येका प्रथम व्यक्तित्वका रूपमा समथिङलाई मान्दा कुनै फरक नपर्ला । उनका खोजमुलक र अनुसन्धानमुलक कृतिहरूले विविध विषयमा अध्ययन र अनुसन्धानकर्ताहरूलाई गतिलो श्रोतका रूपमा लिइन्छ । उनका अनुसन्धानमा विभिन्न जातजाति, भेषभुषा, समाज र संस्कृतिको अवस्था आदिको बारेमा अध्ययन गरेको पाइन्छ । अनुसन्धान क्षेत्रमा विशेष लगाव भएपनि प्रकाशित रूपमा बजारमा आएका चार वटा साहित्यिक कृतिहरू र अन्य पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरूको अध्ययन गर्दा उनी महान साहित्यकारको रूपमा समेत चिनिन सफल भएका छन् । ग्रामीण स्थानमा लुकेर रहेको प्रतिभालाई हामीले खोजेर देश विदेशसम्म समथिङलाई चिनाउनु हामी सबैको दायित्वभित्र पर्दछ । नैतिक रूपमा पतित कार्यको घृणा र मानसिक रूपमा पोख्त कार्यको प्रशंसा गर्दै लैजानु पनि आजको आवश्यकता हो र चिनाउने माध्यम पनि भएको छ । यस शोधपत्रको मूख्य विषयका रूपमा रहेको 'मान्छेको पिडा' कथा संग्रहलाई लिइएको छ । यसले समाजमा रहेको बिकृति र विसंगतिलाई टिपिएको छ । मान्छेका लागि असिमित आवस्यकताहरू रहेका छन् । जसलाई पूरा गर्न असम्भव जस्तै देखिन्छ । असम्भवसँगै सम्भावनालाई विकाश गराउँदै लैजानु पर्दछ । कथाकार समथिङका सबै कृतिहरूले सामजिक सुधारको कामना गर्दै लैजानु पर्ने कामना व्यक्त गरिएको छ । मान्छेको जीवन संघर्षशील छ । उस्ले धेरै पीडा, व्याथा सहेर बसिरहेको छ । मान्छेको पीडामा अधिकांश कथाहरू आर्थिक अवस्थाले कमजोर पात्रलाई लिइएको छ । आर्थिक अवस्था कमजोर भएपछि पुरुषहरू कामको खोजीमा देश परदेश जाने र अर्थ आर्जन गर्न प्रयासरत छन् भने महिला पात्रहरू यौन पीडाले पिडित भएका छन् । यौन चाहनाले बढी सताएपछि आफ्नो यौन आकाक्षालाई पूरा गर्न अन्य केटाहरूसँग लसपस गरेर आफ्नो श्रीमान्ले दुःख गरेर

कमाएको पैसालाई समेत स्वाहा पार्ने खालका पात्रको प्रयोग गरिएको छ । यहाँ 'म एच. आइ. भि. संक्रमित हुँ' भन्ने कथामा पुरुष यौन चाहना र साथीसंगीको लहैलहैमा लागेर पिडित व्यक्तिलाई लिइएको छ । रोग ग्रस्त भएर पनि समाजमा बाँचिरहनु पर्ने मान्छेको पीडालाई समेत देखाइएको छ । यहाँ धन सम्पत्ती नहुँदा मान्छेको मान, मर्यादा र इज्जतमा  समेत फरक परेको कुरालाई समेत कथामा देखाइएको छ ।

स्थानीय स्तरमा बसेर भए पनि कथा लेखन कार्यमा निरन्तर लागि रहेका कथाकारको कथा लेखन कार्य हाल पनि निरन्तर चलिरहेको छ । यस्ता महान कथाकार समथिङका कथाहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु आवश्यक छ । यहाँ समथिङको 'मान्छेको पिडा' कथा संग्रहको अध्ययन विश्लेषण र मूल्याङ्कन गरी कृतिभित्र रहेका विविध कुराहरूलाई बाहिर ल्याइदिएर लेखकलाई हौसला र पाठकलाई प्रेरणा प्राप्त गराउदै सकारात्मक सोचको विकास गर्न सहयोग पुऱ्याएको छ ।

उनका प्रकाशित कृतिहरू मध्येको सबैभन्दा पछिल्लो वा सोह्रौ कृतिको रूपमा 'मान्छेको पिडा' ( कथा संग्रह) लाई मानिएको छ । यस कथा संग्रहमा विविध विषय वस्तुलाई लिएर ६ वटा कथाहरू संग्रहित गरिएको छ । समथिङका उत्कृष्ट कथाहरूको संग्रालोको रूपमा 'मान्छेको पिडा' लिइन्छ । यसले समाजमा रहेको सामाजिक समस्या, पीडा, व्यथा, आँशु, रोदन आदिलाई कथाको रूपमा व्यक्त गरिएको छ । यस 'मान्छेको पिडा' को अध्ययन पश्चात मानवमा रहेको वेदनालाई पोखिदिने काम गर्दछ । यस कथा संग्रहमा मनोविज्ञानलाई प्रस्तुत गर्न र समाजको विकृति विसंगतिलाई प्रस्तुत गरिएको छ । यहाँ संगहित 'पोइला नगएर के गर्नु त' ? भन्ने  कथा यौन पीडालाई सहन नसकी पर पुरुषसँग मोजमस्ती गरी आफ्नो पतिको सम्पत्तिमा खेलवाड गरी पतित्यागसँगै पतीलाई नङ्ग्याएर आफू अन्य पुरुषसँग पोइला गएको कुरालाई देखाउन खोजको छ । यसले समाजमा आर्थिक दुरावस्था भएका पुरुष विदेश जाने र अर्थ आर्जन गर्ने गरे पनि पतिपत्नी बीचको प्रेमभाव संधैं रहन सकेको पाइन्न । 'म एच.आइ.भि. संक्रमित हुँ' म पनि आफ्नै कारणले रोगले पिडित भएपछि अनेक किसिमको पछुतो भाव देखाएको छ । 'हिजोको धने आजको धनबहादर सर' पहिला दुःख पाए पनि आफ्नो अध्ययनले पछि नाम परिवर्तन सँगै अर्थिक अवस्था पनि राम्रै हुन पुगेको घटनालाई विषयवस्तु बनाएको छ । त्यस्तै यस कथा संग्रहमा जातीय युद्धमा होमिएको देखाइ आफ्नो पुर्खादेखि मनाइदै आइरहेको चाडवाडलाई समेत मान्न नसक्ने अवस्थाको दुःख पीडालाई व्यक्त गरिएको छ । यस कथा संग्रहमा विशेषत आफ्नै कारणले आर्थिक अवस्थालाई माथी उकासी सुखी जीवनको कल्पनामा अनेक किसिमको कार्य गर्न बाध्य भएको तर सोचेजस्तो सफलता पाउन नसकेको घटनालाई बढी केन्द्रित गरिएको छ । मान्छेको पिडा कथा शीर्षक आफैले यो कथा संग्रह सुखी सम्पन्न जीवन भन्दा कठिन संघर्षशील जीवनको वर्णन गरिएको छ भन्ने अनुमान गर्न सकिन्छ । कथा संग्रह पढ्दा साँचै मानवीय पीडालाई कथाको रूपमा कथाकारले दिन सफल रहेको देखिन्छ । त्यसैले यस शोध पत्रमा पनि सोही कथालाई शीर्षकको रूपमा लिइएको छ । यसको सामाजिक, परिवारिक, पृष्ठभूमिलाई आधार विन्दु बनाइएको छ ।

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ । यस क्रममा शोधशीर्षक, उद्देश्य, समस्याकथन, शोधपत्रको औचित्य र महत्व, पूर्वकार्यको समीक्षा, सीमा, सामग्री सङ्कलन, शोधपत्रको रूपरेखा आदिका बारेमा चर्चा गरिएको छ ।

दोस्रो परिच्छेदमा सहित्यकार गुरुङ्ग रामप्रकाश समथिङको जीवनी, व्यक्तित्व र साहित्यिक यात्राको बारेमा चर्चा गरिएको छ । जसमा गुरुङ्ग रामप्रकाश समथिङको सङ्क्षिप्त जीवनी, गुरुङ्गका व्यक्तित्वका अध्ययन, उनको साहित्यिक यात्राको बारेमा चर्चा र उनका कथागत प्रवृत्तिहरुबारेमा जानकारी दिइएको छ ।

तेस्रो परिच्छेदमा कथाको सैद्धान्तिक पक्ष (पृष्ठभूमि, कथाको परिभाषा, तत्वहरु, विकासक्रम र वर्गिकरणको आधारमा) अन्तर्गत कथाको पृष्ठभूमि, कथाको परिभाषा, कथाका संरचनागत तत्वहरु जसमा कथावस्तु, चरित्रचित्रण, परिवेश, उद्देश्य, कथनपद्धति, दृष्टिबिन्दू, भाषाशैली, शीर्षकको प्रस्तुत गरिएको छ । कथाको विकासको जसमा पृष्ठभूमि, प्राथमिक काल (वि.सं. १८२७-१९५७ सम्म), माध्यमिक काल (वि.सं. १९५८-१९९१ सम्म), आधुनिक नेपाली कथाको विकासक्रम (वि.सं. १९९१-हालसम्म) रहेका छन् । आधुनिक काललाईपनि तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ  जसमा प्रथम चरण (वि.सं. १०९१-२०१९), द्वितीय चरण (वि.सं. २०२०-२०३९ सम्म), तृतीय चरण (वि.सं. २०४०-हालसम्म) आदिको चर्चा गरिएको छ । त्यस्तै कथाको वर्गीकरणको आधारमा कथा र अन्य विधाको सम्बन्धको बारेमा र कथाको विश्लेषण सिद्धान्तको समेत यस शोधपत्रमा चर्चा गरिएको छ ।

चौंथो परिच्छेदमा गुरुङ्ग रामप्रकाश समथिङको 'मान्छेको पिडा' कथा सङ्ग्रहको विस्तृत रुपमा अध्ययन, विश्लेषण गरिएको छ । यस अन्तर्गत मान्छेको पिडा कथा सङ्ग्रहको प्रथम कथाको रुपमा 'पोइला नगएर के गर्नु त ?' शीर्षकको कथाको विश्लेषण मूल्याङ्कन गरिएको छ । विभिन्न कोणबाट यस सङ्ग्रहमा सङ्गहीत कथाको छुट्टछुट्टै रुपमा विश्लेषण गरिएको छ । यहाँ विश्लेषण गरिएका कथाहरु- पोइला नगएर के गर्नु त ?, म एच.आई.भी. संक्रमित हुँ, हिजोको धने आजको धनबहादुर सर, जनयुद्ध र रामेको अधुरो सपना, अरुको दशैं धनेप्रसादको दशा र खाइस केरा ! हर्के विदेश गएर ! गरी ६ वटा कथाको अध्ययन विश्लेषण गरिएको छ ।     यहाँ प्रस्तुत गरिएका सबै कथाहरुलाई छुट्टा छुट्टै शिर्षक राखी तिनिहरुलाई पनि २ भागमा विभाजन गरि अध्ययन विश्लेषण गरिएको छ । जसमा संरचना पक्ष र रचना विधानलाई आधार बनाइएको छ । संरचना पक्षको आधारमा कथा विश्लेषण गर्दा कथाबस्तु, पत्रविधान, परिवेश, उद्देश्य, भाषशैली, दृष्टिविन्दु र शिर्षक सार्थकतामा विभाजन गरि विश्लेषण गरिएको छ । जसमा पात्र विधानलाई प्रमुख, साहयक र गौण गरि तिन भागमा विभाजन गरि कथामा खेलेको भुमिकाको आधारमा छुट्याएर विशलेषण गरिएको छ । रचना विधानको आधारमा प्रत्येक कथालाई रुचिक्षेत्र, रितिक्षेत्र, सारवस्तु, कथानक ढाँचा, अर्थसापेक्ष र रुपविन्यास पक्षमा केन्द्रित गरेर अध्ययन विश्लेषण गरिएको छ ।

पाँचौ परिच्छेद प्रस्तावित सबै परिच्छेदमा गरिएको अध्ययन र विश्लेषणको निश्कर्ष प्रस्तुत गरि प्रस्तुत शोध पत्रको अध्ययनको शिलसिलामा प्रयोग गरिएका सामाग्रीलाई सान्दर्भग्रन्थ सूचीमा समावेश गरिएको छ ।

## ५.१ सम्भवित शोधशीर्षकहरू

रामप्रसाद समथिङका विभिन्न कृतिहरूका सन्दर्भमा निम्नलिखित सम्भावित शोध शीर्षकहरू रहेका छन् :

(क) समथिङका साहित्यिक कृतिहरुको अध्ययन ।

(ख) समथिङका खोज एवं अनुसन्धानमूलक कृतिका अध्ययन ।

(ग) समथिङका काव्यकारीताको अध्ययन ।

(घ) कथाकारीताको अध्ययन ।

(ङ) समथिङका जातिय कृतिहरुको अध्ययन तथा विश्लेषण ।

## सन्दर्भसामग्री


अधिकारी, रेणुकृष्ण, **रामप्रकाश समथिङ्को जीवनी, व्यक्तिव र कृतित्व,** (अप्रकाशित शोधपत्र) धरान : म.र.ब. क्याम्पस, २०६६ ।

गैरे, इश्वरीप्रसाद, **आधुनिक नेपाली आख्यान**, त्रि.वि. किर्तिपुर : क्षितिज प्रकाशन, २०६३ ।

तावा, भवानी, **विष्फोट चौमासिक साहित्यिक पत्रिका**, (वर्ष ०३ अङ्क ०६, २०६६/०६७)

थापा, मोहन हिमांशु, **साहित्य परिचय**, (संस्करण चौथो) काठमाडौः साझा प्रकाशन, २०५० ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा), **नेपाली बृहत शव्दकोश**, काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२ ।

पूर्वेली, एकराज भण्डारी, **विष्फोट चौमासिक साहित्कि पत्रिका,** (वर्ष ०३ अङ्क ०६, २०६६/०६७)

बराल, डा. ऋषिराज र घिमिरे, कृष्णप्रसाद, **नेपाली कथा भाग ३,** पुल्चोक ललितपुर : साझा प्रकाशन, २०६१ ।

बराल, ईश्वर (सम्पा), **सहयात्री**, (संस्करण तेश्रो), काठमाडौः साझा प्रकाशन, २०३० ।

रोशनी साहित्यिक हवाइ मासिक पत्रिका वर्ष ०१, अङ्क ०१ पाँचथर फिदिमः २०५६ भदौ ।

शर्मा, केशवप्रसाद, **नेपाली कविता, नाटक र साहित्यको इतिहास**, काठमाडौः अस्मिता पव्लिकेसन २०६४ ।

शर्मा मोहनराज र दयाराम श्रेष्ठ 'सम्भव' समेत, **नेपाली साहित्यको संक्षिप्त इतिहास** (संस्करण तेश्रो), काठमाडौः साझा प्रकाशन, २०४५ ।

शर्मा, लक्ष्मी, विहानीको किरण, त्रैमासिक साहित्यिक पत्रिका (वर्ष १९, अंक ४, २०६८) ।

शर्मा मोहनराज, **शैली विज्ञान**, दो.सं., काठमाण्डौ : ने.रा.प्र.प्र., २०४९

शर्मा मोहनराज र लुइँटेल खगेन्द्रप्रसाद, **शोध विधि** (दो.स.) साझा प्रकाशन पुल्चोक ललितपुर २०५५ ।

श्रेष्ठ दयाराम, **नेपाली कथा भाग ४** (सम्पा) पुल्चोक ललितपुर : साझा प्रकाशन, २०६७

समथिङ, रामप्रकाश, **'छ सय एक सभाषद र नेपाल'**, फिदिम पाँचथरः पराजुली प्रिन्टिङ प्रेस, २०६५ ।

__________, **'पाँचथरका आदिबासी जनजातिहरु'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६६ ।

__________, **'पाँचथर शिक्षा दर्पण'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६६ ।

__________, **'प्रारम्भिक सहकारी शिक्षा'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६६ ।

__________, **'दलित जातीय लेख संग्रह'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६६ ।

__________, **'पाँचथरका माझी जाति'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६६ ।

__________, **'लभलेटरको लागि अचार'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६६ ।

__________, **'समथिङ- कविता संग्रह'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६७ ।

__________, **'विद्यार्थीको आँखामा राम्रा शिक्षक'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६७ ।

_________, **'पाँचथर, पाँचथरका स्रष्टा र उहाँहरुका प्रकाशित कृतिहरु'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६७।

_________, **'गैरसरकारी संस्था दर्ता र सञ्चालन'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६७ ।

_________, **'दलित जाति सम्बन्धी सामान्य जानकरी'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६७।

_________, **'समथिङका वितेका क्षणहरु'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६७।

_________, **'सेक्स लेख र समथिङ'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६७।

_________, **'हाम्रो सामाजिक परिचालन'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६८ ।

_________, **'मान्छेको पिडा- कथा संग्रह'**, विराटनगरः अरनीको अफसेट प्रेस, २०६९ ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली कथा**, कुपण्डोल ललितपुर : काष्ठमण्डप प्रिन्टिङ्ग प्रेस, २०५७।